CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीगणेशाय नमः

शिक्षारत्नम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिक्षारत्नम्

(अध्यात्म-विद्या-संग्रह)

लेखक

पं. श्री प्रयागदत्त पण्डित

अनुवादक

शेखरप्रसाद पण्डित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक :-

शारदाप्रसाद पण्डित

शम्भुप्रसाद पण्डित

श्रीप्रसाद पण्डित

शाक्तप्रसाद पण्डित

शक्तिप्रसाद पण्डित

शेखरप्रसाद पण्डित

सुरेन्द्रप्रसाद पण्डित

सर्वेश्वरीप्रसाद पण्डित

सर्वाधिकार :- प्रकाशकहरूमा सुरक्षित

प्रथम संस्करण :- २०५७ आषाढ, गुरु पूर्णिमा

छापिएको :- १००१

मुद्रक :- विनायक प्रेस

धोबीधारा, काठमाडौं-३३

फोन नं. : ४३४६६४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकार)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टे.फो.नं. (२-२८१८७ / २-२८७६६ / २-२८६११
फ्याक्स नं. ००९७७-१-२४०१८७

पत्र संख्या:- प्रानिस ६४४/०५६

श्री ५ महाराजाधिराजका प्रमुख निजी सचिवालय

राजदरबार,
काठमाडौं, नेपाल ।

दिनाङ्क : कात्तिक ८, २०५७

विषय:-

महोदय,

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारका जूनाफमा तपाईंले चढाउनु भएको राजपुरोहित पं. श्री प्रयागदत्त पण्डितद्वारा रचित तथा राजपुरोहित श्री शेखर प्रसाद पण्डितबाट अनुवादित "शिक्षारत्नम्" नामक पुस्तकको निमित्त मौसूफहरुबाट धन्यबाद बक्सेको व्यहोरा जानकारी गराउँदछु ।

भवदीय,

(डा. पंतबहादुर कुंवर)
श्री ५ महाराजाधिराजका प्रमुख निजी सचिव

मुख्य न्यायाधिश श्री शारदा प्रसाद पण्डित
पुनरावेदन अदालत
राजविराज ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ युवराजाधिराजका
निजी सचिवालय

टेलिफोन नं.- २२८०९५

राजदरबार

काठमाडौं, नेपाल ।

पत्र संख्या: निस।११३।०५७

मिति: २०५७।७।१३,

महोदय,

श्री ५ युवराजाधिराज सरकारका जुनाफमा तपाईंले मिति २०५७।७।१३ मा चढाई पठाउनु भएको "शिक्षारत्नम्" पुस्तकहरुको निमित्त मौसूफबाट धन्यवाद बक्सेको व्यहोरा जानकारी गराएको छु ।

भवदीय,

(सौजन्यकुमार सुल्प्या जोशी)
श्री ५ युवराजाधिराजका
सह निजी सचिव

मुख्य न्यायाधीश श्री शारदाप्रसाद पण्डित
पुनरावेदन अदालत, राजविराज ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्माननीय बडागुरूज्यू श्री केशरीराज पाण्डेको सम्मति

प्रस्तुत पुस्तक "शिक्षारत्नम्" का रचयिता श्रीप्रयागदत्तपण्डित संस्कृतपद्यरचनामा सिद्धहस्त हुनुहुन्छ । उदाहरणार्थ चौवीसौं श्लोकमा कविको कल्पना रोचक तथा तेत्तीसौं श्लोकमा बुद्धिचातुर्यले पूर्ण भएको पाइन्छ । साथ-साथै १८२ औं श्लोकमा कविले रूपकै रूपक अलङ्कारको माध्यमबाट आफ्नो काव्य निर्माण शक्तिलाई छर्लङ्ग पार्नु भएको छ । ठाउँ ठाउँमा प्रौढिको साथसाथै प्रसाद गुणको बाहुल्यता भएको पाइन्छ ।

कुनै विषयको क्रमिक वर्णन नभई आध्यात्मिक र व्यावहारिक विषयहरू संमिश्रित किसिमबाट वर्णन भएकोले यसको आफ्नै किसिमको मौलिकता छ ।

यसमा कविले नेपालका विभिन्न संस्कृतका कविहरूले चयन गरेको भण्डारमा एक बहुमूल्य रत्न थप्ने योगदान गर्नुभएको छ ।

२०५७, आषाढ
ढोकाटोल, काठमाडौं ।

केशरीराज पाण्डे
बडागुरूज्यू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दकुसुमाञ्जलिः

विद्वद्वरेण श्रीप्रयागदत्तपण्डितमहाभागेन विरचितं "शिक्षारत्नम्" सश्रद्धमवलोकितम् । वेदान्तसरणिमनुसृत्य संरचितं रत्नमिदं विशेषेणाऽऽधीतसंस्कृतविद्यानां विदुषां नवरत्नमिव कण्ठाऽऽभरणाय प्रयोज्यमानं दरीदृश्यते ।

ग्रन्थकारोऽयं मम जन्मभूमेस्तनहुँचुँदीरंघाग्रामस्य निकटे पाश्चिमभागे वर्तमानं तनहूँ सिंपानीग्रामं स्वजनुषा ऽ लंचकार । प्राथमिकीं शिक्षां स्वपितृव्याद् श्रीधरपण्डितवरात् संप्राप्य विशिष्टाध्ययनार्थां कास्कीमण्डलं जगाम । तत्र ऋषिकल्पस्य पण्डितप्रवरस्य परमश्रध्येय श्रीदीनानाथगुरोःशकासाद् व्याकरणं साहित्यं कोषञ्चाधीतवान् । नेपाल आगत्य भाग्यनद्याःप्रवाहेणेव कुलपरम्परागतस्य मूलपुरोहितपदमधिष्ठितस्य श्रीप्रयागराजपाण्डेमहाभागस्याऽऽश्रयं समासादितवान् । तेन पाण्डेमहाभागेन एतदीयां योग्यतां प्रसमीक्ष्य राजप्रासादपुरोहितपदे नियोजितः । भाग्येन पुरोहितपदे नियुक्तः स पण्डितो मूलपुरोहितं संतोषयन्राजमहिषीसमेतं पञ्चश्रीमन्महाराजाधिराज पृथ्वी वीरविक्रम शाहं तथा राजमहिषीसमेतं पञ्चश्रीमन्महाराजाधिराज त्रिभुवन वीरविक्रम शाहं एवं अन्तः पुरजनान् कर्मचारिणश्च हास्यकला चातुर्यतया संतोषयामास । किंच मम पितामहपण्डितश्रीविश्वनाथआचार्यः प्रयागदत्तस्य पुत्रीश्वशुर आसीत् । सोऽपि अर्घौस्थ श्रीदीनानाथगुरोःशकासादेवाधीतवान् । विश्वनाथ आशुकविरप्यासीत् । तस्याऽऽशुकवित्वे उदाहरणम्-एकदा काष्ठमण्डपे समागतः स राजकीयगुरूपुरोहिताभ्यां निजगृहान्तरे विशालकोष्ठे वृहद्व्यजनं लक्ष्यीकृत्य कवितारचनायां समाज्ञापितो विश्वनाथआचार्यस्तूर्णमेव पृथ्वीच्छन्दसि पद्यमेकं रचयामास । तत् पद्यमिदम्-

कथं कविवराविमौ नहि पराजयेतां जगज्जगद्विदितचारुकेसरिविरामनामान्वितौं ।
यदन्तरगृहे मुदा व्यजनकैतवान्नर्तनं हरिद् वसनसंपृता प्रकुरुते स्वयं भारती ।।

एतच्छ्रुत्वा पुरोहितः प्रयागदत्तमहाभागःसुप्रसन्नःसन् प्रकाण्डविद्वांसं सत्कृत्य च परस्पराऽऽलापान् कृतवानित्यस्माभिःश्रुतम् । श्रीप्रयागदत्तोऽकिन्चनान् विद्यार्थिनश्च यथाशक्तिसमुचितसहयोगेनोपकरोतिस्म । एवं स्वर्गीय राजगुरूः प्रा.जुननाथपण्डितमहोदयोऽपि अध्ययनकाले विभिन्नसहयोगेन उपकरोतिस्म इति स्वयं व्यनक्ति । इत्थं विभिन्नदृष्टिकोणतः समादरणीयाय ब्रह्मलीनाय श्रद्धावनतः शब्दकुसुमाञ्जलीन् समर्पयामि ।

वि.सं. २०५७ वैशाखशुक्लतृतीया ।
काष्ठमण्डप, नेपाल
दूरःस्वन-३५१९६५

दीक्षित आहिताग्निस्तीर्थराजआचार्य
चातुर्मास्ययाजी तथा सोमयाजी
अग्निहोत्रशाला, पो.ब.नं.३२४५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म.सं.वि वाल्मीकि-विद्यापीठ-वेद-वेदान्त विभागाध्यक्ष-प्राध्यापक-डा. ऋषिरामपोखरेल-प्रकटित-शुभाशंसा

सौजन्यरत्नशिखराच्छेखराल्लब्धपुस्तक : ।
संयोगाद्दैवयोगाद्वा शेखराद्वा मनीषिण : ।
मया विलोकितं शिक्षारत्नं रत्नमिवोज्ज्वलम् ॥१॥
विदुषा जन्मजातेन पण्डितोपाधिधारिणा ।
ग्रथितं नितरां रम्यं प्रयागदत्तशर्मणा ॥२॥
सिंहावलोकन्यायेन विलोक्यात्राञ्चितां श्रियम् ।
स्थालीपुलाकन्यायेन समास्वाद्य मुदान्वित : ॥३॥
कवितानन्दसरितां प्रयागतीर्थसंगताम् ।
शिरःकम्पेनसहितः सँस्तौमि कविकौशलम् ॥४॥
संसारदुःखमग्ना ये चिन्ताकश्मलिताऽऽननाः ।
तेषां मनो वपुः शान्तिसुखकैवल्यचिन्तया ॥५॥
नित्यमुद्विग्नविदुषा प्रयागदत्तशर्मणा ।
सरस्वतीं समाराध्य शिक्षारत्नचयं चितम् ॥६॥
विलोक्य मुदितं चेतो मामकं नात्र संशय ।
पद्यानां द्विशत्रैर्यत्र श्रौतो मार्गो निरापदः ॥७॥
निःश्रेयसकरः प्रोक्तो विदुषा शास्त्रचक्षुषा ।
यत्र ब्रह्म स्वरूपस्य नानात्वमेकतात्मकम् ॥८॥
अथैकताचानेकात्मरूपत्वेन प्रकाशितम् ।
सर्वात्मकत्वमीशस्यैकात्म्यं त्रिभुवनात्मता ॥९॥
त्रिदेवपञ्चदेवादि नानात्वमपि खण्डितम् ।
अथवा सर्वभूतात्मभूतरूपस्य ब्रह्मणः ॥१०॥
स्वरूपरूपरूपात्मप्रकाशोऽस्ति कृतोऽत्र हि ।
चित्रं विश्वं विचित्राणां चरितानां समागमः ॥११॥
इति मत्वा न सीदन्ति बुधा इति निदर्शनम् ।
शिक्षारत्नेनविहितं वर्तते सज्जना इह ॥१२॥
विदन्तु वेदविद्याया स्वयं लक्ष्यं सनातनम् ।
कुलजानां सतां शिक्षारत्नं रत्नचितं यथा ॥१३॥
प्रकाशनानुवादेन येषामत्र धनश्रमः ।
व्ययितं तप्परां शान्तिं सन्तोषं चावहेत्सताम् ॥१४॥
इति तच्छुभमन्विच्छन् प्रार्थयानो परात्परम् ।
ऋषिरामो विरमति शिवं स्याज्जगतां सदा ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पं. प्रयागदत्त पण्डित र उहाँको "शिक्षारत्नम्" कृति

तनहुँको ग्रामीण परिवेशमा हुर्की बढी राजपुरोहितको सम्मानित पद प्राप्त गरेर आफ्नो प्रतिभा र दक्षता प्रकट गर्न सफल पं. प्रयागदत्त पण्डितको जीवनी अनुकरणीय र प्रेरणाप्रद छ । उहाँको जीवनी अध्ययन गर्दा उहाँ एक भुक्तभोगी व्यक्तित्व हुनाको साथै शास्त्रीय प्रौढता र व्यावहारिक चतुरताका सङ्गम रहेको तथ्य छर्लङ्ग हुन्छ ।

६८ वर्षको जीवनकालमा उहाँले अन्य विषयका साथै वेदान्तदर्शनको गहिरो अध्ययन गर्नुभएको थियो । प्रस्तुत "शिक्षारत्नम्" कृतिले यस तथ्यलाई स्पष्ट प्रमाणित गरेको छ । यसमा प्रस्तुत विचार प्रत्येक प्रबुद्ध व्यक्तिका लागि मननीय देखिन्छ । सांसारिक बन्धनमा रहेर कर्म र व्यवहारमा संलग्न व्यक्तिलाई ज्ञानको अवलम्वन गरी जीवन सफल बनाउन यस कृतिले सारगर्भित शिक्षा प्रदान गरेको छ । अतएव "शिक्षारत्नम्" भन्ने कृतिको नामकरण सार्थक ठहरिन्छ ।

साहित्यिक दृष्टिले हेर्दा "शिक्षारत्नम्" मा कविताको प्रौढ परिस्कार पाइन्छ । यसभित्रका २०१ पद्यमध्ये अधिकांश पद्य लामो र जटिल मानिएको सुग्धराछन्दमा निर्दुष्ट शैलीमा रचिएका छन् । यसबाट उहाँले अरू काव्य-कविता रचेको सहजै अनुमान गर्न सकिन्छ किनभने अरू छन्दमा राम्रो अभ्यास नगरी स्रग्धराछन्दमा काव्य लेखेको उदाहरण पाइँदैन । भाषाको प्रौढि, शब्दचयनमा चतुरता, अलंकारप्रयोगमा निपुणता र घतलाग्दो अभिव्यक्ति आदि यसका विशेषता स्पष्ट औंल्याउन सकिन्छ । हेरौं एउटा उदाहरण :-

दीपश्चिद्रूपमेतद् विमलहृदजिरे तत्र बुद्धिर्नटीयं
जीवोऽयं सूत्रधारोऽखिलकरणगणा नर्तका वृत्तयोऽपि ।
नर्तक्यस्तत्र तेषामनवगतिरियं नाट्यशाला विशाला-
ऽहङ्कारो नर्तयँस्तान् सकलपरिवृढो हास्यकारी तु मोहः ॥ (१५१)

यस पद्यमा अलङ्कारको प्रयोग, शब्दचयन र व्यवहारिक दृष्टान्तको राम्रोसमन्वय पाइन्छ । तसर्थ नेपालको संस्कृतकाव्यपरम्परामा कवि पं. प्रयागदत्त पण्डितलाई ससम्मान स्थापित गर्न सकिन्छ र सुकृतिदत्त पन्त, वाणीविलास पाण्डेलगायत कविहरूको श्रृंखलामा उहाँलाई राख्न सकिन्छ । यस्तो उपयोगी कृति अनुवाद गर्ने लेखकका पनाति राजपुरोहित श्री शेखरप्रसाद पण्डित र यसलाई जनसमक्ष ल्याउने पुनरावेदन अदालत, राजविराजका मुख्य न्यायाधीश श्री शारदाप्रसाद पण्डितलगायत पं. प्रयागदत्त पण्डितका सन्ततिहरूलाई साधुवाद दिन चाहन्छु ।

-डा. माधव भट्टराई
प्राध्यापक तथा साहित्य विभागाध्यक्ष
वाल्मीकि विद्यापीठ, म.सं.वि.,
क्याम्पस प्रमुख
काठमाडौं शिक्षा क्याम्पस, रामशाहपथ

२०५७ श्रावण, गुरूपूर्णिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पं. प्रयागदत्तपण्डितको संक्षिप्त जीवनी

गण्डकी अञ्चल तनहुँ जिल्लाको तनहुसुर (प्राचीन सेनवंशी राजाको राजधानी) नजिकै अवस्थित सिंपानीगाउँमा पं. प्रयागदत्तपण्डितको जन्म वि.सं. १९११ सालमा भएको थियो । उहाँका पितामह पं.श्रीवैजनाथ पंण्डित विशिष्ट विद्वान तथा गोभक्त हुनुहुन्थ्यो । उहाँले १ वर्ष सम्म गाईलाई काम्लोमा राखी सेवा गरिने "गोसेवा व्रत" लिनुभएको थियो भन्ने सुनिन्छ । उहाँले नै आफ्ना प्रतिभाशाली नातिलाई गुरुकुल कास्कीमा पं श्रीदीनानाथ शर्मा समक्ष पठाउँनु भएको हुनाले मेधावी प्रयागदत्त पंण्डितले शीघ्र नै विद्वत्ता ग्रहण गर्नुभएको थियो । पं श्रीवैजनाथ पंण्डितका चार छोरा मध्ये जेठा हरिवंश पंण्डितका २ छोरा दुर्गादत्त र प्रयागदत्त मध्ये कान्छा प्रयागदत्त पंण्डित हुनुहुन्थ्यो ।

उहाँका बारेमा आजसम्म प्रकाशित पत्रिका तथा पुस्तकहरुमा- नेपाल संस्कृत परिषद् (२०३१) को पृष्ठ १५ मा "सचैवम् श्री ५ महाराजाधिराज पृथ्वीविरविक्रम शाहदेवस्य पौरोहित्यमाचरन् काष्ठमण्डपे न्यवात्सीत्" त्यस्तै आदि कवि भानुभक्तको सच्चा जीवनचरित्र (२०३६ लेखक कविराज पं श्रीनरनाथ आचार्य) मा "पहाडमा कृषि कार्य गर्दागर्दै छोडेर काठमाडौं आई आफ्नो विद्वत्वता र कर्मकाण्ड कुशलताका वलले अकस्मात् राजपुरोहित हुन पुगेका प्रयागदत्त पण्डित....." त्यस्तै निर्णय सिन्धुसार (२०४८लेखक पूर्वबडागुरूज्यू प्रा. श्रीजुननाथ पण्डित)मा पनि प्रयागदत्तको विशेषताको बारेमा उल्लेख गरिएको छ । वि.सं. १९६० तिर स्व. श्री ५ पृथ्वीवीर विक्रम शाहका पालमा पुरोहित वनी काठमाडौंमा नै रही १७ वर्ष (वि.सं. १९७७) सम्म राजदरवारमा पौरोहित्य काम गर्नुभयो । लक्ष्मी र सरस्वती दुवैको वरदान प्राप्त उहाँले संसारलाई असार सम्झदै यही "शिक्षारत्नम्" नामक पुस्तक लेख्नुभयो । उहाँका दुई छोराहरूमध्ये जेठा रंगनाथ पण्डित कृषि कर्मतिर लाग्नु भयो भने कान्छा गोपीनाथ पण्डित स्व. श्री ५ त्रिभुवन वीरविक्रम शाहको पूजाकोठे भई कामगर्नुभयो । रंगनाथका छोरा पं. श्रीविष्णुप्रसाद पण्डित (कर्मकाण्ड र समाज सेवी) हुनुहुन्थ्यो भने श्रीगोपीनाथ पण्डितका छोरा श्रीअम्बिकाप्रसादपण्डित न्यायसेवामा ३६ वर्षको लामो अवधिसम्म सेवा गरी जिल्ला न्यायाधीशको पदमा काम गरी निवृत्त हुनु भएको थियो । हाल प्रयागदत्तपण्डितका पनातिहरू श्री ५ को सरकारको विभिन्न पदमा कार्यरत हुनुहुन्छ । यस पुस्तकका अनुवादक लेखकका पनाति श्रीशेखरप्रसाद पण्डित राजप्रासाद सेवामा राजपुरोहितको पदमा कार्यरत हुनुहुन्छ । यस पुस्तकलाई प्रकाशमा ल्याउने लेखकका पनातिहरू श्रीशारदाप्रसाद पण्डित, (मुख्य न्यायाधीश पुनरावेदन अदालत, राजविराज), श्रीशम्भुप्रसाद पण्डित (होटल व्यवस्थापनसँग सम्बन्धित), श्री श्रीप्रसाद पण्डित (रजिष्ट्रार, सर्वोच्च अदालत), श्रीशाक्तप्रसाद पण्डित (शिक्षक), श्रीशक्तिप्रसाद पण्डित (निर्देशक, मूल्य अभिवृद्धि कर विभाग), श्रीसुरेन्द्रप्रसाद पण्डित (राजप्रासाद सेवा), श्री सर्वेश्वरीप्रसादपण्डित (मेनेजर, स्पेशल ओलम्पिक्स इन्टरनेशनल नेपाल च्याप्टर) मा कार्यरत हुनुहुन्छ । संक्षिप्तमा भन्ने हो भने पं.श्री प्रयागदत्तपण्डितले त्रितुङ्गाचलभूमि (तनहुँ) मण्डललाई विभूषित पारी वि.सं. १९७९ सालमा श्री पशुपतिनाथ समीप आर्यघाटमा "शुल्काम्बरधरं विष्णुं शशिवर्णं चतुर्भुजम्" इत्यादि जप्दै इहलीला समाप्त गरी कैवल्य प्राप्त गर्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशककको तर्फबाट

कुलगौरव हाम्रा प्रातःस्मरणीय प्रपितामह पं. श्रीप्रयागदत्त पण्डितको प्रस्तुत काव्य "शिक्षारत्नम्" प्रकाशित गर्ने सुअवसर पाउँदा म गौरवान्वित भएको छु। हामी पनातिहरूमध्येका श्रीशेखरप्रसाद पण्डितले आफ्नो क्षमता र लगनशीलताबाट यो संस्कृतको विद्वत्ग्रन्थलाई सरल नेपाली भाषामा अनुवाद गरी सबैलाई बोधगम्य हुने गराएको कार्यप्रति पनि म हर्षित भएको छु।

युवावस्थामा नै गार्हस्थ्य बन्धनमा नरही अध्ययन र ज्ञानबाट अभूतपूर्व प्रतिभा आर्जन गरेर आफ्नो प्रतिभालाई व्यापक प्रयोग गरी सबैको हितको लागि योगदान दिन काठमाडौं आउनुभएका श्रीप्रयागदत्त पण्डित डिल्लीबजार निवासी विशिष्ट विद्वान् ज्योतिषविद् श्रीविश्वनाथ शास्त्री रिमालसँग परिचित हुनुभएछ। श्री रिमालज्यूको जोडले शास्त्रार्थको परीक्षाको प्रबन्ध भई त्यसमा अभूतपूर्व सफलता प्राप्त गरेर राजपुरोहित हुनुभएको भन्ने कथन छ। स्व. श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवको पूजारी हुनुभएका उहाँकै कनिष्ठ पुत्र श्रीगोपीनाथ पण्डितले श्री रिमालज्यूसँग दीक्षा मन्त्र सुन्नुभएकोले रिमाल परिवारसँग हाम्रो सम्बन्ध रहन गएको हो।

नक्साल निवासी सितारवादक पण्डित श्रीदेवचन्द्र रेग्मीका सुपुत्र सितार वादनमा घराना कायम गरेवापत् श्री ५ इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कारबाट सम्मानित श्रीकृष्णचन्द्र रेग्मीलाई उहाँकै कनिष्ठसुपुत्र श्रीगोपीनाथ पण्डितले आफ्नी जेठी छोरी विवाह गरेर दिनुभएको हुँदा उहाँका पनातिहरू ख्यातिप्राप्त सितारवादक श्रीसतीशचन्द्र रेग्मी र विश्वविख्यात विद्वान् म्याग्सेसे पुरस्कारबाट सम्मानित श्रीमहेशचन्द्र रेग्मी हाम्रो पारिवारिक इतिहासमा थप योगदान दिने प्रतिभा हुनुभएको कुरा खुशीसाथ यहाँ उल्लेख गर्न उत्साहित भएकोछु। साथै, उहाँकै नाति श्रीअम्बिकाप्रसाद पण्डितकी छोरी श्रीमती सावित्री शर्माको "सुन्तली धन" खण्डकाव्य नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा २०३० मा प्रकाशित भएको छ। अन्य छोरीहरू स्नातकोत्तर उपाधि हासिल गरी श्रीमती शिवा काफ्ले (अनुसन्धान अधिकृत, नेपाल राष्ट्र बैंक) र श्रीमती सुलोचना सापकोटा (सहायक प्राध्यापक, सप्तगण्डकी क्याम्पस, भरतपुर) अर्थशास्त्र र राजनीतिशास्त्रको क्षेत्रमा कार्यरत रहेको तथ्य पनि प्रासंगिक ठानेकाले यहाँ उल्लेख गर्ने धृष्टता गरेको छु।

हामी सबैलाई यस काव्यको ज्ञानको गुण प्राप्त गर्ने उत्साह, प्रेरणा र सृजनशीलता मिल्ने विश्वास गर्दछु। वेदको सार गीता भएजस्तै गीताको प्रतिरूप यो काव्य हो भन्न सकिन्छ। जीवन (Career) विकासको लागि आधारभूत पाठ्यपुस्तकको रूपमा यो काव्य प्रस्तुत छ। सामाजिक र आध्यात्मिक चिन्तन, मनन एवं यौगिक अध्ययन र अभ्यासमा समर्पण हुनको लागि अत्यन्त उपयोगी सरल र मिठासपूर्ण यो काव्यलाई अंग्रेजी र फ्रेञ्च भाषामा प्रकाशन गरेर हिन्दुदर्शनलाई विश्वमा परिचित गराउने प्रयत्न गर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिबद्धता म प्रकट गर्दछु । यस प्रसंगमा निम्न पृष्ठ ३७ को १०६ श्लोक-सूत्र (Formula) को रूपमा कसैले पनि उपयोग गरेर जीवन विकासमा समर्पित भएमा कला र विज्ञानको क्षेत्रमा अत्यन्त बौद्धिक परिपक्वता (Highly Intellectual Maturity) प्राप्त गरी समाजलाई ठूलो योगदान दिन सक्ने विश्वास गर्दछु ।

विद्वद्धी: शास्त्रमग्नापि विषयमलिनै:कर्मभि: कुण्ठिता तां
तीक्ष्णीकृत्यार्यवाक्यश्रुतिमनननिदिध्यासनान्निर्जनस्थ: ।
अज्ञानादीन्निरस्तुं प्रभवति स बुधस्तत्पिधातॄन्नुपाधीन् ।
नित्यं घृष्टो घनोऽपि प्रभवति शनकैस्तीक्ष्णधार:कुठार:॥१०६॥

विद्वानहरुको बुद्धि शास्त्रमा डुबेपनि विषयमलीन कर्मले गर्दा बोधो (कुण्ठित) भएको हुन्छ । अत: महर्षिहरुको (आर्य) वाक्यको श्रवण मनन र निदिध्यासनबाट त्यसलाई एकान्तमा बसेर तिखार्नु पर्दछ । यसोगर्नाले ती ढाकिएका अज्ञान आदि उपाधिहरुलाई हटाउन ज्ञानी समर्थहुन्छ । किनभने प्रतिदिन घोट्दैजाँदा घनपनि एकदिन तीखो धार भएको बन्चरो बन्दछ ।

अन्त्यमा स्व. श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवको प्रशस्ति सम्बन्धी उहाँको काव्य र अन्य फुटकर रचनाहरू यसपटक प्रकाशन गर्न असमर्थ भएकोले दोस्रो प्रकाशनमा समावेश गर्ने जानकारी गराउँछु । साथै, प्रथमप्रयास भएकोले प्रकाशनमा हुन गएका त्रुटिहरूको लागि विद्वानहरू समक्ष क्षमाप्रार्थी छु ।

बानेश्वर हाइट, काठमाडौं
२०५७ गुरुपूर्णिमा

विनीत
शारदाप्रसाद पण्डित

अनुवादकको भनाइ

नेपालका संस्कृत भाषाका प्रसिद्ध कविहरूमध्ये कवि पं. प्रयागदत्त पण्डित रहेको कुरा प्रस्तुत पुस्तकले नै स्पष्ट पार्दछ । विष्णुप्रसाद पण्डित (नाती) बाट सुरक्षित यो पुस्तकको पाण्डुलिपि पूर्व बडागुरूज्यू प्रा.श्रीजुननाथ पण्डितसँग रहेछ । उहाँकै सुझाव र प्रेरणाले यसलाई प्रकाशन गर्ने विचार निस्क्यो । "श्रेयांसि बहुविघ्नानि" (असल काममा धेरै विघ्न पर्छन्) भने झैं यो लुकेर बसेको पुस्तक प्रकाशमा आउन सकेको थिएन । अहिले यसरी प्रकाशित हुनु हर्षको विषय हो । यसमा प्रा. श्री दुर्गाप्रसाद दवाडीबाट अमूल्य सहयोग र सुझाव प्राप्त भएको छ । यसमा अतुलनीय सहयोगदान दिनेहरू त धेरै नै हुनहुन्छ । उहाँहरूलाई सर्वसाक्षी श्रीपरमेश्वरले सदा कल्याण गरून् म यही भन्न चाहन्छु ।

यस पटकको प्रथम प्रकाशनमा कतिपय त्रुटिहरू रहेका होलान् । त्यसको लागि क्षमायाचना गर्दै विद्वानहरूबाट अमूल्य सुझावको अपेक्षा गर्दछु । आगामी दोस्रो प्रकाशनमा विशेष ध्यान दिने छौं । यस प्रकाशनमा केवल भावार्थ मात्र देखाउने चेष्टा गरिएको कुरा विद्वान् समक्ष जानकारी गराउँछु ।

तनहुँ सिंपानी
२०५७ आषाढ

विनीत
शेखरप्रसाद पण्डित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पण्डित वंश [1]

प्रथम अछामदेखि ..... धुर्कोटका रजाले दियाको खन भन्याको गाउँ वितलव विर्ता भाग बुढियाले भगिवंत छोराका हातबाट पायाको खन गाउँ प्रथम हो... । भट्ट भागावजू तन्का पुत्र भगिवन्त खनाल-१ तन्का पुत्र भगीरथ खनाल भगीरथ खनालका ३ छोरामध्ये कान्छा रामकृष्ण पाल्पा गया. तनले पाल्पाको पूर्वा गाउँ राजा मुकुन्द सेनबाट विर्ता पाया. पुराण दक्षिणा विर्ता पाया. पूर्वा गाउँ तहाँ देखि पण्डित पद पाया. महामण्डल र रामकृष्णका छोरा-२ जेठ बसुदेव पण्डित कान्छा तुलु पण्डित, तुलु पंण्डितका छोरा ४ जेठ बसंत पन्डीत माहीला श्रीकृष्ण पन्डीत सहिला ३ धागा. ३ धागा ४ धागाका छोरा ३ जेठा छोरा १ कमंडलु पन्डीत. र श्री कृष्ण पन्डीत पाल्पाका राजाका छोरा भृंगसेनका. रौतेला ल्वां सेनलाई मुकुंद सेनले टिका दिन लाग्दा छोरा टिपि भृंगसेनले तन्हौमा ल्याया. तन्का साथमा आउँदा श्री कृष्ण पन्डीतले आफनो भतिजा कंदु पन्डीतलाई पनि तन्हुमा ल्याया. तन्हुमा भृंगसेन रजाया. ल्यांसेनले मलाई पाल्पा न ञाहाँ गरायौं भनी गुरू श्री कृष्ण पन्डीत कमंडलु पन्डीत. आफू ल्वांसेन ३ जना मिलि मकवां पुर्मा आया र ल्वांसेन मकवां पुर्मा रजाया. नेपाल कांति पुर्का राजा शिवसिं संग धा गरि मधेस् नेपाल्का विचमा राजा राखौं भनि खुस हुंदा भिर्पानि कुस चकमक्या. दखीनको घडयारी र महेस् १ उत्तरको महादेउ व्यासी षेत ४ सय मुरि ४०० सिब सिंह्मराजाले कुश विर्ता गरी वकस्या श्री कृष्ण पन्डीतले पाया. कमंडलु पन्डीतलाई दरिंगाल व्यासि आठ विस गाउँ आठ विस टाढा दरिंगालको साथ मुरि सभै कट्टा ४२० जोगि बिसाउनु दिहि .... पिडाको घडयारि कुश विर्ता गरि शिव सिंहले वक्स्या. फेरि श्री कृष्ण पन्डीत तन्हौमा आया. ञाहाँका विर्ता भनिज गिल्याललाई दिया फेरि कमंडलु पन्डीतलाई रूपिं गाउंको सेरो सनिवास्या कारि ४०० मुरिषेत विर्ता दिया राज शिव सिंहले दिया. कमंडलु पन्डीतका छोरा जेठा गजाधर पन्डीत. महिला पन्डीत पिन्यालि साहिला कर्णु पन्डीत कांछा कल्याण पान्डीत ४ बुध सिं सहिला कर्णु पन्डीतका ४ छोरा मध्ये कान्छा तुलसी तन्का ४ छोरा मध्ये जेठा बीरु तन्का तीन छोरा मध्ये माइला श्री कृष्ण तन्का ३ छोरा मध्ये जेठा पुन्यसील, तन्का छोरा लीलाविलास, तन्का छोरा लक्ष्मीनारायण तन्का छोरा लोकेश्वर (गर्भे टुहुरा, मावली ढकाल थरमा हुर्केका, मावलीबाट डुंडीखेत भूमिदान पाएका)

---

[1] *पूर्व बडागुरूज्यू प्रा. श्रीजुननाथ पण्डितको सङ्ग्रहबाट उतार गरिएको।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पण्डित वंशवृक्ष



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

श्रीगणेशाय नमः ॥

Ψ अथ शिक्षारत्नम् Ψ

सृष्टिस्थितिप्रलयकारणमादिदेवम् ।
हेरम्बमीश्वरमहम्प्रणमामिनित्यम् ॥
यस्य प्रभावत इयं सहवासिताऽहो ।
गोसिंहमूषिकमयूरसरीसृपाणाम् ॥१॥

भावार्थः यस संसारको उत्पत्ति, पालन र विनाशको निमित्त मुख्य कारण हुनुभएका पहिला देवता श्रीहेरम्ब गणेशलाई म सदा प्रणाम गर्दछु । अहो, जस्का प्रभावले गर्दा साँढे, सिंह, मूसो, मजूर र सर्प यिनीहरु आफसमा स्वभावैले शत्रु भएर पनि (एउटै श्रीशिवको परिवारमा) सहवास भएर (संगै मिलेर) बसेका छन् ।

अज्ञानकलुषीभूतचित्तशोधनहेतवे ।
शिक्षारत्नमिदं रम्यं कुर्वेऽहं सत्प्रबन्धनम् ॥२॥

यस संसारको वास्तविक तत्व नजानेर अज्ञानले धमिलो भएको चित्तलाई शुद्ध बनाउनको निमित्त "शिक्षारत्नम्" नाम भएको यो रमाइलो तथा सजिलो प्रबन्ध (अध्यात्म विषयक निबन्ध पुस्तक) बनाउँदछु ।

केचिद्दुःखाभिभूता अशनविकलतः केचिदैश्वर्यमत्ताः ।
शश्वच्चान्धीभवन्तो निजपतनगतिं नैव पश्यन्ति मूढाः॥
केचिच्छास्त्रं विदन्तोऽपि च विषयरसासक्तचित्ता सतृष्णा ।
अन्ये यूयं वयं वा परिणतिसुखदां सत्सृतिं मार्गयामः ॥३॥

संसारमा कोही खान पनि नपाएर दुःखित भइरहेका छन् । कोही ऐश्वर्यले उन्मत्त भएर हिंडेका छन् । ती उन्मत्त मूर्खहरुले आफ्नो पतनको अवस्थालाई देखेका छैनन् । कोही शास्त्र बुझेका छन् तापनि अत्यन्त तृष्णाले आसक्त भएर विषय रसमा लागेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् । तर (अरु जे जस्ता मार्गमा लागुन्) तिमी हामी अव मरेपछि परिणाममा सुख दिने सच्चा बाटो खोज्न तिर लागौं ।

सत्यां सृत्यां किमुक्तो मृगयितुमिति चेच्छ्रूयतां मन्दबुद्धे ॥
भूयस्य: सन्ति सत्या: कतिचन सृतयो दुर्गतौ पातयन्ति ॥
नोर्ध्वं नाध: कियत्य: कतिचन सृतय: स्वर्गलोकं नयन्ति ।
या सिद्धैरप्यगम्या झटिति मृगयितुं तां सृतिं तत्परोस्मि ॥४॥

हे साधारण जन ! बाटाहरु छंदैछन् भने फेरि बाटाहरु खोज्ने किन ? भन्छौ भने सुन म भन्दछु ! बाटाहरु धेरै छन्, कुनै बाटाले दुर्गतिमा पुऱ्याउँछन् , 'कुनै बाटाले न स्वर्ग न नरक (किन्तु) पृथ्वीमा पुन: पुन: जन्माइरहन्छन् । कुनै बाटोले स्वर्गलोक पुऱ्याउँछन्, तर जुन बाटो सिद्धहरुले पनि फेला पार्न सकेका छैनन्, त्यस्तो सच्चा बाटो खोज्न म प्रयास गर्दैछु ।

यद्यत्कुर्वन्ति नीचा तदिह हि कुसृति: कथ्यते सूरिवर्यै-
रेके नूच्चावचं यद्यदिह विदधते मध्यमोक्ता सृति: सा ॥
जुष्टाधीरैस्तपोऽर्थं श्रमगतकलुषैरुत्तमोक्ता सृति: सा
यद्यत्सृत्युन्मुखाये ऽधमसमपरमा तान्क्रमाद् वर्णयामि ॥५॥

अधम व्यक्तिहरुले यस संसारमा जे जस्तो काम गर्दछन् त्यसलाई विद्वानहरुले कुमार्ग भन्दछन् । कोही न स्वर्ग प्रापक न नरक प्रापक यस्ता मार्गलाई मध्यम मार्ग भन्दछन् । तपस्याका निमित्त गरिएका श्रमले गतपाप भएका धीरहरुले सेवन गरिएको मार्ग जो छ त्यो उत्तम कहिएको छ । जो अधम निम्नस्तरका व्यक्ति, सम साधारणव्यक्ति र परम उत्तमव्यक्तिहरु जुन जुन मार्गमा उन्मुख भएकाछन् ती व्यक्तिहरुलाई म क्रमैले वर्णन गर्दछु ।

काम: क्रोधसलोभमोहवशगो रागादशान्तेन्द्रिय: ।
पुत्रस्त्रीधनलम्पट: परधनादानैकचिन्तापर: ॥
कृत्याकृत्यविचारशून्यहृदयो द्रव्यार्जनैकायनो ।
यस्मादीदृशबुद्धियुक् स तु खल: किंकिं न पापं चरेत् ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम,क्रोध,र लोभ सहित मोहको वशमा परेको, विभिन्न कुराको इच्छाले गर्दा इन्द्रियहरु चंचलायमान भएको, छोरा पत्नी र धनमा लट्ठपरेको, परधनको आदानमा मात्र चिन्ता गर्ने भएको, गर्न हुने काम गर्न नहुने काम के हो भनी ठम्याउन नसक्ने शून्य विचार भएको खाली धनैमात्र कमाउनमा व्यस्त भएको यस्तो प्रकारको बुद्धिले युक्त भएको) मूर्ख व्यक्तिले के के पाप नगर्ला ? (अर्थात् जे गर्न पनि तयार हुन्छ) ।

कश्चिद्द्रव्यार्जनेप्सुर्बहुतरदिवसान् दूरदेशे निवासी
गेहेऽम्बापुत्रपत्नी त्रितयमिदमपास्याथ दैवान्मृतास्ते ।
तेषामप्राप्तवार्तो व्यथिततरमना दृष्टदुःस्वप्नकोसा-
वित्थं सत्यप्यकस्मात्स्वपरिचितजनोप्यागतस्तेन दृष्टः ॥७॥

कुनै व्यक्ति धन सम्पत्ति कमाउने इच्छाले धेरै दिनसम्म विदेशमा वसेको थियो । यता आफ्नो (गाउँको) घरमा आमा छोरा र स्वास्नी यी ३ जनालाई छाडेर ऊ विदेशमा गएको थियो । दैव संयोगले घरमा भएका ती तीनै जना परलोक भएछन् । विदेशमा रहँदा उसले ती आफ्ना परिवारको हाल खवर केही पाएको थिएन । रात दिन परिवारको चिन्ताले गर्दा सपना पनि नराम्रो देख्ने गरेको थियो । यस्तो अवस्था भइरहेको वेलामा आफ्नै गाउँको परिचित कुनै व्यक्तिलाई विदेशमा आएको अकस्मात् त्यसले देख्यो ।

पृष्ठः शम्मद्गृहेस्तीत्यसुखितमनसेत्याह सोप्यत्यरिष्टम् ।
किन्तु भ्रष्टःकुठारःकथमिति समिधां दारणात् किं विदीर्णाः ॥
दार्वल्पत्वात् किमर्थं तव किल जननी दाहने किं मृताम्बा?
नप्तुः शोकान्मृतोसावपि रहितपया हेति कृत्वापतत्स : ॥८॥

त्यो विदेशी व्यक्तिले त्यस परिचित (गाउँले) व्यक्तिसँग आफ्नो परिवारको वारेमा अति चिंतित हुँदै सोध्यो -- मेरो घर परिवारमा कुशलै छ ? वञ्चरो भाँचियो भनी उत्तर दिंदा फेरि सोध्यो वञ्चरो किन भाँचियो ? दाउरा काट्नु पर्दा । दाउरा किन चाहियो ? दाउरा थोरै भएर । किन थोरै भयो? तिम्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आमालाई जलाउन । आमा स्वर्गे हुनुभयो ? नातीको शोकले गर्दा । छोरो पनि गयो? आमाको दूध खान नपाएर आमा (श्रीमती) पनि विती ? हा दैव ! भनी मूर्च्छा परी ढल्यो ।

वार्तावैफल्यमित्थं निपुणतरतया जन्म साफल्य हानिः ।
स्वर्गे लोके च किंचित् फलमपि नभवेन्नापि तस्य त्रिवर्गः ॥
अज्ञानं केवलं स्यात् न च विषयसुखं नापि लोके प्रतिष्ठा ।
तस्मादालापहास्यादिकमिदमफलं सर्वमज्ञानमूलम् ॥९॥

यस प्रकार गृहस्थी कुरा असफल भएपछि विचार गरेर जन्मको सफल र असफल अज्ञानको मूल कारणले गर्दा नै हुने हो भन्ने बुझ्नु पर्छ । यस मनुष्य ज़ीवनमा सफलता र असफलता भइ नै रहन्छन् । व्यवहारिक वार्ता सबै असफल हुन् । यस्ता वार्ताले न स्वर्ग लैजान्छन् न यस लोकमा धर्म, अर्थ, काम मिल्दछ । न विषयको सुख हुन्छ न लोकमा प्रतिष्ठा बढ्छ । त्यसैले हास्यवार्ताहरुले कुनै प्रतिष्ठा लोकमा पाईंदैन । अज्ञान कै कारणले सांसारिक सबै वार्ताहरु सञ्चालित छन् ।

उत्कृष्टास्तु परोपकारनिरताः सारल्यभाजः सदा ।
मध्या वै व्यभिचारिणःस्युरधमा स्युः सर्वदा वक्रगा : ॥
सूर्याचन्द्रमसौ यथा हि सततं मार्गस्थितावुत्तमौ ।
भौमाद्या व्यभिचारिणःस्युरधमो राहुः सदा वक्रगः ॥१०॥

जो अरुको उपकारमा निरन्तर लागी रहन्छन् ती अति उत्तम व्यक्ति मानिन्छन् । किनभने उनीहरु सोझो बाटोमा हिंड्दछन् । व्यभिचार मार्गमा हिंड्ने व्यक्तिहरू मध्यम मानिन्छन् । बाङ्गो बाटोमा हिंड्ने अधम मानिन्छन् । जसरी सूर्य चन्द्र सधैं आफ्नो सोझो मार्गमा हिंड्दछन त्यसैले ती उत्तम (राजा ग्रह) हुन् । व्यभिचार मार्गमा हिंड्ने कहिले वक्री हुने कहिले मंगल आदि ग्रह मार्गी हुने पाप ग्रह) मध्यम मानिन्छन् । राहु संधै उल्टो हिंड्ने अधम ग्रह (क्रूर ग्रह) मानिन्छ ।

पीतं वारिधिमन्थनेन जनितं यत्कालकूटं पूरा ।
तत्तापेन महोल्वणेन गिरिशस्तप्तोऽपि धैर्यं गतः ॥
तेनात्युत्कटकर्मणामृतमयश्चन्द्रः समाकर्षितो ।
भाले यस्य गलेऽपि नीलिमविरुत् पश्यान्यरक्षाफलम् ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधि समुद्र मथन गर्दा निस्केको कालकूट विष भगवान श्री शङ्करले पान गर्नुभयो । विषले असह्य पोल्दा पनि श्री शङ्करले धैर्य लिनुभयो त्यही उत्कृष्ट कर्मले गर्दा अमृतमय चन्द्रमालाई आकर्षण गर्नुभयो र शिरमा राख्नु भयो । यसरी शिरमा चन्द्र गलामा नीलो रंग श्री शङ्करको विभूषण बन्न गयो । हेर्नुहोस् अरुलाई रक्षा गर्ने कार्य रूप परोपकारको उत्तम फल यस्तो हुन्छ ।

ज्ञानेन मुक्तिमाप्नोति कर्मणा स्वर्गतिर्भवेत् ।
अज्ञानेनाधोगतिः स्यादज्ञानं शत्रुरुत्तमः ॥१२॥

ज्ञानले मोक्ष प्राप्त हुन्छ । कर्मले स्वर्ग मिल्दछ । अज्ञानले अधोगति हुन्छ । त्यसैले अज्ञान ठूलो शत्रु हो ।

कोऽयं मानसमध्यसंस्थिततया सन्तापयन्मां मुहु ।
जीवश्चेत्परमात्मनः समतया व्याख्यान्ति वेदान्तिनः ॥
आत्मैव स्वयमुत्तपेद्यदि न सोऽप्यात्मानमात्मोत्तपेत् ।
कस्कं तापयतीति चिन्तनपरो मा भूर्यदज्ञानतः ॥१३॥

मेरो मन भित्र बसेर वारंवार मलाई जलाईरहने (वस्तु) त्यो के हो ? यदि जीव हो भने जीव र परमात्मामा भेद छैन समता छ भनी वेदान्तीहरु भन्दछन् । आत्मा नै आफैं तात्तछ भन्ने हो भने आत्माले आत्मालाई तताउनै मिल्दैन । त्यसोभए कसले कसलाई तताएको छ भनी चिन्ता नगर, यस्को मूलकारण अज्ञान नै हो ।

अज्ञानात्सर्वलोका विचलितमनसो नीचसङ्गे रमन्ते ।
तत्सङ्गाज्जातकामा असमितमनसः क्रोधिनः काम भावात् ।
क्रोधान्मोहाभिभूताः स्मरणविरहिता विस्मृतेर्बुद्धिहीनाः ॥
बुद्धेर्हीनाःप्रणश्यन्त्यहह जनपदैर्नेक्षते पापबीजम् ॥ १४॥

अज्ञानले गर्दा प्रायः मानिसहरु विचलित मनले नीच मानिसहरु संग रमाउँछन् । नीचको सङ्गतले चञ्चल मनमा विभिन्न इच्छाहरु पैदा हुन्छन् । इच्छा पूरा नभएपछि क्रोध पैदा हुन्छ, क्रोधबाट मोह जन्मन्छ र विस्मृति हुन्छ (सम्झना हराउँछ) सम्झने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धि नाश भएपछि सबैकुरा नाश हुन्छ । त्यसैले दुःखको कुरा छ कि पापको बीज प्रायः व्यक्तिले देखेको हुँदैन ।

अज्ञानं पापबीजं यदि निखिलजनैरीक्षते तर्हि सर्वे ।
देवानाराधयन्तोऽर्चननमनपरा धर्मशीला भवेयुः ॥
वेश्यासंगार्थदूतीगृहपलमदिरा द्यूतचौर्यप्रसक्ता ।
न स्युस्तस्मादमीभिः कथय कथमहो वीक्षते पापबीजम् ॥१५॥

संपूर्ण मनुष्यहरुद्वारा अज्ञान नै पापको बीज हो भन्ने कुरा बुझिएको भए सबैले देवताको आराधना गर्ने थिए, पूजन गर्ने थिए र धर्मशील हुने थिए । सबै मनुष्यहरु वेश्याको संग, धन तथा दूती (परदारा प्रसङ्गमा दूती संप्रेपण) घर, मांस, मदिरा, जूवा, चौर्यमा प्रसक्त हुने थिएनन् । त्यसैले भन्नोस् त कसरी यिनीहरुले पापको बीउ देखेका छन् ?

सायं प्रातः सुरार्थे बलिमथविधिवत् कुर्वते पाठपूजाम् ।
तत्कर्तृणां जनानां कथमघमिति चेत् दुर्घटं मा वदैतत् ॥
नैवानेकाग्रचित्तैः कृतमपि सफलं पूजनं भावहीनै ।
प्रायश्चित्तं कथं स्यात् विनिकृतमतिभिः पाप्मनस्तैः कृतस्य ॥१६॥

विहान वेलुका देवताको निमित्त विधिपूर्वक पाठ पूजा वलि वैश्वदेव आदि गर्ने मानिसका निमित्त कसरी पाप हुन सक्छ र ? हुनै सक्दैन भनी यसो नभन। पापात्मा तथा खराव बुद्धि भएका चित्त एकाग्र नभएका भावनाहीन भएका व्यक्तिले गरिएको पूजाले प्रायश्चित्त कसरी हुन्छ ?

आनेतुं ग्राम्यलोकान् सपदि सुतजनान् नोदयित्वा नमस्यन् ।
घण्टांभः पात्रहस्तः प्रथममभिहितं वीक्ष्यपुत्रं कियन्तः ॥
आयास्यन्तीति नेति प्रतिवचनरुषा निश्वसन्घूर्णचक्षुः
ताडंताडं सुराणां शिरसि च विधिनानेन पूजांसमाप्नोत् ॥१७॥

एकपटक अज्ञानीले आफू पूजामा बसेको वेलामा) आफ्ना छोराहरुलाई गाउँले (खेताला) बोलाएर ल्याउनू भनी घण्टा जलपात्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हातमा लिएर नमस्कार गर्दै अरायो । जेठो छोरालाई देखेर शोद्धछ आज कति जना आउँछन्? कोही पनि आउँदैनन् भन्ने सुनेपछि रिसले आँखा राता वनाएर स्वाँ स्वाँ गर्दै देवताको शिरमा अक्षताले हिर्काउँछ, यस्तै प्रकारले पूजा सक्दछ ।

पाठाय स्वासनस्थो विषयहृतमना: पुस्तकं न्यस्य चाग्रे ।
यद् गुह्यं चेत्युदित्वाद्य च कति मनुजा आगमिष्यन्ति किंन ॥
इत्युक्त्वा यन्न कस्येति कथयति पुन: पक्वमन्नं पच द्राक् ।
रण्डे जातो विलम्ब: क्वचिदपि नृपते: बुध्यतां कुत्र यात्रा ? ॥१८॥

विभिन्न विषयले मन चञ्चलित भएको अवस्थामा चण्डीको पुस्तक अगाडि राखेर "यद्‌गुह्यं आदि भन्न लाग्दा अर्को छोरा आइपुग्छ र शोद्धछ आज खेताला कतिजना आउने भए ?के नआउने भए? भनी यन्नकस्य .. भनेपछि श्रीमतीलाई) भात पाक्यो चाँडो पका । राँडी (विधवा) ढीलो भईसक्यो राजाको सवारी यात्रामा कहाँ जानु पर्छ थाहा छैन ?

भोक्तुं ग्रासैकहस्तो बलिविधिसमये वीक्ष्य पुत्रं तथान्यत् ।
पृष्ट्वाऽऽयास्यन्ति के के नहि नहि कतमोऽपीति पुत्रोक्तिरुष्ट: ॥
धामश्यामौ म्रियेतामितिनिहितबलिस्तोयहस्तो परोऽपि ।
नैके मृत्वा गमिष्यन्ति च समुदितवानम्बुपानेऽपि रोषात् ॥१९॥

भात खान लाग्दा एउटा हातमा गाँस लिएर वलि दिन लागेको वेलामा छोरोलाई देखेर त्यस अज्ञानी (व्यक्तिले) को को (खेताला) आउँछन् त भनी सोध्दा कुनै पनि आउँदैनन् भन्ने पुत्रको वचन सुन्दा रिसले धामे श्यामे दुवै मरुन् भन्दै (भूईंमा) बलि चढाउँछ । हातमा पानी लिएर आचमन गर्न लाग्दा अर्को (छोरो) आएर पनि त्यसैभन्दा सबै मरिजाउन् भन्दै पानी आचमन गर्छ ।

पुत्र स्त्रीभृत्यवर्गस्वगृहपरिकरं पाठपूजान्तरायम् ।
मत्वाऽपि श्रद्दधानोनुपरतकरण: क्रोधकामाद्युपाधि: ॥
गत्वारण्यं तपोऽर्थे कथमिति मनसि भ्राम्यमाणे तमज्ञम् ।
हास्यालापेन कश्चित् समकथयदिदं याह्यरण्यं तपोऽर्थे॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरा श्रीमती नोकर चाकर घर परिवारलाई पाठ पूजामा विघ्न पार्ने ठानेर कामक्रोध आदि उपाधिले युक्त भएको इन्द्रिय चंचल भएको केही श्रद्धा नगर्ने भएको त्यसले जंगलमा गएर कसरी तपस्या गर्ने भनेर चित्त डुलाइ रहेको संझेर त्यस अज्ञानीलाई कसैले त्यसैहंसीमा "जाऊ जङ्गलमा गएर तपस्या गर" भनिदियो ।

तत्सत्यं मन्यमानो विपिनमुपगतोप्याखुलूनन्तु गीता-
पत्रं वीक्ष्यास्य शान्त्या उपगमितमहो ओतुमापोष्टुकाम: ॥
भिक्षित्वा गां च तस्या यवसचयमुपाहर्तु कामोथ काञ्चित् ॥
संगृह्णान: स दासीं कतिपयदिवसैर्जातपुत्रो बभूव ॥२१॥

(हँसी ठट्टामा) भनेको त्यस्तो कुरालाई (त्यस अज्ञानीले) सत्य मानेर तपस्या गर्न जंगलमा जाँदा गीताको पुस्तक मूसोले काट्दा मूसोलाई धपाउन बिरालो पाल्दा, बिरालोलाई पाल्न (दूध ख्वाउन) गाईपाल्दा, गाईलाई घाँस, कूँडोख्वाउन नोकरनी (ठिटी) राख्दा केही दिनपछि छोरो जन्म्यो ।

अज्ञानेनावृतत्वात् अहमतिमलिन: स्वीय जात्युक्तरीत्या ।
नो जानन् कर्म सर्वं कृतमपि विफलं जातमित्येव मन्ये ॥
तस्मादद्यादिविद्वाञ्छरणमुपगतं पाहि मां दुर्विनीतम् ।
यत्कृत्वास्यान्मदीया मतिरतिविमला सर्वथा तत्करोमि ॥२२॥

मलीन बुद्धि भएकाले अज्ञानले ढाकिएको जस्को स्वरुप छ (त्यस्ता मलीन बुद्धि भएको व्यक्तिले) आफ्नो जाति धर्ममा वताइएको रीतिले सबै काम गर्न जान्दैन र नजानिकन गरेको कर्म पनि विफल हुन्छ । त्यसैले आजै देखि हे गुरु ! शरणमा परेको म अज्ञानीलाई रक्षा गर्नुहोस् जुन काम गर्नाले मेरो चित्त निर्मल हुन्छ , त्यो काम म सर्वथा गर्दछु ।

व्यर्थस्तत्वोपदेशो न हि यदि हृदये यस्य वैराग्य लेश: ।
शार्दूलाद्यै: पुराणं श्रुतमपिसहसा गोवधस्त्यज्यते किम् ?
यं हित्वा भक्तिलेश: कथमपि न भवेद्यस्यकस्याऽपि पुंसो ।
वैराग्योत्पादनार्थं भवचरितमिदं कीदृशंश्रूयतां तत् ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्को हृदयमा अलिकति मात्र पनि वैराग्य छैन भने त्यस्तालाई तत्वोपदेश गर्नु व्यर्थ छ, के वाघ आदि जन्तुले पुराण सुने भने सजिलै गोवध गर्न छाड्छ र ? जुन छाड्नाले कुनै पनि पुरुषको हृदयमा) भक्तिको लेश कसरी हुँदैन र त्यस्तो वैराग्य उत्पन्न गराउनकोलागि संसारको चरित्र कस्तो छ सुन्नुहोस् ।

मर्त्य: संजातमात्रो भवति युगलपात्स्त्रीसमेतश्चतुष्पात् ।
मूढ: प्राप्त: पशुत्वं चरति सुतयुत: षट्पदो भृङ्गतुल्य: ॥
संसारारामसमध्ये भ्रमति च सहित: पुत्रपत्न्यष्टपादो ।
जालान्तस्थ: सुताद्यैर्गिलितवपुरसौ याति लूतेव नाशम् ॥२४॥

मानिस जन्मदैमा दुईखुट्टे भएर जन्मन्छ । स्त्री भएपछि चारखुट्टे मूढ पशु (जस्तो) हुन्छ । छोरो भएपछि छ खुट्टे भमरो (जस्तो) हुन्छ र संसाररूपी बगैंचामा घुम्छ । बुहारी भएपछि आठ खुट्टे माकुरो (जस्तो) भई (पारिवारिक) जालमा पर्छ । वचराले माउ माकुरालाई खाए झैं आफ्नै छोरा (छोरी) आदिले खाइदिन्छन् ।

भोगा संसर्गजाता रुचिरहिततयोद्गिल्यहीना मुनीन्द्रै ।
ते वै दुःखस्य मूलं कथमपि सुजनस्तत्र चित्तं न देयम् ॥
भुञ्जन्ति प्राकृतास्तान्नतिरुचिरतरान्मन्यमाना सहर्षं ।
श्वान: खादन्ति यद्वत् पथि कलहपराश्छर्दितं श्राद्धविप्रै:॥२५॥

ऋषिमुनिहरुले नरुचाइकन छाडेको दुःखको मूल (कारण) भएको संसर्गबाट उत्पन्न हुने ती सांसारिक) भोगमा असल मानिसले कहिल्यै पनि (तिनमा) चित्त दिनु हुदैन । श्राद्ध खाएका ब्राह्मणले बाटामा फालेको (अन्न) लाई कुकुरहरुले झगडा गर्दै जसरी खान्छन् त्यसरीनै अज्ञानीहरु ती सांसारिक (भोगलाई) अति मीठो मानेर खुशी हुंदै खान्छन् ।

किं वा जन्मान्तरं स्यान्नकिमिति सुजनै: संशयो नात्र कार्य: ।
प्राग्जन्मोपार्जितांह: सुकृतफलमिदं त्वैहिकं दुःखसौख्यम् ॥
तस्माज्जन्मान्तरं स्याद् ध्रुवमिति विवुधै भूयतामप्रमत्तै: ।
न स्याच्चेज्जन्मतोऽन्धा: कतिचन तु सुखं भुञ्जते दुःखमेके ॥२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो जन्मान्तर छ कि छैन ? यस विषयमा सज्जनहरुले शंका गर्नै हुन्न, किनभने यहाँको (ऐहिक) दु:ख सुख पूर्वजन्ममा उपार्जन गरिएको पाप र पुण्यको फल हो । त्यसैले जन्मान्तर अवश्य छ । यस्तो सम्भेर वुद्धिमानले सावधान नै हुनुपर्छ) यदि यसो न हुंदो हो त कोही मानिस जन्मान्ध भएर पनि कसैले सुख र कसले दु:ख भोग्छन् ।

कार्योऽहंकार एष क्वचिदपि न जनै: कै: प्रसङ्गै र्विधेय: ।
स्याच्चेच्छक्तिं विमृश्यैनमपि कृतवतस्तस्य नापत्प्रसङ्ग: ॥
पीत्वाम्भ: सौरभेयो व्यनददतिबलं कोऽपि कासारतीरे ।
जेतुं प्रोन्नद्य भेकोऽ प्यतिबलमुदरं स्फाटयित्वा ममार ॥२७॥

मानिसले घमण्ड कहिल्यै गर्नु हुन्न, कुनै प्रसङ्गमा भने गर्नु पनि पर्छ । यदि शक्ति छ भने त्यो शक्तिलाई विचार गरेर अहङ्कार गर्ने वालाको आपत्तिको प्रसङ्ग हुँदैन । (जस्तै) तलाउको किनारमा कुनै साँढे वेसरी पानी पिएर डुक्रन्छ, त्यस्लाई जित्न भ्यागुतो कराउंदा पेट फुटेर मऱ्यो । अत: आफ्नो शक्ति हेरेर मात्र काम गर्नू) ।

संसारे भ्रममाणानां जनानां पापकर्मणाम् ।
अस्ति प्रायश्चित्तमेकं भगवान्नामकीर्तनम् ॥२८॥

संसारमा पाप कर्मले जन्ममरणको चक्करमा घुमिरहेका मानिसहरुको निमित्त भगवानको नाम संकीर्तन गर्नु नै एकमात्र प्रायश्चित्त हो ।

सांकेत्यात्पारिहास्यात् प्रलपनविधित: स्तोभतो हेलनाद्वा ।
यैर्वा कैर्वा प्रकारै: सकृदपि भगवन्नामसंकीर्तनन्तु ॥
स्यान्नानाकिल्विषघ्नं सरलमतितयोच्चारितं किं पुनर्यत् ।
संसारेस्मिन्नसारे तदतुलमहिमा शक्यते केन वक्तुम् ॥२९॥

भगवान्‌को नाम संकेतबाट, ठट्टाबाट, पुकारबाट, गानाद्वारा, हेलाले, या कुनै पनि प्रकारले एक पटक मात्र पनि भन्छन् भने त्यस्का सबै पाप नाश हुन्छन् भने जस्ले श्रद्धा र भक्तिले उच्चारण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछन्भने तिनको त झन के भन्नुपऱ्यो? यस असार संसारमा भगवान् को नामसंकीर्तनको अतुलमहिमा कसले वर्णनगर्न सक्छ र?

कृत्वा पाप महत्कश्चन यदि शिव इत्येव मुक्त्वा विपाप: ।
स्याद्भूपै: शासनीय: कथमय मिति चेन्माकृथास्तत्कुतर्कम् ॥
उन्मत्तोऽश्नीत खण्डं मृदमुत मधु किं तद्रसो रोचतेऽस्मै ।
ह्युन्मत्त: सोऽपि तद्वच्छिव जपमधुयद्रोचते नैव तस्मै ॥३०॥

कसैले यदि ठूलो पाप गरेर "शिव" भन्ने वित्तिकै पापरहित हुन्छभने त्यस्लाई राजाले कसरी शासना गर्नु (दण्ड दिनु) ? यस्तो कुतर्क नगर । उन्मत्तले माटोले युक्तभएको मौरीको चाका खायो भने त्यस्लाई रुचाउंछन् र? त्यस्तै कुनै पापीले शिव जप रूपी मधु पापसंग मिसिएको छभने त्यस्लाई रुचाउंछ र ? रुचाउंदैन ।

यन्नाम्नाजामिलाद्या:सतत मघजुपस्तेऽपि निष्किल्विषा: स्यु ।
स्तन्नाम्ना सो ऽपि तद्वत् यदपि कृतमहा किल्विष: किं न धन्य:॥
प्रायश्चित्तं कृतं यत् तदिहतु घटते यत्र चाकस्मिकांहो ।
जानन् य: पापकर्ता कथमिह घटतां वज्रलेपं तदंह: ॥३१॥

सदा पापकर्ममा प्रबृत्त भएका अजामिल ,आदि पापीहरु पनि जुन भगवान्को नाम लिनाले पाप मुक्त भए तिनै भगवान्को नाम त्यसरी नै महापापीले कीर्तन गर्दछ भने के ऊ धन्य हुन्न र ? आकस्मिक रूपले हुनगएको जुन पाप छ त्यसलाई यही प्रायश्चित्तबाट नांश हुन सक्छ, तर जानी बुझी कन पाप गर्दछ भने यो नाम जपरूपी प्रायश्चित्त त्यसलाई कहां घट्छ (मिल्छ) र ? त्यो पाप त वज्रलेप हुन्छ ।

भक्तिं विन्यस्य नारायण इति सकृदुच्चारणात्स्यादपाप: ।
तां हित्वानेकवारं पठितमपि यथा बीजसुप्तं शिलायाम् ॥
सीतारामादि नामान्यनुवदतिशुक: कथ्यते किं तपस्वी
पर्णे कीटेन कृत्ते पततु विधिवशादक्षरं किं स विद्वान् ॥३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्ति गरेर नारायणको नाम एकपटक मात्र उच्चारण गर्दा पनि पापले रहित हुन्छ । भक्तिलाई छाडेर अनेक पटक नारायणको नाम पढे पनि ढुंगामा रोपेको बीज जस्तै हुन्छ (फल प्राप्त हुन्न) । सीताराम आदि नामहरु सुगाले अरुसंगै उच्चारण गर्छ भने के ऊ तपस्वी कहिन्छ र ? त्यस्तै पातमा किराले संयोगवश अक्षर कुंद्यो भने के ऊ विद्वान् हुन्छ र ?

राधाकृष्णादिनामालपनसदसिना भक्तिधारान्वितेन ।
श्रद्धाशाणाङ्कितेनाघपटलरिपवः सन्ततं छेदनीयाः ॥
युद्धे निःशाणधारासिकरभटपतिः किं रिपुन् हन्तुमीशः ।
खड्गाखड्गीप्रसङ्गे स जयति न रिपुन् किं सधारासिहस्तः॥३३॥

राधाकृष्ण आदि नाम संकीर्तन रूपी तरवारको भक्तिरूपी धारमा श्रद्धारूपी शान लगाएर पाप रूपी शत्रुहरुलाई वारवार छेदन गर्नुपर्छ । युद्धमा सेनापतिले धारमा सान नलगाईएको तरवारले के शत्रुहरुलाई नाश गर्न सक्छ र ? तर शान लगाएको तरवारले तरवारकै द्वन्द्व युद्ध हुँदा सेनापतिले के शत्रुहरुलाई नाश गर्न सक्दैन र ?

कृत्वा जानन् हठाद्यो महदपि वृजिनं तीव्ररोषप्रसङ्गात् ।
पश्चाच्छ्रुत्युक्तरीत्या कृतगुरुशरणो त्यक्ततत्प्रोक्तमार्ग :॥
चेतः शुद्धिं विधाय व्यपगतदुरितो ध्वस्तजाड्यान्धकारो ।
धीरो देदीप्यमानो व्रजति परपदं निर्जरैरप्यलभ्यम् ॥३४॥

जसले पूर्ण आवेशमा आई हठले जानी जानी ठूलो पाप गरेतापनि पछि त्यस्लाई गुरुको शरणमा गई पापगर्न छाडी गुरुले भनेको मार्गमा रही वैदिक विधिपूर्वक कर्म गर्दछ भने संपूर्ण पाप हटी अज्ञानरूपी अन्धकार नाश गरी धीर उज्ज्वल भई चित्त शुद्धि गरेर देवताले समेत अप्राप्य परंपदमा ऊ पुग्दछ ।

कर्माणि त्रीणि तेषां शमयति सुकृतं सञ्चितागामिनीद्वे ।
प्रारब्धं भोग्यमेव क्षयति न सुकृतैर्देवताराधनाद्यैः ॥
यद् वद् व्याधस्य सन्ति त्रिविध शरगणास्तेषु मौर्वीसुधिस्थौ ।
तुष्टोव्याधःकदाचित्त्वतिनयति धनुर्मोचितं किं स कुर्यात् ॥३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्महरु तीन छन् । तिनमा संचित र आगामी कर्मलाई पुण्यले नाश गरिदिन्छ । देवताको आराधना रूपी पुण्यले प्रारब्ध कर्म नाश हुँदैन, त्यो भोग्नु नै पर्छ । जसरी व्याधाका ३ वाण मध्ये एउटा धनुमा र २ वटा ठोक्रोमा छन् भने यदि व्याधाले खुशी भई (चाह्यो) भने ठोक्राका २ वाण फिर्ता ल्याउन सक्छ तर धनुबाट छुटी सकेको वाणलाई ऊ के गर्न सक्छ र ?

पुंसो भूयांसि कर्माण्यपि भवविषयेऽनेकजन्मार्जितानि,
प्रारब्धं तेषु मध्ये भवति हि बलवद्यत्तदेवाहुरार्यूर्याः ।
कथ्यन्तेऽन्यानि तस्मादवगतनिगमैः पण्डितैः संचितानि ।
ह्यागामीन्याहुरस्मिञ्जगति किल जना संविधास्यान्ति यानि ॥३६॥

संसारमा कर्म अनेक प्रकारका छन् । ती अनेक जन्ममा कमाइएका पनि हुन्छन् । त्यस्मा प्रारब्ध कर्म त्यो हो जुन ती कर्ममा बलवान हुन्छ । अनि अरु कर्महरु जो छन् तिनलाई निगम जान्ने पण्डितले संचित कर्म भनिन्छन् अनि जुन कर्महरु भविष्यमा गरिने छन् ती कर्महरुलाई आगामी कर्म भनिन्छ ।

भोगात्प्रारब्धमेतत् विरतिमुपनयन्संञ्चितानि क्रमेण ,
ज्ञानाग्नौ संप्रवेश्य ज्वलयति विवुधः साधको ज्ञानशीलः ॥
यान्यागामीनि कर्माण्यभिमतिरहितो भक्तिमाधाय चित्ते ।
ज्ञानोदर्कं करिष्यन्नुपरतकरणः क्षीणकर्मा शनैः स्यात् ॥३७॥

ज्ञाननिष्ठ विद्वान साधकले यो प्रारब्ध कर्मलाई भोगद्वारा र संचित कर्मलाई वैराग्यद्वारा क्रमैसंग ज्ञानाग्निमा प्रवेश गराई जलाई दिन्छ । अभिमान रहित भई चित्तमा भक्तिल्याई जुन आगामी कर्म छन् तिनलाई इन्द्रियहरु वशमा गरी ज्ञान भए पछि पनि) कर्म गर्दै साधक) विस्तारै कर्म सकिएको वनोस् ।

तस्मात् प्रारब्धभोगो भवति हि बलवान्नापि योगेश्वराणाम् ।
त्याज्यो बुद्धेति दुःखं परिपततु सुखं वा न खिन्नो न हृष्टः ॥
संसारेऽस्मिन्नसक्तः श्रुतिविहितविधौ तत्परो जातिरीत्या ।
धीरस्त्रैकालिकं यत्प्रतिदिवसमदः कर्मः कुर्यान्निरीहः ॥३८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैले प्रारव्ध भोग बलवान् हुन्छ। योगेश्वरहरूले पनि त्यागन सक्दैनन् । अतः दुःख वा सुख हर्ष र विस्मात् (ज्ञानीले) गर्न हुन्न । यस संसारमा असक्त रहेर धीर पुरुषले इच्छा रहित भई वैदिक विधिमा तत्पर हुँदै स्वजातिको रीतिले हरेक दिन तीनै काल (यही) कर्म गर्दै रहोस् ।

प्राप्तो रङ्कस्तृषार्तः सुरविटपितले लब्धतोयोत्र हृत्स्था- नाप्तव्यानीति मत्वा मनसि विगुणितं यद्यदिष्टं विचिन्त्य ॥
लब्ध्वा भुक्त्वा शयानो मृदुतरशयने स्त्रीयुतश्चित्तल्लौल्यात् ।
तेन ध्यातोऽपि सिंहोऽगिलदहह मनः कारणं दुःखसौख्ये ॥३९॥

कुनै तीर्खाएको गरीब कल्पवृक्ष मनि पुगेर पानी पाउँदा यहाँ त मनले चिताएका वस्तुहरु पाउने रहेछन् भन्ने मनमा विचार गरी इच्छा लागेका वस्तु चिताउँदै गयो सबै पायो, खायो स्त्रीले युक्त भई, नरम शय्यामा सुत्यो र चञ्चल चित्तद्वारा त्यसले सिंह पनि संम्झ्यो । सिंहले (त्यसलाई) खाइदियो (ठीकै हो) मन नै दुःख र सुखको कारण हो ।

कामक्रोधादि संपर्कान्मनो दुर्निग्रहं चलम् ।
सुनिग्रहन्तु सत्संगान्मनो भवति बालवत् ॥४०॥

काम क्रोध आदिको संपर्कले गर्दा मन समेल्नै नसकिने चंचल हुन्छ । सत्संगतले (मन) समेल्न सकिन्छ । (त्यसैले) मन बालक जस्तै सुकोमल हुन्छ।

काष्ठाद्यौपध्ययुक्तः शुचिरतितपनो दीप्तिमानत्यसह्यः ।
संपूर्णोपाधिशून्यो यदि दृगविषयः शान्तिदः सर्वगोऽपि ॥
तद्वत्सोपाधिचित्तं व्यथयति सततं प्राणिनस्तापदं सत् ।
स्याच्छून्योपाधितश्चेत् शमयति भवजं तापमाध्यात्मिकादिम् ॥४१॥

अग्नि काठ आदि उपाधिले युक्त भयो भने चहकिलो अति तातो असह्य हुन्छ । यदि सबै उपाधिले शून्य भयो भने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्तिदिने सर्वव्यापक भएर (अग्नि) अदृश्य रहन्छ । त्यस्तै चित्तपनि उपाधिले सहित भयोभने प्राणीहरुलाई सधैं ताप र दुःखदिने हुन्छ । यदि (त्यही चित्त) सत्यरूपमा उपाधिले शून्य भयो भने संसारका आध्यात्मिकादि तापलाई नाश गरिदिन्छ ।

संपत्तावेव सख्यं विदधति सुहृदस्त्रासकास्ते विपत्तौ ।
दुःखोदर्काददृश्यो यदि भवति कदाऽप्यस्य पृच्छेन्नवार्ताम् ॥
यद्वद्वन्हिं समिद्धं विधमति पवनो वीक्ष्य दीपाग्निमल्पम् ।
तन्नाशाय प्रवृत्तोऽशनविकलवशात् चेददृश्यो न मृग्यः॥४२॥

संपत्तिको वेलामा मात्र मित्रहरु साथ रहने हुन् । विपत्ति पर्दा तिनै डरलाग्दा हुन्छन् । दुःख पर्दा अदृश्य हुन्छन् । यदि कहिले काहिं कोही भेट भएपनि उसको कुनै कुरा सोद्धैनन् । जसरी बलेको अग्निलाई हावाले झन साथ दिई बालिदिन्छ । बलिरहेको बत्तिलाई सानो देखेर त्यही हावाले) निभाइदिन्छ । त्यही अग्नि) कुनै वस्तु खान नपाउँदा अदृश्य हुन्छ, खोज्न सकिन्न ।

अन्यैः पुत्रोऽपि मान्यं पितरमनुचरेन्नानुगच्छेदमान्यम्
दुर्हृद्विद्रापिते सत्यपि महतिभये नो सुतःस्यात्सहायः ।
यद्वत्क्रोधाद्युपाध्युज्झितमपि जनकं यन्मनो निःसहायम्
कामेनाप्यात्मजेनोज्झ्यत इति यतयस्तन्मनो जेतुमीशाः॥४३॥

अरुले संमान गरिएको पिताको अनुसरण छोराले गर्छ, अमान्य पिताको (अनुसरण) गर्दैन । ठूलो भयमा र शत्रुले लखेट्दा पनि अमान्य (पिताको) छोरा सहायक हुँदैन । जसरी क्रोधआदि उपाधिले रहित भएता पनि पितालाई छोरो सहायक हुँदैन, सहायरहित मनलाई त्यही मनबाट उत्पन्न भएको कामले पनि छोडिदिन्छ, त्यसैले यतिहरु त्यस मनलाई जित्नमा समर्थ हुन्छन् ।

सर्वं कालाख्यचक्रं विदलयति जनं भ्राम्यमाणं समन्तात् ।
नित्यं स्मः पेष्यमाणा वयमपि दिवसैरल्पकैस्तेन तद्वत् ॥
आधारं यस्य कृत्वा भ्रमति हि शरणं याम तं देवदेवम्
यस्याधारात् घरट्टो भ्रमति दलति नो तत्समीपस्थधाना ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काल नामक चक्रले चारैतिर घुमेको सबै जनालाई पिस्दछ । त्यसरीनै थोरै दिनमा हामीहरु पनि सधैं त्यसै चक्रले पिसिदै छौं । जसको आधारले त्यो चक्र घुम्दछ ती देवदेवका शरणमा हामी जाऊँ । मानीको आधारले घट्ट घुम्छ तर त्यसकोसमीपमा रहेको अन्नलाई घट्टले पिस्दैन ।

शब्दज्ञानैकहेतून् प्रथममकचटेत्यादिवर्णान् पठित्वा ।
पश्चात्कोशोपकोशान् सुलभपदचयान् कौमुदीकाव्यचम्पू ॥
साङ्गोपाङ्गश्च वेदानुपनिषदमथो सर्ववेदान्तसारम् ।
ज्योतिः शास्त्रं च सर्वं हरिपदवलयं भूमिगोलं पठेयुः ॥४५॥

विद्वान हुन चाहनेहरुले पहिले शब्दज्ञानको कारण भएका अकचट इत्यादि वर्णहरु पढून्। त्यसपछि कोश, उपकोश, सजिला पदसमूहहरु, कौमुदी व्याकरण, काव्य, चम्पू, साङ्ग उपाङ्गवेद, उपनिषद्, सर्ववेदान्तसार, ज्योतिष शास्त्र र हरिको पाउको बाला भएको भूगोल (शिशुमारचक्र) आदि शास्त्रहरु पनि सबै पढून् ।

शास्त्राधीत्यानुभूतोज्ज्वलितमतिलसद्भूमिपर्यन्तकीर्तिः
लोके वेदे च शास्त्रे प्रचरितविमलज्ञप्तिलब्धार्थबोधः ।
यज्ञाङ्गेषु प्रवीणो यमनियमविधौ नेतिधौत्यादिवस्ति-
व्यापारे योगमार्गे स भवति निपुणो योगिचर्यान्दधानः ॥४६॥

शास्त्रपढेर अनुभवगरेको, पृथ्वीमा अति उज्ज्वल कीर्ति फैलिएको, लोकमा वेदशास्त्रमा प्रवेश गरी विशेष ज्ञान प्राप्त गरेको, यज्ञका अङ्गहरुमा प्रवीण भएको र यम नियम विधिमा र नेति धौति वस्ति आदि यौगिक कार्यमा सिद्ध प्राप्त गरेको योगीचर्यालाई धारण गर्ने योगी योगमार्गमा निपुण हुन्छ ।

धनैर्दारैः सुतैर्भृत्यैर्यैर्यैरिष्टैस्तु कर्मभिः ।
आत्मरक्षां जनः कुर्यात् नास्त्यन्यदात्मनः प्रियम् ॥४७॥

मानिसले धन, पत्नी छोरा र नोकरद्वारा या जुन जुन इष्ट कर्म छन् तिनीहरुद्वारा आफ्नो रक्षा गर्नुपर्छ । आफु भन्दा प्रिय (वस्तु) अर्को छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वेभ्योऽर्थः प्रियोस्माद्युवतिरथ सुतोऽस्माच्च देहस्ततोऽपि
प्राणः प्राणेभ्य आत्मा नहि वितथमिदं पश्य दृष्टान्तमत्र ॥
क्रव्यादानुद्रुतः सन् धनयुवतिसुतैःसंयुतः स्थग्नगात्रः ।
सर्वं त्यक्त्वा क्रमेणोत्पतति ह्रदवरे स्वात्मसंरक्षणाय ॥४८॥

सबै भन्दा प्यारो धन, धन भन्दा युवति, युवति भन्दा छोरो, छोरोभन्दा शरीर, शरीर भन्दा प्राण, प्राण भन्दा आत्मा नै प्यारो हो । यो नहुँदो हो त? होइन । दृष्टान्त हेर्नुहोस्–धन युवति र छोराका साथ बाघले लखेट्दा क्रमैसँग सबैलाई छाडी थाकेर आत्म रक्षाको निमित्त तलाउमा फाल हाल्यो ।

पुर्यांप्रागुज्जयिन्यां नृपतिसचिवयोरेप आसीद्विवादोऽ-
मात्यः पुत्रेभ्य आत्मा प्रिय इति नृपतिस्त्वात्मनःपुत्र एव ।
मन्त्री बोधाय राज्ञो:तिगंहनसलिले प्राक्षिपत् वानरस्त्रीम्
सापत्यां सा च कीशी सुतशिरसि पदे न्यस्य चोत्तीर्य तस्थौ ॥४९॥

उहिल्यै उज्जैन सहरमा राजा र मन्त्रीमा (यस्तो) विवाद भएछ कि मन्त्रीले छोरोभन्दा आफूनै प्यारो हुन्छ भनेछन्, राजाले आफूभन्दा छोरो प्यारो हुन्छ भनेछन् । मन्त्रीले राजालाई बोध गराउन गहीरो तलाउमा बच्चा सहितकी बांदर्नीलाई फ्यांकेछन् । बांदर्नी आफू (बांच्न) बच्चाको टाउकामा टेकेर माथि उत्रेर बसी ।

श्रद्धावति जने बाले संसारोदधिसंप्लुते ।
ज्ञान–वैराग्य–रहिते श्रुतिश्चरति मातृवत् ॥५०॥

ज्ञान र वैराग्यले रहित भएका, संसाररूपी समूद्रमा डुवेका र श्रद्धावान् बालक (अज्ञानी) व्यक्तिहरुलाई वेदले आमाले जस्तै (स्नेह) गर्नु हुन्छ ।

इन्द्रोहन्नम्बुफेनैर्नमुचिदितिसुतं क्वापरो वाद एष ।
क्वेयं साक्षाच्छ्रुतिः प्राग्द्रूहिणहृदिचिदंशोदिता शास्त्रमूलम् ॥
नैवेदं शङ्कनीयं परशिवजनितस्येश्वरस्यास्त्यखण्डः ।
कालोऽयं प्राकृतानां व्यवहृतिगणितो वर्त्तमानादिभेदः ॥५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दितिको छोरा नमूचिलाई इन्द्रले समुद्रका फिंजले हानेर मारे भन्ने कुरामा अर्को के विवाद छ र? ब्रह्माको हृदयमा चिदंशबाट उत्पन्न भएको शास्त्रको मूल साक्षात् यो वेदको महिमा कहाँ ? वेदमा कुनै शङ्का गर्ने ठाउँ छैन। पर शिवबाट उत्पन्न भएको यो काल अखण्ड छ । अज्ञानीहरुको व्यवहारको निमित्तमात्र वर्तमान आदि भेदको गणना गरिएको हो ।

क्षेत्रं कृत्वा तु सत्यं कथयति जननी पुत्र तत्रैव गत्वा
कृत्वा क्लेशं यथार्हं सबलमलजलैः कर्षणैराप्यतेऽन्नम् ॥
इत्यम्बोक्तानुसारानुगमितमनुजेनाप्यते भूरिधान्यम्
तद्वच्छ्रुत्युक्तकर्मा वसति बहुसमाः सौख्यभाक् स्वर्गलोके ॥५२॥

खेत किनेर आमाले मल जल वल पूऱ्याई खनजोत गरे पछि अन्न पाइन्छ, इत्यादि आमाले भने अनुसार काम गर्दै जाने छोराले धेरै अन्न पाउँछ । त्यस्तै वेदले बताएको काम गर्ने वाला पनि सुख भोग्दै स्वर्गलोकमा धेरै वर्षसम्म बस्दछ ।

यावत् क्षेत्रं जनोऽयं हलयति विधिवत् तावदाप्नोतिधान्यम्
मुक्ते धान्ये तु तस्मिन् पुनरपि स जनस्तत्रगत्वोद्युनक्ति ॥
एतस्यां कर्मभूमौ श्रुतिवचनपरः कर्म यावद्विधत्ते ।
तावत्स्वर्गे निवासी पुनरिह स निवर्तेत धर्मार्जनाय ॥५३॥

कुनै व्यक्तिले विधिपूर्वक खेतमा जति खन जोत गर्दछ त्यति नै त्यसले अन्नवाली भित्र्याउँछ । धान प्राप्त गरिसके पछि पनि फेरि त्यस खेतमा गएर पहिले जस्तै धान प्राप्त गर्नको लागि त्यसरी नै खनजोत आदि उद्योग गर्नुपर्दछ । त्यस्तै वेदका बचनलाई मानेर जति पनि यज्ञादि कर्महरु गर्दछ, त्यति नै वर्षसम्म ऊ फेरि स्वर्गमा सुख भोग गरेर बस्दछ र फेरि यस पृथ्वीमा धर्म आर्जन गर्नको लागि जन्म लिन्छ ।

स्वर्गादावर्त्तमानोप्यतिविमलकुले जायमानः पृथिव्याम् ।
पूर्वाभिर्वासनाभिः श्रुतिविहितविधौ सक्तचित्त सतीभिः ।
पुण्यं प्राज्यंविधित्सुःकृपिकृदिव पुनःस्वर्गकामः फलेप्सुः
सत्संगी तीर्थसेवी- सुसकलदयितो निःस्पृहो धर्मशील: ॥५४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वर्गभोग सकेर फर्केको व्यक्ति अति उत्तम कुलमा पृथ्वीमा जन्मन्छ । पूर्वजन्मका सद्वासनाबाट अभिप्रेरितभई वैदिक विधिले विद्वान्हरुको संगतले आसक्त चित्त भई धेरै पुण्य प्राप्तिको निमित्त कर्म गर्दछ । जसरी कृपकले अन्न बाली बढाउन मेहनत गर्दछ त्यसरीनै त्यसलेपनि स्वर्गको फलको इच्छाले सबैको प्रियभई निःस्वार्थले सत्संग, तीर्थसेवा गरी धर्मपरायण हुन्छ ।

इत्थं स्वर्गे कदाचित् क्वचिदवनितले चक्रयन्त्राधिरूढम्
दृष्ट्वोद्धर्तुं जनं तं श्रुतिरति कृपया बोधयन्तीदमाह ।
द्वारा चित्तस्य शुद्धेरनुभवति जनोब्रह्म सच्चित्स्वरुपम् ।
सर्वेलोकास्दतर्थं कुरुत मुददितं स्वस्वजात्युक्तरीत्या ॥५५॥

यसरी कहिले स्वर्गलोक र कहिले मर्त्यलोकमा परी (कुम्मालेको) चक्र घुमेभैं तलमाथि गरिरहन्छ । त्यस्तो घुम्ने मानिसलाई देखेर वेद शास्त्रले अति करुणा गरेर त्यसलाई बुझाउदै भन्नुहुन्छ कि चित्तको शुद्धिद्वारानै मानिसलाई सच्चिदानन्द ब्रह्मको अनुभव हुन्छ । त्यसैले सबै मानिसहरुले त्यही सच्चिदानन्द ब्रह्मलाई पाउनको निमित्त मैले (वेदले) बताएको आ आफ्नो जाति अनुसारको काम गर्नुपर्दछ ।

योगक्षेमं वहन्ती श्रुतिरिहमनघा मातृवच्छास्तिबालान् ।
हन्तेहामुत्र यज्ञःसुखयति भवतः सोऽथ नित्यं विधेयः ॥
शुद्ध्यै चित्तस्य कर्माण्यहह विदधती नाशयं वेत्ति कश्चित्।
सन्दश्येष्टं यथार्भान् कटुरसमगदं पाययेद्रोगशान्त्यै ॥५६॥

योग (जुटाइदिने काम) क्षेम (जुटाएको बस्तुको रक्षा गर्ने काम) वहन गर्ने वेदशास्त्रले आमाले बालकलाई भैं रक्षा गर्नुहुन्छ । यज्ञले यसलोकमा र परलोकमा सुख हुन्छ त्यसैले यज्ञ गर भनी वेदमा बताउनुको तात्पर्य चित्त शुद्धिको लागि हो । यो आशय कसैले पनि बुझ्दैनन् । जसरी बालकहरुलाई पहिले मीठो औषधि खुवाएर तीतो औषधि खुवाई रोग शान्त गरिन्छ । त्यस्तै वेदको पनि यही आशय हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्थं पारोक्षवादं श्रुतिकथितमिमं नैव बुद्ध्वा फलेप्सु-
र्भूत्वा तत्कर्म कृत्वा त्रिदशगृहसुखं प्राप्य भुक्त्वा कियद्भिः ॥
वर्षैः पुण्येन रिक्तः स च धरणितले लब्धजन्मा पुनस्तत् ।
दुःखेनैवाभिभूतः परिणतिसमये स्याच्छ्रुतेराशयज्ञः ॥५७॥

यसरी कर्म फलमा इच्छा गर्नेले वेदले बताएको यस्तो परोक्षवादलाई नबुझेर यज्ञादि कर्म गरी स्वर्गको सुख भोग गर्दछ । जब पुण्य सकिन्छ तब फेरि पृथ्वीतलमा जन्म लिन्छ र दुःखले व्याकुल भएर रहन्छ । अतः श्रुतिको परिणाममा सुख दिने आशय बुझ्नुपर्दछ ।

आशां त्यक्त्वा फलस्य श्रुतिकथितमिदं कोविदैः कर्म कार्यम्
यत्कर्ता नेह भूयोजनिमरणजरादुःखशोकादिभोगी ॥
निश्चित्यैवं स लोकद्वयरसरहितो मार्गमन्वेष्टुकामः ।
संसारस्याप्रवृत्तेः स तु विमलमना सद्गुरुं ज्ञातुमिच्छेत् ॥५८॥

फलको आशा त्यागी वेदले बताएको सत्कर्म विद्वानहरुले गर्नुपर्दछ । जुन वैदिक (निष्काम) कर्म गर्नाले यस पृथ्वीमा हुने जन्म, मरण, बुढ्याई, दुःख, शोक आदि भोग गर्नुपर्दैन यसरी निश्चय गरेर यसलोक र परलोकको सुख भोगको इच्छाले रहित भएको सन्मार्ग खोज्न चाहने संसारदेखि विरक्त भएको र शुद्ध मन भएको व्यक्तिले सद्गुरु जान्न इच्छा गरोस् ।

अन्वेष्टव्यो गुरु सन् यमनियमपरः सर्वशास्त्राशयज्ञः ।
श्रद्धायुक्तोऽपि शिष्यो गुरुभजनपरोऽन्योन्यमेकाव्दवासात् ।
योग्यत्वं निर्णयेतां समितिरपितयोस्तत्पदप्राप्तिहेतुः ।
वेदान्तार्थस्यतत्त्वं प्रकटयति परं तत्वमस्यादि वाक्यैः ॥५९॥

सबै शास्त्रको आशय बुझेको, यम नियम गर्ने भएको सद्गुरु खोज्नु पर्दछ । एक वर्ष परस्परमा योग्यता निर्णय गर्नु पर्दछ । शिष्य पनि श्रद्धाले युक्त भएको गुरु भजन गर्ने हुनुपर्छ । ती दुवैको समिति नै परमपद प्राप्तिको कारण हुन्छ । तत्वमस्यादि वाक्यले वेदान्तको अर्थ परं तत्वलाई प्रकट गरिदिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवन्योषधिमानयेति गुरुणा प्रोक्तो व्रजन्जाङ्गले ।
मार्गे संप्रसृतेन्धनं भुजगवत् दृष्ट्वा भयेनाकुलः ॥
मा भैः काष्ठमिदं व्रजेत्यभिहितः केनापि तत्त्वाख्यया ।
भाति ब्रह्मणि सत्यवज्जगदिदं भ्रान्त्यामृषाऽपीत्यवैत् ॥६०॥

सञ्जीवनी औषधि ल्याउनु भनी गुरुले अराएको शिष्य जंगलमा जाँदा बाटोमा सर्प जस्तै गरी काठ पसारिएको देख्दा डराउनेलाई तत्त्वको व्याख्याद्वारा कसैले "नडराई जाऊ यो काठ हो" भनी चिन्हाए जस्तै यो जगत् पनि ब्रह्ममा भ्रान्तिले सत्य जस्तै लागे पनि झूठो भन्ने बुझोस् ।

आद्याचिन्ता शुभस्यैतदविरतविचारोऽथ सा स्याद्द्वितीया ।
चेतस्तैक्ष्ण्यं तृतीया चरमगुणयुगं प्रोझ्य सत्वे स्थिताया ॥
सा स्यात्तुर्याऽथ तुच्छीकृतसकलपदार्था तु पञ्चम्यवस्था ।
ह्यन्न्या भावंस्तु षष्ठी परपदमिलनं सप्तमी तुर्यगेयम् ॥६१॥

शुभको चिन्तानै पहिलो चिन्ता हो । त्यो शुभको निरन्तर विचार गरिरहनु द्वितीय चिन्ता हो । चित्तको तीक्ष्णता तेस्रो चिन्ता हो । अन्तिम दुइटा गुण (रजोगुण र तमोगुण) लाई त्यागेर सत्वमा स्थिति हुनु जो छ त्यो चौथो अवस्था हो । सम्पूर्ण पदार्थलाई तुच्छ सम्झिनु यो पांचौ अवस्था हो । अरु पदार्थलाई अभावको भावना गरेर परमपद मिलन तिर जानु यो छैठौं अंवस्था हो । सप्तमी तुर्यगा अर्थात् मोक्षमा जानु यो सातौं अवस्था हो ।

विश्वासो निश्चयो यैर्गुरुवचसिजनैर्न्यस्यते श्रद्दधद्भिः ।
धीरैर्वाज्ञैश्च तेषां मनसि च शनकैर्जायते भक्तिलेशः ॥
प्रायो भक्तास्तएवेतरपठितजना आगमाब्धौ निमग्नाः ।
अप्यज्ञानाभिभूताः सदसि हि विवदन्तो विमोहावृताङ्गाः ॥६२॥

श्रद्धायुक्त जनहरुले गुरुका वचनमा निश्चय गरी विश्वास राख्दछन् भने ती धीर हुन् वा अज्ञ हुन्, तिनका मनमा विस्तारै भक्तिको लेश उत्पन्न हुन्छ र ती प्रायः भक्त हुन्छन् र उत्तम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गति प्राप्त गर्दछन् । अरु पढेका मानिसहरु भने शास्त्रका समुद्रमा डूबेर पनि अभिमानले गर्दा, अज्ञानले युक्त भएका हुँदा सभामा विवाद गर्ने मोहले अङ्ग ढाकिएका हुन्छन् ।

सुत्राम्णा वृत्रदैत्यो हतः इति महिषोऽपि श्रियेत्याद्युदन्तम् ।
विद्वांसो यं यमष्टाधिकदशसु पुराणेषु जल्पन्ति तत्किम् ॥
अज्ञानं वृत्रवाहद्विषदसुर युगं शक्रलक्ष्मी द्वयन्तु ।
ज्ञानं भक्ति पुराणाब्धिमथनजनितं सारमित्याहुरार्य्याः ॥६३॥

इन्द्रले वृत्रासुर दैत्यलाई र महालक्ष्मीले महिषासुर दैत्यलाई मार्नु भयो । इत्यादि गुप्त रहस्यका कथाहरु पुराणहरुमा छन् । विद्वानहरुले १८ पुराणहरुमा जुन जुन कुराहरु भन्दछन् त्यो बुझ्नु पर्दछ ? वृत्रासुर र महिषासुर भनेको अज्ञान हो । इन्द्र र लक्ष्मी ज्ञान र भक्ति हुन् । त्यसैले अज्ञानरूपी वृत्रलाई ज्ञानरूपी इन्द्रले र महिषासुररूपी अज्ञानलाई भक्तिरूपी लक्ष्मीले नाश गर्नुभयो । आर्यहरु पुराणहरु मथन गरेर निस्केको सार यही हो भन्दछन् ।

तत्रार्यैः सारमन्यत्स्मृतमिह तदिदम्पीडनं यत्परेषां ।
तत्पापं या च तेषां उपकृतिरुचिता संहतिः श्रेयसां सा ॥
लोकानां वञ्चनाय व्यवहृतिनिपुणाः पण्डितं मन्यमानाः ।
सारज्ञानेन शून्याः खलजनरुचिदां दुष्कथां वर्णयन्ति ॥६४॥

आर्यहरुले पुराणको सार अर्कै संझेका छन् । अरुलाई पीडा गर्नु पाप हो र अरुहरुको उपकारको समूह नै पुण्य हो । आफूलाई पण्डित मान्ने लोकलाई ठग्ने व्यवहारमा निपुण भएका सार ज्ञानले रहित भएकाहरुले मूर्खजनहरुलाई रमाइलो लाग्ने दोषयुक्त कथा वर्णन गर्दछन् ।

तत्तत्तेनापि तस्मै क्रमशः इति ततस्तस्य तस्मिन्विभक्त्या ।
तत्तेतानीतिचैकद्विबहुवचनतः सुरयोर्थान् विदन्तः ।
शास्त्राण्यालोडयन्तो विलुलितमनसोनन्तरापातबोधा ।
यल्लभ्यं वस्तुतस्मिन्ननिहतमनसो वस्तुसन्नो वियन्ति ॥६५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत् (प्रथमान्त) तत् (द्वितीयान्त) तेन (तृतीयान्त) तस्मै (चतुर्थ्यन्त) यसरी क्रमश ततः (पञ्चम्यन्त) तस्य (षष्ठ्यन्त) तस्मिन् (सप्तम्यन्त) यसरी विभक्तिद्वारा अर्थात् तत्तेतानि यसरी एकवचन दुई वचन बहुवचनद्वारा विद्वानहरु अर्थको व्याख्या त गर्छन् तर शास्त्रहरुको आलोडन गर्दा चञ्चल मन भएका सामान्यतः आपात मात्र बोध भएका जो वास्तवमा लभ्यवस्तु हो त्यस्मा मन नलगाएकाहरुले सत् वस्तुलाई प्राप्त गर्दैनन् (बुझ्दैनन्) ।

भूयोभिस्त्यक्तगेहैर्विमलगुरुकुलाजस्रदुखाभिभूतै ।
बाल्यादारभ्य पुंभिर्बहुपिपंठिषयाऽनन्तशास्त्राण्यधीत्य ॥
हित्वा तच्छास्त्रसारं द्रविणमृगयया रञ्जयद्भिर्धनाढ्यान् ।
वाग्देवी नर्त्यते तैः प्रतिगृहमबुधैर्याचकैर्वानरीव ॥६६॥

धेरैजसो घरलाई त्यागी उच्च गुरुकुलमा निरन्तर दुःख सहेर बाल्यकालदेखिनै आरम्भ गरेर धेरै पढ्नका इच्छाले अनन्त शास्त्रहरु पढेर पनि त्यस्ता मनुष्यहरुले त्यो शास्त्रको सारलाई त्यागी धनको खोजीमा धनाढ्यहरुलाई रञ्जन गर्नको निमित्त प्रत्येक घरमा त्यस्ता अबुधहरुले वाग्देवी सरस्वती त्यसै गरि नचाइन्छिन् जस्तै बानरको खेल देखाउने याचकले बानरीलाई नचाउँछ ।

धीराः शास्त्रोदितार्थान् गुरुकुलनिरताः सन्ततं क्लेश भाजो ।
जानन्तो यानशेषानपि चलितधियो बोध्यवस्तुन्यसक्ताः ।
शास्त्रस्वारस्यहीना बहिरवगतयो ऽनर्थवाद प्रगल्भाः ।
माधुर्यं खण्डकादेरनुभवति खरः किं परं भारवाहः ॥६७॥

गुरुकुलमा बसेर सधै दुःख सही सम्पूर्ण शास्त्रले बताएको अर्थलाई जानेका धीर पुरुषहरु पनि बुद्धि चञ्चल हुनाले बुझ्नु पर्ने वस्तु बुझ्न नसक्ने भएका शास्त्रको वास्तविक अर्थले हीन भएका बाहिरी अर्थ मात्र बुझी अनर्थवादमा बकबाद गर्ने हुन्छन् । सखर आदिको भारी बोक्ने गधाले सखरको अति मीठो अनुभव गर्छ र ?

श्रुत्वा प्रश्नन्तु केपाञ्चन बुधसमितौ प्रोज्ज्वलत्स्वान्तरात्मा ।
श्रौतस्मार्तादिवाक्यैरखिलजनमनो रञ्जयित्वाऽपि गर्वम् ।
नादत्तेन्तर्गृहीतेश्वरपदकमलो भक्तिलेशेन युक्तो ।
योऽहङ्कारान्वितश्चेदिति विवदति केऽन्ये मदग्रे भणन्तु ॥६८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुधजनका समितिमा कसैले गरिएका प्रश्नहरुलाई सुनेर उज्वल अन्तरात्मा भएको (ती प्रश्नहरुको उत्तरमा) श्रौत स्मार्तादि वाक्यहरुद्वारा सम्पूर्ण जनका मनलाई प्रसन्न पारेर पनि जसले आफ्नो अन्तरमनमा भगवानको चरण कमलको आश्रय लिएको छ र भक्तिका लेशलेमात्र युक्त भएको छभने त्यसले त्यो प्रश्नको उत्तर मैले दिएँ भनी गर्व लिदैन । जो अहङ्कारले युक्त छ त्यसले विवाद गर्छ । म अतिरिक्त अरु को छन् ती मेरा अगाडि भनुन् ।

नाङ्घ्री यन्त्रे निधास्ये यदि निहितपदः स्यां तदोड्डीय नूनम्।
यास्यामित्येव कश्चित् कतममपि शुकं पाठयामास बाल्ये ॥
उत्तानीभूय यन्त्रे क्वचिदपि पठितं तद्ब्रुवन्तं शुकं तम् ।
व्याधोऽगृह्णाद् विपश्चित् वदतितु वचसा कर्मणा नैव तद्वत्॥६९॥

"यन्त्रमा खुट्टा राख्दिन, यदि खुट्टा राख्न पुगेछु भने अनि निश्चयनै उडेर भाग्ने छु" यस्तो कुरा कसैले कुनै सुगालाई बालककालमा पढायो । पाशो मा उत्तानो परेर कतै पढिरहेको त्यही सुगालाई कुनै बाठो व्याधाले समात्यो । वचनले भन्दछ तर कर्मले गर्दैन भने त्यस्तै हुन्छ ।

यस्मिन् कस्मिन् पुराणं कथयति पठिते ऽत्रागतःपण्डितश्चेत्।
किं जानन्नस्मदग्रे प्रकथयति विनिन्द्येति चान्यत्र याति ॥
तत्र प्राप्तस्तु मूर्खो विबुधसहचरो भक्तिमाधाय चित्ते ।
श्रुयात् कायेन वाचा नियमितमनसा तत्समाप्तिं प्रतीक्ष्य ॥७०॥

कुनै पनि पुराणकथा भइरहेको ठाउँमा कुनै पण्डित आए भने (उनले) भन्दछन् कि "हाम्रा अगाडि के भन्दछन् ?" भनी उनको निन्दा गरी अत्यन्तै हिंड्दछन् । तर त्यस ठाउँमा विद्वानको संगत पाएको अज्ञानी व्यक्ति पुग्योभने त्यही बसी कथा समाप्तिको प्रतीक्षा गरी तन मन वचनले मनमा भक्ति गरी सुन्दछ ।

आशापाशेनबद्धो धनचयनरतो ऽनुक्षणं जृम्भणे ऽपि ।
व्यादायास्यं कदेति प्रलपति पठितो भूपजन्मोत्सवादि ॥
तत्सङ्गादेव मूर्खोऽङ्गुलिरवमसकृत् संविधाय ब्रवीति ।
श्रीकृष्णेत्यादिनामाऽज्ञपठितजनयोः पश्य कीदृग्विशेषः॥७१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आशारूपी पासोले बाँधिएको, धन कमाउनमा लागेको व्यक्ति पठित भए पनि हरेक क्षण (हाइगरी) मुख बाउँदा पनि राजाको जन्मोत्सवादि कहिले पर्ला भन्दछ (तर) त्यही व्यक्तिको संगतले मूर्ख व्यक्ति औंलाले वारम्वार चूड्की बजाउँदै श्रीकृष्ण आदिनाम भन्दछ । हेर! पठित र अज्ञानी व्यक्तिमा कस्तो विशेषता हुँदो रहेछ ।

हन्तानार्यस्य शिष्या: स्वयमपिगिलितस्यैव मायापिशाच्या ।
विद्वांसं मन्यमाना अहमहमिकयोरस्थलं ताडयन्त: ॥
कुर्वन्तो नेदमित्थं मतिविरहवशादेकत: शास्त्रभावं ।
व्याख्यान्ते वान्यथैषां गुरुरहिगिलितार्द्धाङ्गभेकोपमान: ॥७२॥

दु:खको कुरा छ कि आफैं ती मायारूपी पिशाचीले निलिएका अनार्यका शिष्यहरु आफूलाई विद्वान मान्ने भएका म (यस्तो) भनी घमण्ड गर्दै तिघ्रा ठटाउने भएकाहरुले बुद्धि ठीक नहुनाले एकातिरको शास्त्रको भावलाई यो यस्तै हो भनी नबुझी अन्यथा व्याख्या गर्दछन् । यिनीहरुको गुरु सर्पले आधा निलिएको भ्याकूतो ले झिंगा खानलाई मुख वाए जस्तै हो ।

भोज्या नानापदार्था सुरभिरसभृता: कोमलान्यासनानि ।
शय्या मृद्वी विचित्रा कनकरुचिनिभप्रच्छदा दुग्धफेनै: ।
तुल्या गावो महिष्यो नयनरुचिकरा:पण्डिता वीक्ष्य सर्वम्॥
मोदन्तो पायुशूलो विविधरसयुतं मिष्टमन्विच्छतीव ॥७३॥

गोरसले पूर्णभएको नाना प्रकारका खानेकुराहरु, नरम आसनहरु, सुनौला रङ्गको विचित्र लचिलो शय्या, दुधको फीज जस्तो (सेता) तन्ना हेर्दा राम्रो लाग्ने भने जस्ता गाई भैंसीहरुले परिपूर्ण भएको व्यक्तिले यी सबै कुरालाई देखेर ज्ञानीहरु रमाउनु त पायुशूल (हर्षाको रोग) हुनेले विभिन्न रसले युक्तभएको मीठो कुरा खान इच्छा गरे जस्तै हो ।

पृष्ट: पौराणिक: कश्चन धनिकजनान् वञ्चयन्नर्थमिप्सु:।
केनापि क्षत्रियेणत्वमसि वद गुरो वञ्चको वाऽथ साधु:।
इत्येवं सोपि रोषात् कथय कथमहं वञ्चक: किन्तु साधु:।
साधुश्चेद्याहि शीघ्रं विपिनमितिवच: कर्णयन्विस्मितोभूत् ॥७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धनी मानिसहरुसँग पैसा ठग्ने कुनै पौराणिकलाई कुनै क्षत्रियले "हे गुरु ! तपाई ठग हो कि साधु?" भनी सोध्यो । यसरी सोध्दा त्यस पौराणिकले भन्यो– "भन म कसरी ठग भएँ?, म त साधु हुँ । साधु भए तुरुन्त वनमा जाऊ"। क्षत्रीको यस्तो वचन सुन्दा पौराणिक चकित भयो ।

यत्नाच्छ्रुत्युक्तिगोपैरतिगहनतपः कानने चारितानाम् ।
विद्वद्विप्रर्षभाणां सदशनविकलाल्लोभिनो ये पलाय्य ॥
संसारक्षेत्रजातान् विपयरसनिभव्रीहिगुच्छांश्चरन्त- ।
स्ताड्यन्ते दण्डहस्तैः कृषिकृदुपमितैरुत्पथा याम्यदूतैः॥७५॥

अति गहन तपस्या रूपी वनमा वेदवचन रूपी गोठालाद्वारा यत्नपूर्वक चराइएका (पढाइएका) ठूला विद्वान ब्राह्मणहरु मध्ये जो मीठो कुरा खाने लोभले भागेर कुवाटोमा लागि संसार रूपी खेतमा फलेका विषयरस रूपी धानका गुच्छा (खाने) चर्नेहरु कृषकले जस्तै हातमा दण्डलिएर यमदूतद्वारा कुबाटोमा हिंड्नेहरु पिटिन्छन् ।

तत्तच्छास्त्रं पठित्वा तुददितसरणिं गच्छतां पण्डितानां ।
नूनं ज्ञानोदयः स्यात्क्वचिदपि शनकैर्नार्थमात्रेण किञ्चित्।
तस्माच्छास्त्रोदितार्थानवरतमननाद्वस्तुनो निश्चयःस्यात् ।
मन्दं मन्दं ततोऽपि प्रतिदिवसमनुध्यानतस्तत्त्वदर्शी ॥७६॥

त्यही शास्त्र पढेर त्यसैले बताएको बाटोमा हिंड्ने पण्डितहरुको निश्चयनै विस्तारै अर्थ मात्र नभई केही ज्ञानोदय पनि हुनेछ त्यसैले शास्त्रले बताएको अर्थहरुलाई लगातार मननद्वारा बस्तुहरुको निश्चय हुनेछ । अनि विस्तारै प्रतिदिन निदिध्यासनद्वारा तत्त्वदर्शी हुनेछ ।

प्रोक्तं केनापि बाढं नियमितमनसा योगिना व्योम्निघण्टा-
नादः प्राणप्रयाणे मम यदि न भवेत् जन्म भूयोंप्यवश्यम्॥
ज्ञात्वा शिष्या भवन्तो मृगयितु मनसस्तर्कयित्वा जनिं मे,
धीरा मामुद्धरेयुर्भवति हि चपला संयताप्यक्षवृत्तिः ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै योगीले मन संयम गरी प्रतिज्ञा (तथ्य) भन्यो, प्राण जाने वेलामा यदि आकाशमा घण्टाको आवाज भएन भने मेरो पुनर्जन्म अवश्य भयो भन्ने जानेर हे धीर शिष्य हो ! तिमीहरुले मनले तर्क गरी मेरो जन्म कहाँ भयो ? खोज्नू र मेरो उद्धार गर्नू । संयम गरेपनि इन्द्रिय (आँखा)को वृत्ति अति चञ्चल हुन्छ ।

प्राप्तेकाले तु तस्मिन् निधनमुपगते न श्रुतस्तन्निनादः ।
संखिन्ने शिष्यवर्गे सति समुपगतः कोऽपि योगी महात्मा॥
अस्मद्भाग्यादिदानीमपि समुपगतो ऽस्मद्गुरो कुत्र जन्मः ।
स्यादित्येव विचार्य प्रतिवदतु भवान्नाद्य घण्टानिनादः।७८।

अन्त्य वेला भएर ती योगीको प्राण गए पछि त्यो (घण्टाको) आवाज सुनिएन । शिष्य वर्ग खिन्न भएका वेलामा कुनै योगी महात्मा (त्यहाँ) - आइ पुग्नु भयो । शिष्यहरुले भने) हे हजूर ! हाम्रो भाग्यले यस्ता अवस्थामा आइपुग्नु भयो । यो कुरा विचार गरेर भन्नुहोस् कि हाम्रो गुरुको कहाँ जन्म भयो ? आज घण्टा किन बजेन ?

कुत्रैप त्यक्तदेहोऽभवदिति कथयंस्तत्रतद्वच्छ्रयानो ।
दृष्ट्वोर्ध्वाक्षः स योगी किलविवृतमुखं दाडिमं चातिपक्वम्।
उत्तार्य स्फोटयित्वा तुददरगकृमिं तारकं श्रावयित्वा ।
तस्मिन् कीटे फलस्थे मृतमुपगतेऽनीनदद् व्योम्नि घण्टा ।७९॥

"यिनको कहाँ देह त्याग भयो ?" यस्तो भन्दै त्यही ठाउँमा त्यसरी नै सुतेर माथितिर आँखा हेर्दा ती योगीले पाकेर पट्ट फुटेको दारिम देखेर त्यसलाई टिपी हेर्दा देखिएको कीरोलाई तारक (मन्त्र) सुनाए । त्यो फलको कीरो मोक्ष भएपछि आकाशमा घण्ट बज्यो ।

चौर्येसत्यर्थदस्योः कतरउपगवेष्यः पुरेत्यूहनीयम् ।
नान्वेष्यो दस्युरेव प्रथममिति जगद्रीतिरुक्त्या महद्भिः ॥
एवं भ्रान्त्यादिदस्यून् मुषितशिवमणीन्धीचरेणोपनीतान् ।
निःशङ्कं तान्निगृह्य स्वयमतिनिपुणैर्लभ्यते सन्मणिः सः॥८०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चोरी भएपछि धन चोराउने को हो ? पहिले त्यसको खोजी गर्नु पर्दछ । किन्तु त्यो भन्दा पहिले तर्क गर्नुपर्छ केवल चोरको खोजी मात्र गर्न हुन्न, यस्तो संसारको रीति ठूलाले भनेका छन् । यसप्रकारले शिव रूपी मणिलाई चोराउने भएका भ्रान्ति आदि चोरलाई बुद्धि रूपी गुप्तचरले समातेर ल्याइएका (चोर) लाई निःशङ्क भएर तिनीहरुलाई निग्रह गरेर (दण्डदिएर) स्वयं अति निपुण छ भने त्यो मणि प्राप्त गर्दछ ।

एतत् व्याप्यैव विश्वं स्थितमुपदधतां ब्रह्म तेषां समस्तो-पाधीनां
नाशको यः स भवति जगतामन्यथा कर्तुमीशः ॥
कर्तुं वा नापि कर्तुं शिथिलितहृदयग्रन्थिराप्लुष्टकर्मा ।
निःसन्देहोमहात्मा विदितशमसुखो मुक्त एवं सजीवन् ॥८१॥

यो विश्वमा व्याप्त भएर रहेको समस्त उपाधिहरुको जसले नाश गरेको छ त्यसले यो जगत्लाई तिरस्कार गर्न सक्दछ । गर्न र नगर्न पनि सक्ने हृदय ग्रन्थी खुलेको कर्म भुटिएको इन्द्रिय रोक्नाले सुखमय (जगत्) बुझेको महात्मा निःसन्देहनै जीवन्मुक्तहो ।

यल्लब्ध्वानोन्मनाः स्यान्मृगयितुमपरं येन तद्वस्तुलभ्यम् ।
तन्मार्गं सेवमानान् ग्रसति पथिजनान् कापि माया पिशाची ।
गम्यः सोध्वा न केषामिति खलकथया संश्रयन्तः कुमार्गान् ।
सन्मार्गं सन्त्यजन्तो भवगहनवनात् केऽपिनेशा निरेतुम् ॥८२॥

जुन वस्तु पाएर मनुष्य फेरि कुनै वस्तु पाउने इच्छा गर्दैन जुन मार्गद्वारा त्यो वस्तु प्राप्त गरिन्छ त्यस मार्गतिर जान लागेका पथिकहरुलाई कुनै मायारूपी पिशाचीले खाइ दिन्छे । "त्यो कसैले पनि जाने बाटो हुँदै होइन ।" यस्तो कुनै दुष्टको कथनले कुमार्गलाई आश्रय लिएर सन्मार्गलाई त्याग गर्नेवाला व्यक्तिहरु संसार रूपी गहन वनबाट कहिल्यै पनि बाहिर निस्कन (समर्थ हुँदैनन्) सक्दैनन् ।

गीतायामर्जुनायेतिखलजनमतं बोधयन्नाह कृष्णो ।
लक्ष्याणां वै नृणां श्रद्दधति परपद प्राप्तये द्वौत्रयो वा ।
तेषां मां वेत्ति कश्चित् कृतगुरुशरणो हीन्द्रियाणां नियन्ते-
त्याक्षेपो यान्न चेदुत्कयति ननु नरास्ते नराकारलोष्टाः ॥८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्णले गीतामा अर्जुनलाई मूर्खजनको विचार बुझाउँदै भन्नु भयो–परम पद पाउन लाखौ मानिसमा २–३ जना मात्र श्रद्धा गर्दछन् । तिनीहरु मध्ये इन्द्रियलाई निग्रह गरेका गुरुको शरणमा परेका हरुमध्ये कसैले मात्र मलाई चिन्दछन् । यस्तो भनाइले पनि जसमा ज्ञानको जिज्ञासा हुँदैन ती नर आकारका खोष्टा हुन् ।

यानन्यान्कापथान् कण्टकनिभवचनैर्भूरिभिर्वारयित्वा–
ऽध्यस्तां मायापिशाचीमवगमितवतार्य्येणजुष्टः सुमार्गे ।
भीतो प्राप्तान्यमार्गस्तिमितपदयुगः संस्मरन्तत्सुदक्तीः
मन्दं गच्छन् पदन्तदुदरधिगममपि प्राप्तवानार्ययुक्त्या ॥८४॥

अरु जुन जुन कुबाटाहरु छन् तिनलाई धेरै काँढा रूपी (जस्ता) वचनले बाटो छेकेर बस्ने मायापिशाचीलाई चिनेका आर्यहरुले उपयोग गरिएका सुमार्गमा (हिँड्दा) भूलले अर्को बाटोमा पुगी पथभ्रष्टभई डराएको व्यक्ति गुरुको सदुक्तिलाई संझदै बिस्तारै हिंड्दै गयो भने दुर्गम ब्रह्म पदमा गुरुले बताएको युक्तिले पुग्दछ ।

सेयं माया पिशाची कुसरणिनिरतान् भक्षति प्राणिनो यां–
स्ते वै मार्गानुरक्तान् ग्रसति पथि यतीशानिति व्यत्ययज्ञाः॥
भ्रान्ताः संसृत्यटव्यां क्षणिकसुखमिदं हस्तकण्डूतितुल्यम् ।
प्राज्यन्तन्मन्यमानाः प्रतिदिनमवशा यन्त्रिताः कर्मवल्या ॥८५॥

सन्मार्गमा अनुरक्त भएका यतिराजहरुलाई मार्गमा यो माया पिशाची जो छ त्यसले खाइदिन्छे, अनि ती कुमार्गमा निरत हुन्छन् । व्यतिक्रमलाई जान्ने भएतापनि संसाररूपी जंगलमा भूलले हराएका अनि विषय सुखलाई हातमा भएको लुतो जस्तो कन्याउँदा एकक्षण सुखदिने विषयलाई धेरै ठूलो मान्ने भएका प्राणीहरु कर्मरूपी बन्धनले बाँधिंदै जान्छन् र विवश हुन्छन् ।

घण्टाकर्णोत्ररक्षः शिखरिणि वितथासीत् प्रथा क्वापि देशे ।
घण्टामादाय चौरः क्वचिदपिदिवसे तत्र धावन् मृतोऽभूत् ।
कीशव्याधूतघण्टारवमवनिपतेः कर्णयित्वा मृतं तम् ।
दृष्ट्वा राज्यं जिहासो रपलपति शतं कार्षिकं काऽपि धूर्ता:॥८६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै देशको पर्वतमा घण्टाकर्ण राक्षस छ । यस्तो हल्ला चलेको थियो । कुनै दिन चोर घण्टा लिएर दौडदै मऱ्यो । बाँदरले बजाएको त्यही घण्टाको आवाजले त्यो चोरलाई घण्टाकर्णले माऱ्यो भन्ने हल्ला सुनेर राज्यलाई त्यागगर्न तत्पर राजा सित कुनै धूर्ता स्त्रीले सय कार्षिक (रुपैया) ठगिन् ।

विन्यस्तं स्वात्मकुम्भे विमलमतिपयश्चित्तमन्थानदण्डम् ।
निर्मथ्याज्ञानमुख्यान् रस विकलतया तक्ररूपान्निरस्य ।
उद्भाव्य ब्रह्मसर्पिः परममहरहः साधको ऽश्नीत धीरो ।
मन्यन्ते ये विकारं भवदधिविगुणं स्वादु तत्प्रोभ्क्य धिक्तान् ॥८७॥

आफ्नो आत्मारूपी घडा शुद्ध विचाररूपी मदानीले रस लिने इच्छाले मथन गरि मुख्य अज्ञानरूपी महीलाई फ्याकेर ब्रह्मरूपी घिउ निकाली दिन दिनै धीर साधकले खाओस् । त्यस्तो घिउ छाडी गुण नभएको विकार संसाररूपी दहीलाई जसले मीठो मान्दछन्, तिनीहरुलाई धिक्कार छ ।

भस्मीकुर्वन्समस्तं श्वसनसहचरो रोहिताश्वः पदार्थान् ।
किञ्चाज्याद्यैःसमिद्धोऽपि च सलिलझरैर्नाशमायाति नान्यैः॥
अज्ञानाग्निर्विमोहानिलसखविषयाज्यप्रवृद्धोऽपि नश्येत् ।
भक्त्यम्भोभिर्हृदिन्दूहकरभृतविवेकाम्बुधीन्दूपलर्द्धैः ॥८८॥

वायुनै मित्रभएको घिउ आदिद्वारा बढेको अग्नि सम्पूर्ण पदार्थलाई भस्म गर्ने भएपनि प्रशस्त पानीको झरद्वारा नाश (प्राप्त) हुन्छ, अन्य उपायले हुँदैन । यसै गरी मोहरूपी वायु मित्र भएको विषय रूपी घिउले बढेको अज्ञानरूपी अग्नि जो छ, त्यो हृदयको तर्करूपी चन्द्रमाद्वारा बढेको विवेक रूपी समुन्द्रको चन्द्रमाको शीतल भक्ति रूपी जलद्वारा मात्र नाश हुन्छ (अरूद्वारा हुँदैन) ।

अन्यैर्निर्वापितोग्निः प्रभवति स पुनः प्रागनिःशेपितत्वात् ।
तोयैर्निर्वापितसन्नुदयति न पुनर्लेशराहित्ययोगात् ॥
मीमांसा सांख्य–तर्काद्यधितगतमतिजास्मादिवज्ज्ञान लुप्तो–
प्यज्ञानाग्निःपुनः संभवति विरहितस्तत्र वेदान्तवारिः ॥८९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरु बस्तुले निभाइएको आगो पूर्ण रूपले ननिभ्ने हुनाले फेरि उत्पन्न हुन्छ । पानीले निभाइएको आगो लेश पनि बाँकी नरहने हुंनाले फेरि देखिंदैन । मीमांसा, सांख्य, तर्क आदिबाट प्राप्त भएको ज्ञान ढुङ्गाले भैं ज्ञान छोपिएको भए पनि अज्ञान अग्नि वेदान्तरूपी जलले रहित हुनाले फेरि प्रकट हुन्छ ।

तद्ग्रामस्थ: श्रूत:कोऽयमिति परिचितुं ये क्रमात् प्रेषितास्तै: ॥
नो दृष्टो दृष्टमात्र: स इति परिचितोऽज्ञाल्पबोधातिबोधै: ॥
चार्वागाद्यैरदृष्टं ह्यनुमितिरसिकैस्तार्किकैर्दृष्टमात्रम् ।
दृष्ट्वा मत्वानुभूतं दुरधिगममपि ब्रह्मवेदान्तविद्भि: ॥९०॥

(जसरी) त्यो गाउँमा बस्ने प्रसिद्ध छ भनी सुनिएको व्यक्ति को हो ? यही हो भनी परिचय लिन जो कसैले पठाइए तिनीहरु मध्ये नदेख्ने अज्ञ हो, खाली देख्ने मात्र अल्पबोध हो । त्यो यही रहेछ भनी परिचय लिने अतिबोध हो । त्यसरी नै त्यो ब्रह्म वस्तु नदेख्ने चार्वाक हो, रसिक तार्किक हरुले अनुमानले मात्र देख्छन् । तर चिन्नै (बुझ्नै) नसकिने भए पनि ब्रह्मलाई वेदान्तीहरुले देखेर अनुमान गरेर अनुभव गर्दछन् ।

सद्वस्तु प्राप्तुकामोऽतिगहननिगमे मार्गमाण: समन्तात् ।
कुट्यास्तस्यैकदासौ निकटमुपगत: पञ्चकक्षा अगम्या: ॥
दृष्ट्वान्नप्राणचित्तावगतिसुखमया: साधकान्भ्रामयन्ती: ।
सद्योगास्त्रैर्बिभिद्य क्रमश: उपगतोऽभ्यन्तरं स्वं ददर्श ॥९१॥

सद्वस्तुलाई प्राप्त गर्न चाहने व्यक्तिले अतिगहनवेदमा चारैतिर खोज्दै गरेको (त्यो) व्यक्ति एक दिन पार गर्न नसकिने पाँच कोठा भएको (त्यस्तो) कुटिको नजिकमा पुगी (त्यहाँ) साधकहरुलाई घुमाइरहने अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय, आनन्दमय कुटीहरुलाई सद्योगरूपी अस्त्रले भेदन गर्दै क्रमश: नजिकपुगेर भित्र आफूरूपीधनलाई त्यसले देख्यो ।

तद्वस्तु ब्रह्मविष्णुत्रिपुरहरमुखैर्देवतैर्नारदाद्यै: ॥
अप्यन्वेष्यं तदस्मद्हृदयकुहरगं नास्ति लभ्यं यतोऽन्यत् ।
अन्यत्रान्यत्र यच्चेदनुभवति सुखंतत्सुखं स्यादनित्यम् ।
स्वान्त सौख्यं तु नित्यंमृगयति हि यथा विस्मरन्कण्ठरत्नम् ॥९२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो वस्तु मुख्य (देवताहरु) ब्रह्मा, विष्णु, महेश्वर र नारदादि ऋषिहरुले पनि खोजी गरिने भए पनि त्यही) वस्तु हाम्रो हृदय गुफामा नै छ, यहाँ हृदयमा (वाहेक) अन्यत्र छैन । अरु अरु ठाउँमा जुन सुख अनुभव भएको छ, त्यो अनित्य हो । भित्री आत्माको सुख नै नित्य हो । घाटीमा भएको रत्न भुलेर अन्यत्र खोजे जस्तै सुख पनि त्यस्तै हो ।

तद्वस्तु त्वदितीयं श्रुतिरपिवदति ह्यागमोऽन्यस्तदेव ।
तत्कुट्य: सन्त्यनन्ता: कथमनितरता साधकैस्तस्यबोध्या ॥
हेम्न्येकस्मिन्ननन्ताभरणवदखिलं विष्टपं तत्स्वरुपम् ।
तल्लिप्सो साधकस्यातिसरलसरणिर्दर्शिता वेदविद्भि: ॥९३॥

वेदले पनि त्यो वस्तु अद्वितीय भनेको छ, अर्को आगमले पनि त्यस्तै भनेको छ । ती कुटीहरु अनन्त छन् । साधकहरुले कसरी त्यस्को अभिन्नता बोध गर्दछन् । एउटै सुनमा अनन्त गहनाहरु बन्दछन् । (त्यसरीनै) यो विश्वनै त्यस्को स्वरुप हो । त्यसलाई पाउन चाहने साधकको निमित्त सरल बाटाहरु वेद जान्नेहरुले बताएका छन् ।

आखेटाय प्रविष्टा वनमतिगहनं निर्गता सिंहभीत्या-
स्माकं ग्रस्ता: कतीति स्वगणनविरहादेकमप्राप्य भीता: ॥
मन्वाना ग्रस्तमेकं सहचरविरहेणेव रोरूयमाणा: ॥
अज्ञानात् ब्रह्मतद्वत् स्थितमपि परितो नैव जानन्ति लोका: ॥९४॥

शिकारको निमित्त अति गहनवनमा प्रवेश गरी सिंहको डरले बाहिर निस्की हामीहरु मध्ये कतिलाई सिंहले खायो भनी आफूलाई छाडेर गन्दा एउटा व्यक्ति नपाउँदा त्यै एउटा व्यक्ति सिंहको ग्रास वनेछ भन्ने ठानेर साथीको विरहले रोइरहेका व्यक्तिहरु जस्तै लोक (मानिस)हरुले पनि त्यस्तै प्रकारले चारै तिर रहेको त्यो ब्रह्मलाई अज्ञानले गर्दा जान्दैनन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्म श्रोत्रानुमानात्सदसदितिमनः शङ्कितं नैव कार्यम् ।
ह्यन्योन्यं वैरिभूतैरपिकतमभयात् धार्यते पञ्चभूतैः ॥
देहोऽयं यद्वद्दर्वीपतिगमितभटा यासु कासु क्रियासु ।
प्राक्कार्यस्यासमाप्तेर्धैरणिपतिभयात् प्रोझ्य वैरं सचित्ताः९५।

ब्रह्म सुनेर अनुमान गरेर सत् असत् के हो भनेर मनमा शंका गर्नू ठीक होइन । आपसमा वैरत्व भएका पञ्चमहाभूतहरु पृथ्वी, जल, तेज, वायु, आकाशले कसैको डरले) यो देह धारण गरेका छन् । जसरी राजाले पठाइएका जुनसुकै काममा पनि सिपाहीहरुले (राजाको) कार्य समाप्त नभएसम्म वैरत्व हटाई एकचित्त भएर राजाको डरले काम गरेका हुन्छन् त्यस्तै यो शरीर पनि प्रारब्ध कर्म समाप्त नभएसम्म कर्ममा लागि रहन्छ ।

चैतन्यं भौतिकेऽस्मिन् जडवपुषि कुतो नास्ति चेद् ब्रह्म सत्यम् ।
भूतानां यत्र यत्र प्रभवति समितिस्तत्र तस्योद्भवोऽस्ति ॥
एवं चेत्कःसमेता मरुदनलपयो मेदिनीनां कुलालं
हित्वा चक्रादयो ऽन्ये विदधति कलशं किं समेत्य स्वयंऽस्म ॥९६॥

यदि ब्रह्म ईश्वर सत्य नभए यो पञ्चभौतिक जड शरीरमा चेतना कहाँबाट हुने ? जहाँ जहाँ पञ्च महाभूतको संमेलन हुन्छ त्यहाँ त्यहाँ त्यो ब्रह्म चैतन्य देखा पर्दछ । यदि त्यसो नभए हावा अग्नि पानी र माटोलाई प्रेरणा कसले गर्ने ? कुमालेलाई हटाएर के ती अरु दण्ड चक्रादिहरुबाट मात्र माटाको कलश के आफै संमिलित भएर बन्छन् ?

ब्रह्मेदं यत्तदेतत् परमपरमदो वाचितं सर्वनाम्ना ।
तस्मिन्नध्यासयोगात् भवति तव ममान्यस्य भेदो जनानाम् ॥
रज्जौ यद्वद्भुजङ्गभ्रमजनितभयव्याकुलीभूय तिष्ठन् ।
तावल्लोको मुमूर्षुर्यदवधि नभवेत् रज्जुरेवेतिबुद्धिः ॥९७॥

यो ब्रह्मवस्तु यो जो त्यो यही पर अपर यस् आदि सर्वनामको वाचक हो । त्यस ब्रह्ममा मानिसहरुको अध्यास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अन्यथा दृष्टि) ले गर्दा तेरो मेरो र अर्काको भन्ने भेदबुद्धि हुन्छ । जस्तै भ्रमले गर्दा डोरीलाई सर्प संझी व्याकुल भएर मुमूर्षु मानिस तवसम्म डराई रहन्छ जवसम्म यो डोरी नै हो भन्ने उसलाई बुद्धि हुँदैन ?

नायं बद्धो नमुक्तो न च विषयसुखी नैव दु:खी न देवो ।
नायं ब्रह्मा न विष्णुर्न पशुपतिरयं नासुरो नैव रक्ष: ॥
नायं मर्त्य: पशुर्नो न च धरणिपतिर्न प्रजा स्त्री न नाऽयं ।
कश्चेत् सर्वात्मकोऽसौ त्रिभुवन विषयेऽहर्निशं बाभ्रमीति ॥९८॥

यो ब्रह्म न बद्धछ न मुक्त, न विषय सुखी हो न दु:खी, न ब्रह्मा, विष्णु, महेश्वर, पशुपति, असुर र कुवेर नै हो । न यो मनुष्य, पशु, राजा प्रजा स्त्री, पुरुष नै हो अर्थात् कुनै बस्तु दृश्य पदार्थ अदृश्य पदार्थ पनि होइन । त्यसो भए त्रिभुवनको विषयमा रातो दिन अति घुमिरहने सर्वात्मरुप यो ब्रह्म को हो ?

प्रत्यक्षीकर्तुकामा इतरजनकृते कारणं कार्यलीनं,
तस्मात् कार्यात् पृथकत्वं गमयितुमृषय: प्राग्वसिष्ठादयोऽपि ।
नेशा मृत्कुम्भयोर्वा किलपटदशयो: कम्बलोर्णाख्यलोम्नो: ।
द्वैधी कर्तुं जनो न प्रभवति विविधैरप्युपायैश्च तद्वत् ॥९९॥

कार्यमा विलीन भएको कारणलाई अरुको निमित्त प्रत्यक्ष गर्न चाहने पहिलेका वसिष्ठादि ऋृषिमुनिहरुलेपनि त्यस कार्यबाट कारण-लाई बेग्लै बनाउन सकेनन् । जसरी घडा र माटो, धागो र कपडा,ऊन र कम्बललाई मानिसले अनेक उपाय गरेपनि वेग्लावेग्लै रूपमा छुट्याउन सक्दैन (त्यस्तै कार्य र कारणपनि अभिन्न छ)॥

चिद्धेतु: कार्यमेतत् यदि दृगविषयं कारणं केन जातम् ।
द्वावेवान्यत्र दृश्यौ नयनविषयगं स्यात्तदत्राप्यवश्यम् ॥
इत्याद्यैर्मार्गयद्भिर्मुनिभिरनुदिनं वेदवेदान्तविद्भि: ।
कार्यं व्याप्य स्थितं तद् बहुभिरनुमितं शक्तिरूपेण भाति ॥ १००॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो संसार कार्यको कारण चैतन्य होभने त्यो कारण दृष्टिको अविषय (अदृश्य) किन भयो ? दुवैनै अन्यत्र दृष्टिगोचर हुनेभए त्यो यहाँपनि अवश्य देखिनु पर्ने ? इत्यादि विषयमा सधैं खोजी गर्ने वेद वेदान्त जानेका धेरै ऋषि मुनिहरुद्वारा कार्यमा नै कारण लीन भएर शक्ति रुपले प्रकाशित भइरहेको कुरा अनुमान गरिएको छ ।

सा चेच्छक्तिर्जनानां कतिषु सुमहती कुत्रचिन्मध्यमेयं,
स्वल्पा कुत्रापि कस्मादखिलतनुभृतां नैव साधारणा किम् ॥
घोरे दुष्प्रोत्तरेऽस्मिन् महति भववने कर्मलम्बव्रतत्यां,
लोकानां यन्त्रितानां वपुषि निवसति स्व-स्वभाग्यानुरूपा ॥१०१॥

यदि ती शक्ति शक्तिरूपा हुन्भने मानिसहरुमध्ये कुनैमा उत्तमा, कसैमा मध्यमा र कसैमा अल्पा कसरीभइन्? संपूर्ण शरीर धारीहरु-मा उनी साधारण किन भइनन् ? डरलाग्दो, पारगर्न गाह्रो यस संसाररूपी महान्जंगलमा कर्मरूपी लामोलहरामा नियन्त्रित मानिसका शरीरमा आ-आफ्नो भाग्यानुरूपले ती शक्ति रहेकी छन् ।

तद्ध्यानं नानुमानात् कथमितरजनैर्ध्यायते श्रद्दधद्भिः ।
तेषामर्थे मुनीन्द्रैः सकरुणहृदयैः दर्शितोध्यानमार्गः ॥
पूर्वं ध्यात्वा विराजं सगुणमविरतं स्वेष्टमार्योपदिष्टम् ।
शुद्धीभूतेऽथचित्ते सति विबुधजनाः कारणं प्राप्नुवन्ति ।१०२।

त्यो ध्यान अनुमानद्वारा हुँदैन, अन्यथा श्रद्धा गर्ने वाला श्रद्धाले अनुमान न जान्नेवाला अरु इतर जनहरुले कसरी ध्यान गरिन्थ्यो र ? तिनीहरुका निमित्तमा करुण हृदय भएका मुनीन्द्रहरुले ध्यान मार्ग देखाइएको छ । पहिले सगुण विराज पुरुषलाई निरन्तर ध्यान गरेर आर्यद्वारा उपदिष्ट जनहरु आफ्नो इष्टदेव प्रति श्रद्धा भएपछि (चित्त शुद्ध भएपछि) ती विद्वान जनहरुले आफ्नै चित्तमा कारण तत्वलाई (परं पुरुष ईश्वरलाई) प्राप्त गर्दछन् ।

आसीना जन्तवो ऽन्ये ऽवनिसमयपदार्थेषु तस्यैकदेशे ।
दृश्यन्तेऽन्यत्रकुत्रापि नदृशिपथगास्तच्च्युतास्ते प्रथन्ते ॥
सर्वाणि व्यक्तिमात्राण्यधिवसति समाक्रम्य चिन्द्रूपमेतत् ।
त्वस्मात् ब्रह्मादिदेवा निखिलमुनिगणा अच्युतं व्याहरन्ति ॥१०३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जन्तुहरु दिक्काल र पृथिव्यादि द्रव्यमा आश्रित छन् र ती कुनै एक पदार्थको एक देशमा देखिन्छन्, अन्यत्र कहिं देखिदैनन् । त्यसबाट (आधारलाई त्याग गरेपछि) ती विस्तृत हुन्छन् व्यापक हुन्छन्) किनभने यो चैतन्य ब्रह्म (जो छ) सबै व्यक्ति मात्रलाई आक्रान्त गरेर बसेको छ । त्यसैले ब्रह्मादि देव र निखिल मुनिगणहरु यस चैतन्यलाई अच्युत भन्दछन् ।

अव्यक्तं सर्वगञ्चाप्यनवयवतया सर्वलोकैरदृष्टम्
वाक्चेतोभ्यामगम्यं कविभिरहरहर्मार्गितं शास्त्रसिन्धौ ।
लीनं मत्वा नचाद्यावधिदृशिपथगं कारितं कैरपीदं ।
नास्त्यब्धौ वाडवःकिं प्रभवति कतमस्तं जनोऽयं ग्रहीतुम् ॥१०४॥

ईश्वर अव्यक्त छ । सबै ठाउँमा पुग्छ । टुक्रागर्नै नसकिने (अवयव रहित हुनाले) कुनै लोकले देख्दैनन् । वाणी र चित्तले पनि भेटिदैन । विद्वान्हरुले शास्त्ररूपी समुद्रमा प्रतिदिन खोजी गर्दैछन् । कार्यलाई कारणमा लीन भएको ठानेर अद्यावधि दृष्टिगोचरमा कुनै उपायले पनि ल्याउन सकिएन । के समुद्रमा वडवानल (अग्नि) छैन र ? मानिसले केही उपायले त्यसलाई ग्रहण गर्न सफल हुन्छ र ?

दुर्गालङ्घ्यैकराज्ये वसति नरपतिर्निर्भयैस्तीक्ष्णबुद्धिः ।
शत्रूणामासमन्तादपि पृथुलबलैर्वारितः स्थूलबोधैः ॥
तं राजानं विजेतुं प्रभवति स रिपुःस्वल्पबुद्धिर्न नूनम् ।
तन्नानोपाधिदुर्गैः समुपहितममुं ब्रह्म लब्धुं क ईशः? ॥१०५॥

चारैतिरबाट शत्रुहरुको घेरा भएपनि अल्पबुद्धि भएका (तर) धेरै बलभएका सैन्यहरुले बारिएर ,अलंघनीय किल्लाभएको राज्यमा कुशाग्रबुद्धिभएको राजा निर्भयभई बस्दछ । ती राजालाई जित्न अल्प बुद्धिभएको शत्रुले निश्चयनै सक्दैन । त्यस्तै नाना उपाधिरूप किल्ला हरुद्वारा सुरक्षितभएको त्यो ब्रह्मलाई पाउन को समर्थहुन्छ र ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वद्धी: शास्त्रमग्नापि विषयमलिनै:कर्मभि: कुण्ठिता तां
तीक्ष्णीकृत्यार्यवाक्यश्रुतिमनननिदिध्यासनान्निर्जनस्थ: ।
अज्ञानादीन्निरस्तुं प्रभवति स बुध ततिपधातृन्नुपाधीन् ।
नित्यं घृष्टो घनोऽपि प्रभवति शनकैस्तीक्ष्णधार:कुठार: ॥१०६॥

विद्वानहरुको बुद्धि शास्त्रमा डुवेपनि विषयमलीन कर्मले गर्दा बोधो (कुण्ठित) भएको हुन्छ । अत: महर्षिहरुको (आर्य) वाक्यको श्रवण मनन र निदिध्यासनबाट त्यसलाई एकान्तमा बसेर तिखार्नु पर्दछ । यसोगर्नाले ती ढाकिएका अज्ञान आदि उपाधिहरुलाई हटाउन ज्ञानी समर्थहुन्छ । किनभने प्रतिदिन घोट्दैजांदा घनपनि एकदिन तीखो धार भएको बञ्चरो बन्दछ ।

विद्युद्दीपो यथाब्धेर्हयुवतिमुखप्रोद्भवं युक्तितो ऽग्निम् ।
स्वप्रावीण्याद् गृहीत्वा कतिभिरपिजनैर्निर्मितो बुद्धिमद्भि: ।
तद्वच्छास्त्राब्धिलीनं कतिभिरपि बुधै: वस्तु लब्धं दुरापम् ।
सद्गुर्वाख्यानमात्रश्रुतिमनननिदिध्यासनासक्तचित्तै: ॥१०७॥

जसरी कतिपय बुद्धिमान मानिसहरुद्वारा आफ्नो बुद्धि (चातुर्यता) लिएर युक्तिले समुद्रकी पत्नी नदीहरुको मुखबाट विद्युतदीप (विजुली) निर्माण भएको छ , त्यसरी नै सद्गुरुकोमात्र उपाख्यान सुनी श्रवण मनन निदिध्यासनमा आसक्त हुने कतिपय विद्वानहरुद्वारा शास्त्र समूहमा डुवेर प्राप्त गर्न गाह्रो वस्तु (ब्रह्म) पाइन्छ ।

शास्त्राधीतिर्गुरोर्या श्रवणमिति बुधै: कथ्यते तत्र नित्यं ।
हेयोपादेयचर्चा मनननमितिसत: प्राप्तयेऽसन्निवृत्यै: ॥
लब्धोपादेय दार्ढीकरणमितिनिदिध्यासनं तत्त्रयाणाम्
चर्चा कुर्यान्मुमुक्षु: क्रमश इतरथा संसरत्येवनित्यम् ॥१०८॥

गुरुबाट शास्त्रको नित्य अध्ययन जो गरिन्छ त्यसैलाई विद्वान हरुद्वारा श्रवण भनिएकोछ । लिने छाड्ने अर्थात् सत्को प्राप्ति र असत्को निवृत्तिको चर्चालाई मनन भनिएकोछ । प्राप्तगर्ने र छाड्ने कुरामा मनलाई दृढ गराउनुनै निदिध्यासन हो । मोक्ष चाहनेले यी ३ कुराको क्रमैसंग चर्चा गरोस् नत्र सधैं संसरण भइरहन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गम्यन्ते शास्त्रभावा: श्रवणत इति सच्छ्रूयतां शास्त्रमादौ ।
यद्ग्राह्यं निश्चितं तद्भवति मननतस्तस्य नित्यंश्रुतस्य ॥
दार्ढ्यं तन्निश्चितस्य प्रभवति हि निदिध्यासनं तेन चित्तै-
काग्र्यं तद्वै समाधिं प्रकटयति तत: साधक: सिद्धिमेति ॥१०९॥

श्रवणगर्नाले शास्त्रका भावहरु बुझिन्छन् अत: पहिले सत्शास्त्र सुन्नुपर्छ । मनन गर्नाले जुन लिने कुरा हो त्यसको निश्चय हुन्छ । त्यो सधैं सुनेको कुरा दृढनिश्चय निदिध्यासनले हुन्छ । त्यसैले निदिध्यासनले चित्तको एकाग्रता हुन्छ । त्यसैले समाधि प्रकट गर्दछ । त्यसपछि साधकले सिद्धि पाउंछ ।

अध्येतुं प्राग्बुभूषु:स्पृहयति पठित:सर्वशास्त्रं दिदृक्षु: ।
दृष्ट्वा तत्रत्यमर्थंविविदिषुरखिलं तत्तदर्थं विदित्वा ॥
हेयोपादेयचर्चां विदधदपि मुहु: प्राप्नुवन् भ्रान्ति मात्रम् ।
व्यामुह्यञ्छास्त्रगर्ते व्रजति बहुविधं संशयन्दुर्विभेदम् ॥११०॥

सिद्ध हुन चाहनेले पहिले पढ्न इच्छागर्छ । पढेकोले सबै शास्त्र हेर्न चाहन्छ । बुझ्न चाहनेले शास्त्रमा रहेका अर्थलाई हेरेर सबै त्यहांको अर्थ जानेर सधैं लिने र छाड्ने कुराको चर्चा गरेर पनि भ्रान्तिमात्र पाउंदै शास्त्रका खाडल हरुमा मोह गर्दै दुर्भेद्य अनेक प्रकारको संशयमा खस्दछ ।

धीरा: केचित्तु नित्यं श्रवणमननत: संशयन्तं विभिद्यो ।
पादेयं बुद्धवन्तो निखिलनिगमनि:स्नातलब्धाखिलार्था: ॥
लक्षे चित्तं निधायस्थिरयितुमनिशं तस्यपारिप्लुतत्वात् ।
ते धीरा अप्यनीशा:कथमितरजनास्तत्र तं न्यस्तुमीशा: ॥१११॥

केही धीर पुरुषहरु सधैं श्रवण मननद्वारा शंकागर्दै ती संशयलाई भेदनगरी लिनपर्ने कुरा बुझेका संपूर्ण वेदशास्त्रमा पारङ्गतभई संपूर्ण अर्थ प्राप्त गरेका लक्ष्य (ब्रह्म) मा चित्त राखेर स्थिर गर्न त्यो चित्तको चञ्चलताले गर्दा ती धीरहरु पनि असमर्थ हुन्छन्, भने अरु मानिसले त्यहां (लक्ष्यमा) त्यो चित्त राख्न कसरी सक्छन् र ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वित्रा एव प्रकल्पा अतिसरलमना जागरे निग्रहीतुम् ।
स्वप्नेप्यभ्यासयोगात् उपरतकरणा श्चिन्तितुं शक्नुयुर्वा ॥
सुस्वापे तु प्रकल्पो न भवति कतमश्चिन्तितुं ज्ञाननाशात् ।
अत्यन्ताभावयोगात् श्रुतिमनननिदिध्यासनात्स्यात्कदाचित् ॥११२॥

(जाग्रत अवस्था) मा अतिसरल मन. हुनेहरु त्यो चित्तलाई निग्रहगर्न सक्ने २–३ जना मात्र होलान् । अथवा स्वप्नमा अभ्यासको योगले स्थिर इन्द्रिय हुनेले चिन्तन गर्न सक्लान् । सुषुप्तिमा ज्ञान नाश हुनाले कोही पनि त्यसलाई चिन्तन गर्न समर्थ हुँदैन । श्रुति मनन निदिध्यासनबाट अत्यन्त अभावको योगले कुनै वेलामा केही (त्यो चिन्तनगर्न) समर्थ होला ।

दुर्धर्षाणां दशानां निज निज विषये तत्तदाकारदानाम् ।
कर्मज्ञानेन्द्रियाणामगणितगतिभिर्वृत्तिभिः कृष्यमाणम् ॥
तस्मिन् लक्ष्ये निधातुं चपलमन इदं निश्चलीकृत्य कोऽलम् ।
सूच्यग्रे ग्रावगोलं स्थिरयति यदि यः स्यात्समर्थः स एव ॥११३॥

आ–आफ्नो विषयमा तत्तदाकार बनेका जित्नै नसकिने अवस्थामा पुगेका ज्ञानेन्द्रिय र कर्मेन्द्रियका असंख्य गतिहरु र वृत्तिहरुले खिचिएको चञ्चल चित्तलाई लक्ष्यमा निश्चलराख्न कसले सक्छर ? यदि कसैले सियोको टुप्पोमा गोलो ढुङ्गालाई स्थिरगरेर राख्न सक्छभने त्यसले मात्र मनलाई लक्ष्यमा निश्चल गरी राख्न सक्छ ।

लक्ष्ये सूच्यग्ररूपे निहितमपि चलं मानसग्रावगोलम् ।
स्थौल्यात् पापत्यमानं दृशदति कठिनेऽभ्यासरुपेण शाणे ॥
घर्षं घर्षं नितान्तं निरतिशयकृशीकृत्य संयोज्य यत्नात् ।
आधाराधेयसाम्यात्स्थिरयति सहसा साधकःश्रद्दधानः ॥११४॥

सियोको टुप्पो जस्तो ब्रह्मचिन्तनरूपी लक्ष्यमा चञ्चल मनरूपी गोलो ढुङ्गो राखे पनि ठूलो हुनाले वारंवार खस्न खोज्ने त्यस ढुङ्गालाई अभ्यास रूपी कडा सानमा घोट्दा घोट्दा अत्यन्तै सानो बनाएर यत्नपूर्वक राखेर आधार र आधेयको समानताले श्रद्धावान् साधकले सजिलै स्थिरगर्न सक्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्तं लक्ष्याच्च्युतं चेत् स्थिरयति तदधोधः पतत्साधकेन ।
प्राज्याद्यत्नात्तदारोहयितुमपि पुनः शक्यते नैव तत्र ॥
यद्वत्क्रीडाविधिज्ञैरपिकरतलतः कन्दुकः स्रंसमानो
न स्यादारोहणीयः कथमपि सहसा यात्यधोधः क्रमेण ॥११५॥

ब्रह्म चिन्तनरूपी लक्ष्यबाट चित्त चञ्चलभै (लक्ष्यबाट चित्त) यदि तल खस्योभने र त्यसलाई स्थिर गर्नकोलागि साधकले तल तल खसेको चित्तलाई फेरि माथि उठाउन धेरै प्रयत्न गरे पनि सक्दैन । जसरी भकुण्डो खेलको विधि जान्ने व्यक्तिहरुद्वारा पनि हातबाट क्रमैले तलतल खसिरहेको भकुण्डो सजिलैसँग माथि उठ्दैन ।

एवं पूर्वे सुरेशप्रभृतिबुधजना भुरिजन्मार्जितेन ।
योगाभ्यासेन लक्ष्ये स्थिरयितुमनघाश्चित्तवृत्तिं समर्थाः ॥
कृष्णोप्याहार्जुनायैतदखिल सुकथां जन्मनां वै बहूना- ।
मन्ते योगारुरुक्षां विदधति सफलामूर्ध्वसोपानसंस्थः ॥११६॥

यसरी चित्तलाई स्थिर गर्नकोलागि अधि इन्द्रादि देवता देखि लिएर पाप रहित ठूला महापुरुषहरुले धेरै जन्ममा आर्जन गरेको योगाभ्यासले लक्ष्यमा चित्तबृत्ति स्थिर गर्न समर्थ भए । श्रीकृष्णले पनि अर्जुनलाई यही कुरा (कथा) भन्नुभएको छ कि धेरै जन्मको अन्त्यमा योगारुढरूपी सिंढी बढ्दै गरेको व्यक्तिले नै सफल गर्दछ ।

केचित् प्राप्याणिमादीन् दिवि भुवि परमैश्वर्यभोगान्विधायै-
तावत् योगीन्द्रलभ्यं पदमधिकमितो नापरं मन्यमानाः ॥
एवं कालक्रमेणातिकठिनमिलितं ह्रासमानीययोगम् ।
ते तद्योगेन शून्याः दधति परिणतौ पूर्ववत्प्राकृतत्वम् ॥११७॥

कुनै अणिमादि प्राप्त गरेर पृथ्वी र स्वर्गमा परम ऐश्वर्यलाई उपभोग गरी यस्तो कालक्रमले अति कठिनले प्राप्त भएको नाश हुने योगलाई "यति नै योगीन्द्रले पाउने पद हो यो भन्दा बढ्ता अरु छैन" भनी संझने व्यक्तिहरु पनि परिणाममा त्यो योगले शून्य भएर पहिले जस्तै साधारणपनलाई धारण गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्यूहा: सिद्धयोऽष्टौ यदपिभवसुखं तच्च जिज्ञासमाना: ॥
ता आदायैव केचित् क्वचिदवनितले कुत्रचित् स्वर्गलोके ।
कृत्वा नानाविहारानतिशयभयदान् नश्वरान्मन्यमाना: ॥
तत्रालिप्ता विरक्ता जहति परिणतौ पूर्वमारुह्ययोगम् ॥११८॥

अष्ट सिद्धिहरु विघ्न (कारक) छन् । यद्यपि कोही संसारको सुखलाई जान्न चाहनेहरुले तिनीहरुलाई लिएर कहिले पृथिवीमा र कहिले स्वर्गमा नाना प्रकारका विहारहरु गरेर तिनलाई) नश्वर र भयदायक ठानेर तिनमा लिप्त नभईकन विरक्त भएर परिणाममा पहिलेको योगमा चढी तिनीहरुलाई छाडिदिन्छन् ।

कुर्वन्तो योगचर्चामपि च कतिचन प्रोभ्क्ष्य संसारचक्रम् ।
चित्तं कैर्वा प्रकारैरपि नियमयितुं चञ्चलत्वादनीशा: ॥
दिव्यं नैश्रेयसं भूतलजमपि सुखं तत्त्रयाणां न चैकम् ।
लब्ध्वा विभ्रान्तचित्ता मधुकृत इव ते राजहीना भ्रमन्ति ॥११९॥

कोही योग चर्चागरेर संसार चक्रलाई छाडेरपनि चञ्चल हुनाले चित्तलाई कुनै पनि प्रकारले संयम गर्न असमर्थ हुन्छन् । स्वर्ग, मोक्ष र पृथ्वीको सुख यी ३ मध्ये कुनै एउटालाई पनि नपाइकन विभ्रान्त चित्त भएर रानी हराएको मौरीझैं तिनीहरु घुम्दछन् ।

विघ्नौधै: केचिदारूढपतितसुधियो भक्तिभि: 'पुष्कलाभि: ।
तुष्टानां सद्गुरूणाममितकरुणया संभृताभि: पराभि: ।
शिक्षाभिर्लब्धबोधेन्दुकिरणगलिताऽज्ञान गाढान्धकारा: ।
एकस्मिन्नेव ते स्युर्जनुषि गतभया नूनमारुढयोगा: ॥१२०॥

कोही विघ्न समूहले योगारुढ भएर खसेका ज्ञानीहरु धेरै भक्तिले सन्तुष्ट भएका सद्गुरुको अतिकरुणाले पराशिक्षाद्वारा (ज्ञानद्वारा) पोषण भई प्राप्त गरेका ज्ञानरूपी चन्द्रमाले अज्ञानरूपी गाढा अन्धकारलाई नाश गरेका आरूढ योगीहरु निश्चय नै एउटै जन्ममा (तिनीहरु) निर्भय हुन्छन् ।

नित्यं यत्पदकमलं समाश्रितानाम् ।
धीराणां हृदयगतं तमो ऽन्धकारम् ॥
निघ्नन्त: किल गुरव:कृपाकटाक्षै: ।
एवं ते हि पतितपावना: प्रथन्ते ॥१२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदकमलमा सधैं आश्रयलिने र धीरहरुको हृदयमा रहेको अज्ञानरूपी अन्धकारलाई कृपाकटाक्षद्वारा नाश गर्ने खास यस्ता गुरुहरु जो हुनु हुन्छ उहाँहरु नै पतीतपावन भनिनु हुन्छ ।

तन्नान्यत्तन्नमाम: कृतमिदमखिलं तेन तस्मै नम: स्यात् ।
तस्माज्जातं समस्तं चरमचरमिदं तस्य सर्वं विकार: ॥
तस्मिन्प्रोतं समस्तं नयनपथगतं नामुत: किञ्चनान्यत् ।
ब्रह्मानन्दस्वरुपादितरविरहतस्तत्र संबोधनं न ॥१२२॥

जसले यो (विश्व) संपूर्ण संसारलाई बनायो त्यो अरु होइन (ब्रह्म हो) त्यसैले त्यसैंलाई नमस्कार होस् र त्यसैलाई नमस्कार गर्दछौं पनि त्यसैबाट यो चर अचर संसार जन्म्यो । यो सबै त्यसैको विकार हो । त्यसैमा यो इन्द्रिय गोचर संसार ओतप्रोत छ । त्यसभन्दा अरु कुनै पदार्थ नै छैन । ब्रह्मानन्द स्वरुपदेखि वाहेक अर्को संबोधंन नै त्यसमा छैन ।

ब्रूते कश्चित् पितेति श्वसुर इति परो मातुलं तं तथान्यो ।
भ्रातेत्यन्योपि मित्रं गुरुरिति कतम: शिष्यमन्योयथैकम् ॥
हेरम्बं सूर्यमम्बां शिवमजमथवाऽन्यत्बुधा स्वस्वरुच्या ।
यन्नामानं भजन्ते चिदपि परिणतौ तेन रूपेण भाति ॥१२३॥

कसैले कुनैं एक व्यक्तिलाई पिता भन्छ, कसैले ससुरा, अर्कोले मामा कसैले भाइ कसैले मित्र, गुरु र कसैले शिष्य भनेर संवोधन गर्दछ । विद्वानहरुले पनि आ–आफ्नो रुचि अनुसार गणेश, सूर्य, देवी, शिव, विष्णु अथवा अरुनै नामले एउटै देवतालाई सम्वोधन गर्दछन् । जुन नामले भजन गरेपनि त्यही एउटै ब्रह्म नै चित्तको परिणाममा त्यही ब्रह्म रूपले प्रकाशित हुन्छ ।

मिथ्यान्यत्सत्यमेकं तदिति यदि कुतो दु:ख सौख्यं जनानाम् ।
नद्या उत्तीर्य हित्वा स्वमितरगणनामग्नमेकं विदित्सु ॥
केषूच्चैरोरुदत्सु त्वमिह हि दशमोसीत्यहन्दण्डहस्त: ।
प्रत्येकं मुर्ध्नि कश्चित् व्रणमजनि पुर्नदु:खमज्ञानतोऽन्यत् ॥१२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्य एउटै ब्रह्म छ अरु सबै मिथ्या छन् । यदि त्यसो हो भने मानिसहरुको दु:ख र सुख कताबाट आउँछ ? नदी तरेर आफूलाई बाहेक अरु साथीहरु गणनागर्ने व्यक्तिहरुले एउटा (साथी) नदीमा डुबेको संझेर उच्चस्वरले रोइरहेका व्यक्तिहरु भएको ठाउमा गएर तिमीनै दशौं हौ भनी कसैले हातमा दण्ड लिएर टाउकामा हिर्काउँदा फेरि अर्को दु:ख घाउ भई थपियो । त्यसैले अरु दु:खहरु जति छन् अज्ञानले नै हुन्छ ।

दुश्छेदोपाधिगूढं दुरधिगममिदं वस्त्वभीक्ष्णं महद्भि: ।
धीरैरभ्यस्तयोगैरुपरतकरणैश्चापि दु:खेन लब्धम् ॥
मादृग्भि: स्वल्पबोधैरनियतकरणै: शक्यते नैव लब्धुम् ।
सौख्यं सांसारिकं यद्यदितिकथयतन्नोन्मना:कोप्यशक्ये ॥१२५॥

इन्द्रियहरु नियन्त्रण गरी वारंवार योगको अभ्यास गरेका ठूला धीर महापुरुषहरुलाई पनि अछेद्य उपाधिले ढाकिएको जान्नै नसकिने यो (ब्रह्म) वस्तु बढो कष्टले प्राप्त हुन्छ । म जस्ता इन्द्रियहरु रोक्न नसकेका अल्पज्ञहरुले यो (ब्रह्म) वस्तु) प्राप्त गर्न सक्दैनन् । जो सांसारिक अर्थात् कर्म विषय छ त्यसलाई भन, किन भने कोही पनि अशक्य विषयमा उन्मन (उद्गतमन) भएको हुँदैन ।

काश्या नेत्रे पिधायापनयतिकतमं पाटलीपुत्रकेऽस्मात् ।
गन्तुं तामुन्मुखश्चेत् स पुनरकुटिलं सज्जनान्वर्त्म पृच्छन् ।
पृच्छन् प्राप्स्यत्यनुत्को यदि परभृतक: स्यात्कथं प्राप्नुयात्ताम् ।
यज्जस्तत्प्राप्तुमुत्को यदि गुरुशरण: प्राप्नुयात्किन्नतद्वत् ॥१२६॥

कसैलाई आंखामा पट्टि बाँधेर काशीदेखि पटनामा ल्याए पनि त्यहाँबाट यदि काशी जान ऊ उन्मुख हुन्छ भने त्यसले फेरि सज्जनहरुलाई सोझो बाटो सोद्धै गयो भने काशी पुग्दछ । ऊ उत्सुक नभई अर्काको भरमा रहन्छ भने कसरी काशी पुग्ला? त्यस्तै जसबाट आफू जन्म्यो यदि त्यसलाई पाउन गुरुको शरण लिई उत्सुक हुन्छ भने त्यसले किन पाउँदैन र ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तद्ब्रह्माप्तुं किमर्थं श्रममपि परमं कर्तुकामोजनोऽयं ।
संहारेस्यास्त्रिलोक्या:महति सति परब्रह्मलब्धि: स्वत: स्यात् ॥
स्वर्गे वा नारके वा व्रजतु पततु वा जायतां वा पृथिव्याम् ।
का भीतिस्तत्रकार्या मनसि च सुकृतं दुष्कृतं वा भवेद्यत् ॥१२७॥

मानिसले ठूलो परिश्रम गरेर त्यो ब्रह्मवस्तुलाई प्राप्त गर्न किन चाहन्छ? यो तिनै लोक संहार (महाप्रलय) हुँदा ब्रह्मपद (सवैलाई) स्वत: प्राप्त हुन्छ । स्वर्गमा जावस् या नरकमा परोस् अथवा पृथ्वीमा नै पुनर्जन्म लेवस् पुण्य होस् वा पाप जे सुकै होस्, किन मनमा डराउनु पर्‍यो ?

सुष्वापे तादृशी तु प्रतिरजनि भवेत् ब्रह्मलब्धिर्जनानाम् ।
अज्ञानेनैव तस्मात् विविदिषति मुनिर्ज्ञानपूर्वं समाधिम् ॥
ध्यायन्नित्यं स्वमिष्टं हृदि गुरुशरण: प्राप्नुयात्तं समाधिम् ।
नो चेत् सर्गेऽपि कस्मिन् जनिमरणदशा तस्य चंक्रम्यमाणा १२८।

प्रत्येक रातमा सुषुप्तिमा मानिसलाई त्यसै ब्रह्मपद प्राप्ति अज्ञानबाट भइहाल्छ । त्यसैले मुनिले समाधिमा ज्ञान पूर्वक जान्न खोज्दछन् । गुरुको शरण लिई इष्टदेवलाई आफ्नो हृदयमा सधै ध्यान गर्दै त्यो कैवल्य समाधि प्राप्त गरोस् । नत्र भने कुनै पनि सृष्टिमा त्यसको जन्म मरणको दशा घुमिरहन्छ ।

यद्वद् धाना वटादेर्मृदुदकसमितेरङ्कुरीभूय कीदृक् ।
संहारे संहृतानां जनिमरणजुषां प्राणिनां कर्मबीजम् ॥
तत्तज्जन्मार्जितं तत् प्रकृतिपुरुषयोरुद्भवेत्तारतम्यात् ।
संहारोऽयं त्रियामा व्यवहृतिकृदहर्बुध्यतां सर्गएष: ॥१२९॥

जसरी जौका दानाहरुलाई पानी र माटोको मिलन गराएमा कसरी पलाएर आउँछ । त्यस्तै प्रकृति–पुरुषको (दैवी शक्तिको) तारतम्यले गर्दा प्राणीहरुको त्यै त्यै जन्ममा आर्जन गरेको कर्मफलबाट नै महाप्रलयमा संहरण (एकत्रित) भएका प्राणीहरुको कर्मवीज पनि उत्पन्न हुन्छ । रातमा संहार र दिनमा सृष्टि हुने यही कुरा बुझ्नु पर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अज्ञानादीनुपाधीनसृजदसुखदान्दैवतं किं जनानाम् ।
योगक्षेमं यदीच्छेन्निधनमुपगतो लीलयौतोर्यथाखु: ।
संसारोनादिरस्मिन् दिवस उपगतो नेति वक्तुं समर्था: ।
देवर्ष्याद्यास्वमेतज्जहिहि मुनिगणैर्यच्छ्रितं तच्छ्रयेथा: ॥१३०॥

अज्ञान इत्यादि उपाधिहरुलाई जो दु:ख दिनेवाला छन् तिनलाई किन सृष्टि गरे यिनीहरुको जसरी विरालोको मुसो खेलाई खेलाई भक्षहुन्छ, त्यसैगरी प्राणी अज्ञान इत्यादि खेलौना हुन्छन् । यो संसार अनादि हो यसमा सर्व प्रथम दिवस कहिले हो यो देवर्षि इत्यादि पनि भन्नमा असमर्थ छन्, त्यसो हुंदा मृत्यु प्राप्त गरे पछि यदि योगक्षेम चाहने हो भने तिसीले यो संसारलाई चाँडै नै त्याग गर र मुनिगणहरुले जो जसको आश्रय गरेकाछन् त्यसैको आश्रय गर ।

स्वर्गात्कृष्णोऽवतीर्यैतदखिलजगतो रक्षणार्थं परेश: ।
किन्नानाचौरशाठ्याऽन्ययुवतिहरणादीनि कर्माणि कृत्वा ॥
भ्रष्टी चक्रेऽपि शिष्टानिति वदति जनोनाशयन्तस्य बुद्ध्वां ।
तद्देवस्याशयोयं मम चरित कथां वर्णयिष्यन्त्यघघ्नीम् ॥१३१॥

परमेश्वर श्रीकृष्ण स्वर्गबाट संपूर्ण पृथिवीको रक्षागर्न अवतार लिएर किन उहाले चोरी, शठता अन्यका युवतीहरण आदि कार्यहरु गरेर शिष्टलाई भ्रष्ट गर्नुभयो ? यस्ता विषयमा मानिसहरुले उहाँको आशय नबुझेर यसो भन्दछन् । ती देवताको आशय यो हो कि मेरा (कृष्णका) पापनाशक कथाहरु (सज्जनले) वर्णन गर्लान् ।

चोरा धूर्ता विटा वा व्रतियतियमिनो भक्तसिद्धाऽवधूता: ।
पाखण्डा वा पुराणश्रवणविधिमिषेणागमिष्यन्ति तत्र ॥
यत्तच्चित्रं चरित्रं श्रवणरुचिकरं स्वस्वकर्मानुरूपम् ।
श्रृण्वन्त: श्रद्धधाना मनसि परिणतौ स्थाप्यते भक्तिरेभि: ॥१३२॥

पुराणकथा भइरहेको ठाँउमा चोर, धूर्त, कामुक व्रतालु, संयमी, भक्त, सिद्ध, अवधूत तथा पाखण्डी पनि कथासुन्ने निहुंले आउने गर्दछन् । आ–आफ्नो कर्म (भावना) अनुसार श्रवणगर्न लायक भगवान्का विचित्र चरित्रहरु श्रद्धा वा अश्रद्धापूर्वक सुन्दछन् र सुनिसकेपछि परिणाममा भावनाअनुसारको भक्तिपनि स्थापनागर्ने छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालिन्द्या नाथ पारं वयमहहकथं याम गोपीरितोऽसौ ।
कृष्णोप्याहैकभार्याव्रतमिदमनघं ब्रूत तस्यै मदीयम् ।
तच्छ्रुत्वैवाध्वदा स्यात् दिनकरतनया साध्वसं त्यज्यतां यत्।
कृष्णेनेतीरितास्ताः शिथिलसरणयः पारमुत्तीर्य याताः ॥१३३॥

"हे नाथ! अहो! हामीहरु यमुनापारी कसरी जाऊँ" गोपिनीले यसरी सोधिएका श्रीकृष्ण पनि भन्नु हुन्छ– यो मेरो निष्पाप एक भार्या व्रतभएको कुरा यमुनालाई भन कि "चाडो बाटो छाड" यो सुनेपछि कालिन्दी बाटो दिने हुन्छिन् । यस्तो कुरा श्रीकृष्णले भनेर सजिलो बाटो पाएका ती गोपिनीहरु कालिन्दी पारी तरेर गए ।

चिदंशांश समुद्भूता ब्रह्मविष्णुमहेश्वराः ।
योगिनां दुर्लभास्तेऽपि किं पुनब्रह्मदर्शनम् ॥१३४॥

चित् (चैतन्य) को अंशको पनि अंशबाट उत्पन्न हुनुभएका ब्रह्मा विष्णु र महेश्वरको पनि प्रत्यक्ष दर्शन गर्न साधारण व्यक्तिको (लागि) दुर्लभ छन् भने फेरि ब्रह्म दर्शन कसरी हुने ?

निर्व्यापारं निरीहं निरवयवमिदं ब्रह्म यत्पूर्णमन्यः ।
तज्जो यः प्राक्सिसृक्षुः प्रकृतिसहचरो ब्रह्मणे ब्रह्म तेने॥
अर्वाचीनास्ततो ये भरतशुकमुखा निर्वृतिं प्राप्तवन्तः ।
तेभ्योप्यर्वाक्तना ये द्रुहिणहरिहरास्ते गुणैकस्वरुपाः ॥१३५॥

हलचलनहुने, इच्छानगर्ने, टुक्रागर्न नमिल्ने, जुन वस्तु हो त्यो पूर्ण ब्रह्म हो । अरु त्यसबाट जन्मेका हुन्, पहिले सृष्टिगर्न इच्छागर्ने ब्रह्माजी प्रकृतिका साथ श्रृष्टि गर्दछन् । उनीलाई ब्रह्मले वेद दिए। त्यसपछि जडभरत शुकदेव आदि प्रमुख ब्रह्मज्ञानी हुनुभयो र उहाँहरुले मुक्ति पाउनुभयो । उहाँ भन्दा अघि जो ब्रह्मा, विष्णु र महेश्वर हुनुहुन्थ्यो, उहाँहरु एक ब्रह्मस्वरुप गुणमा रहनुभयो ।

सत्ता चैतन्यरूपाऽतुलनिजमहिमाऽऽकारशून्या दुरन्ता ।
ब्रह्मादीनां सुराणामपि दुरधिगमा सच्चिदानन्दशक्तिः ॥
यद्वन्माधुर्यशौक्ल्यं व्रजति न पयसः कैरुपायै पृथक्त्वं,
तद्वच्चिच्छक्तिरूपं नहि भवति पृथक् द्वैतभावोऽत्र हेयः १३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमेश्वरकी ती शक्ति सत्तास्वरुपिणी चैतन्य स्वरुपिणी तुलनानै गर्न नसकिने आफ्नो महिमाले आकार नभएकी अन्त्यपाउन नसकिने ब्रह्मादि देवताहरुलेपनि जान्ननसकिने सच्चिदानन्द स्वरुप परमेश्वरकी अभेद तथा अचिन्त्यशक्ति हुन् । जसरी दूधमा रहेको मीठो र सेतोपनालाई कुनै उपायलेपनि अलगगर्न सकिंदैन, त्यसरीनै चैतन्य र शक्ति, ईश्वर र माया प्रकृति र पुरुषलाई पृथक् गर्न सकिंदैन । त्यसैले यहां (वेदान्त विषयमा) द्वैत भाव त्याज्य कुरा हो ।

तच्चिच्छक्तेरभूवन् द्रुहिणहरिहरा यद्रज: सत्वमंन्यु–
प्राधान्या विश्वसृष्टिस्थितिविलयविधौ प्रेरिता:सन्त आद्या: ।
स्वे स्वे कर्मण्यनीशा बहुतर समयांस्ते तपस्तप्यमाना: ।
सामर्थ्यं तत्प्रभावादमितमुपगता: स्वस्वकर्मस्वभिज्ञा: ॥१३७॥

तिनै चित् शक्तिरुप ब्रह्मबाट सत्व, रज, तम गुणहुने देवताहरु ब्रह्मा विष्णु र महेश्वर उत्पन्नभए । प्रधान आद्या शक्तिबाट प्रेरित भएर विश्वको सृष्टि स्थिति र प्रलयगर्ने कार्यमा आ–आफ्नों कर्ममा असमर्थहुनाले धेरै समयसम्म तिनीहरुले तपस्यागर्दा उनैको प्रभावले अतुल सामर्थ्य प्राप्तगरेर आ–आफ्नो कर्मगर्न जान्नेभए ।

साम्यावस्था गुणानां निरनिलह्रदवत् तत्रवीचीतरङ्ग ।
न्याय्यात्सत्वेन घूर्णासमजनयदिदं यन्महत्तत्वमाहु: ॥
जातोऽहङ्कार एष त्रिविध इह महत्तत्वतस्तत्त्रयांश:
तन्मात्रा अप्यमीभ्यो ह्यजनिपत तत: पञ्चखाद्या महान्त: ॥१३८॥

सत्व,रज,तम यी ३ गुणहरुको साम्यावस्था हावा नलागेको तलाउ जस्तै हुन्छ । त्यही वीचीतरङ्ग न्याय (जहांबाट उत्पत्ति भयो त्यही विलाउनु) अनुसार सत्व गुणमा क्षोभ (हल्लने) कार्य भएपछि यो (जगत्) महत्तत्व जसलाई भनिन्छ जन्म्यो । त्यंही महत्तत्वबाट ३ प्रकारको यो अहङ्कार (सत्व, रज, तम) ३ अंश लिएर जन्म्यो । यिनीहरुबाट तन्मात्रा त्यसपछि आकाशादि पञ्चमहाभूतहरु भए ।

अण्डं चिच्छक्तिबीजं पयसि बहुसमा आप्लुतं तत्ववर्गै–
स्तस्यैवोत्थापनाय त्र्यधिकदशयुगैर्ह्यन्वितैस्तप्यमानै: ॥
तस्मात्तोयादगाधात् बहुतरसमयैर्वर्षसाहस्रपूगै: ।
अण्डं प्रोत्थापितं तत् जननकरमिदं जङ्गम स्थावराणाम् ॥१३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्व ब्रह्माण्ड चिच्छक्ति बीज धेरै वर्षसम्म तत्ववर्गले युक्तभएर पानीमा डुबेर रह्यो । त्यस्लाई माथि उठाउन १३ युगसम्म आफैं तातेरनै रह्यो । त्यो अगाध पानीमा धेरै समय पछि चर अचर प्राणीहरुलाई उत्पत्ति गर्ने यो विश्व ब्रह्माण्डको स्थापना भयो ।

तच्चिच्छक्तेः सकाशात्प्रथमतः उदिते कन्यके भक्तिमाये ।
भक्तिस्यात्सत्वरूपा हरिभजनरता ज्ञानवैराग्यधात्री ॥
माया तु स्याद्दुरूढा पुरुषमनुगतासूत पुत्र्यौ निवृत्ते – ।
रासन्पुत्रा विवेकप्रभृतयः इतरा काममोहाद्यसूत ॥१४०॥

तिनै चित् (पुरुष) शक्ति(स्त्री)बाट सर्वप्रथम भक्ति र माया नामका दुई छोरी जन्मे । भक्ति चाहिं सत्व स्वरुपिणी र हरि भजनमा रतभएकी छन् । उनका ज्ञान र वैराग्य दुईवटा छोराछन् । मायाचाहिं जान्न नसकिने स्त्री हुन् । संधै पुरुषको पछि लाग्छिन् । उनका प्रवृत्ति र निवृत्ति दुई छोरी छन् । निवृत्तिका विवेक आदि छोरा छन् भने अर्को प्रवृत्तिका काम मोह आदि छोरा जन्मे ।

संसारावर्तकानां दशकरणमनः क्रोधमोहादिकानाम् ।
सर्वेषां ज्येष्ठमेतत् त्रिगुणसहचरं तत्र तेषामुदर्कम् ॥
यन्मुक्तेरन्तरायो जगदुदयकरं कारणं यच्च भुक्ते – ।
रज्ञानं मूलमस्मादजतिषत वियद्वायुवद् ह्यब्रसाद्याः ॥१४१॥

संसारमा घुमाउनेभएका क्रोध मोह इत्यादी सबैको जेठो दशइन्द्रिय सहित मनहो । त्यो त्रिगुण (सत्व, रज, तम) को सहचर (साथी) त्यहाँ तिनीहरु अज्ञान हो जो मुक्तिको अन्तराय (विघ्न) हो र संसारको उदयं (उत्पत्ति)को कारण हो र मुक्ति (भोग) को कारण हो । त्यस मूल अज्ञानबाट नै आकाश, वायु जस्तै जल पृथिवी आदि उत्पन्न भए । अभिन्न सम्बन्ध हुने आकाश र हावा पानी र रस आदि भए झैं अज्ञान र मनपनि उत्पन्न भयो ।

ज्ञानाक्षाणि क्रमेणाजनिषत वियदादेस्तुसत्त्वार्द्धभागात् ।
तस्यार्द्धादन्तरात्मात्मकमजनि मनोबुद्ध्यहंकारचित्तम् ॥
तेषां यत्राजसार्द्धादजनिषत पुनः पञ्चकर्मेन्द्रियाणि ।
पञ्च प्राणाः सनागप्रभृतय इतरोऽपानिलाः स्युस्तदंशात् ॥१४२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्वगुणको आधाभागबाट क्रमैले ज्ञानेन्द्रियहरु र आकाश आदिको उत्पत्ति भयो । त्यही सत्वगुणको आधा भागबाट मन,बुद्धि,अहङ्कार र चित्त जन्मे । तिनीहरु मध्येको जुन रजोगुण छ त्यसबाट फेरि पाँच कर्मेन्द्रियहरु जन्मे । त्यसैको अंशबाट ५ प्राणवायु र अरु नागआदि ५ वायुहरु जन्मे ।

कामक्रोधादिषट्कं समजनि तमसोर्द्धांशत: शाठ्यदौष्ट्ये- ।
ष्यासूयालस्यदम्भा अजनिषत पुनर्द्वेषहिंसे तदंशात् ॥
द्वारं सर्वे तयेते कतिचन निरयस्यापि केचित् भवस्य ।
ब्रह्मादिस्थावरान्तान् जनिमरणजुष: प्राणिनो दु:खयन्ति ॥१४३॥

तमोगुणको आधा अंशबाट कामक्रोधादि छ शत्रुहरुजन्मे । त्यस्कै आधा अंशबाट शठता, दुष्टता, ईर्ष्या, असूया, आलस्य, दम्भ जन्मे र यिनीहरुकै अंशबाट फेरि द्वेष र हिंसा जन्मे । तीसबै कुनै संसारका र कुनै नरकका ढोका हुन् । यिनीहरुले ब्रह्मादेखि लिएर स्थावर रुखलहरा लगायतका प्राणीहरुलाई जन्ममरणको दु:ख दिईरहन्छन्।

सर्वाक्षागोचरस्य प्रकटयति यथा वायुमित्रस्य वन्हे: ।
काष्ठोपाधिर्विकारान् विरसतृणचयैर्योजितैर्विस्फुलिङ्गान् ॥
अव्यक्तस्यापि तस्येन्द्रियदशकमन: क्रोधमोहाहमाद्यै: ।
मायोपाधिस्तथैतानजनयदखिलान् प्राणिन: कर्मवीजान् ॥१४४॥

अग्निको मित्र हावाले सबैको आँखाको अगोचर भएको (आगाको) झिल्कालाई काठ उपाधि विकारहरु तथा सुकेका तृणहरुमा मिलाई दिएमा अग्निलाई प्रकट गरिदिन्छ । त्यस्तै दशइन्द्रिय सहित् अव्यक्त रहेको त्यस मनले पनि अहङ्कार, क्रोध, मोह आदि मायाका उपाधिलाई पायो भने सम्पूर्ण प्राणीहरुको कर्मबीजलाई जन्माई दिन्छ ।

प्रागेकं ब्रह्म नान्यच्छ्रुतय इति जगुर्वृन्दमेतन्मृदादे: ।
केनानीतं भ्रमेणाहिरजतजलवन्माययोत्पाद्यमानम् ॥
एकस्मिन् सन्ति धाना कति तत उदिता कुत्र वृक्षां क्वधाना ।
एवं रीत्याऽदितोऽद्यावधिमरणजुषां संहतिर्जन्मभाजाम् ॥१४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिले एउटा ब्रह्ममात्र थियो । अरु केही थिएन । वेदहरुले यही कुरा वताएकाछन् । यो माटो आदिको समूह (पृथ्वी) कस्ले ल्यायो? यो त भ्रमले गर्दा डोरीमा सर्प, सिपीमा चाँदी, मरुभूमिमा पानी जस्तो मृगतृष्णा मायाले मात्र उत्पन्न गर्दछ । यौटै रुखमा कुनै फल हुन्छन् भने कुनै बीज र कुनै अंकुर हुन्छन् । यो कस्ले बनायो ? यो पृथिवी शरीरादीलाई कस्ले ल्यायो ? यो मायाको खेल हो । यस रीतिले आदिदेखि आजसम्म जन्म लिएर मरणले युक्त भएका समुदायको यो स्थिति छ ।

कस्मादुत्पाद्यमानं चरमचरमिदं ब्रह्मणश्चेन्न तस्मात् ।
व्यापाराभाववत्वात् प्रकृतित: इतिचेन्नापि तस्या जडत्वात् ॥
तज्जन्माद्यस्य कस्मादिति विबुधजनाश्चापि शङ्कां दधीरन् ।
जातं सद्वस्तुमूलं प्रकृतिसमितिजानाद्यनिर्वाच्यशक्ते: ॥१४६॥

वस्तु सत्बाटनै उत्पन्न हुन्छ । असत् या अज्ञानबाट उत्पन्न वस्तु देखिंदैन त्यसोहुँदा यो चराचर जगत् कस्बाट उत्पन्नभयो ? यदि ब्रह्मबाट भयो भन्नेहोभने ब्रह्ममा कुनै व्यापारनै हुँदैन । प्रकृतिबाट भयो भन्नेहोभने प्रकृति जड अचेतनछ । त्यसोहुँदा यस दृश्यमान प्रपञ्चको जन्म,स्थिति,लय,कसबाट भयो त्यो पहिलो को भनी विद्वानहरुमा पनि शङ्का परिरहेकोछ । अनादि अनिर्वाच्य भन्नै नसकिने शक्तिको मूलप्रकृतिको सत्ताबाट यो जगत् खडा भएकोछ ।

संहारे संहृतानां सति समुपगते कर्मभोगार्हकाले ।
प्रागेकोहं बहुस्यामिति समभिहिता सैव मायेश्वरेच्छा ॥
जन्तून्संहार्यमाणानजनयदखिलान् तन्महिम्नि प्रलीनान् ।
अस्मिन् सर्गे त एवं निज निज विधिभिर्जङ्गमा:स्थावरास्यु: ॥१४७॥

महाप्रलयकालमा विलीनगरिएका प्राणीहरुको कर्मफल भोगगर्ने समय उपस्थित भएपछि तिनै ईश्वरीय मायाको इच्छाले "प्रागेकोहं बहुस्याम" (पहिले एकैथिएँ, अहिले म धेरैहोऊँ) यसप्रकार जो ईश्वरको ईच्छा छ, त्यो नै माया हो भने भैं महाप्रलयकालमा ब्रह्ममहिमामा बिलीन भएका संपूर्ण प्राणीहरुलाई यही सृष्टिमा आ–आफ्नो कर्म अनुसार चर अचर रूपमा मायाले उत्पन्न (गराउंछ) हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेषां केचिन्महीध्राः कतिचन तरवः पक्षिणः केचन स्युः ।
केचित् कीटाः पतङ्गाः कतिचन पशवः केचनस्युर्मनुष्याः ॥
विप्रक्षत्रार्यशूद्राः कतिचन वधिराः पङ्गवः केपि मूकाः॥
काणा अन्धाश्च केचित् कतिचनधनिनः केचन स्युर्दरिद्रा :॥१४८॥

तिनीहरुमध्ये केही पर्वत, कोही रुख, कीरा, चरा, पुतली, पशु, मनुष्यभए । कोही ब्राह्मण, क्षत्री, वैश्य, शूद्र भए, कोही बहिरा, लंगडा, लाटा, काना अन्धा भए र कोही धनी भएभने कोही दरिद्र भए । आ–आफ्नो भाग्य (कर्मफल) अनुसारले विभिन्न भए ।

उन्मर्दस्नानशौचीकरणसुरभिवस्त्वादिभिर्मार्जयन्तम् ।
देहं स्रक्चन्दनालंकरणरुचिरवस्त्रादिभिर्भूषयन्तम् ॥
दृष्ट्वा धिक्त्वाममेध्यं वपुरिदमसकृत् मार्जयन् यः स मूर्खः।
स्वान्तः शुद्धिर्विधेयैतिक्चनमसहन् नाः कथं स्यादमेध्यम् ॥१४९॥

बुकुवादलेर स्नानगरी, शुद्धशरीर पारी, वास्नाआउने वस्तुहरु छर्केर माला, चन्दन, गहना र राम्रा वस्तुहरुले सिंगारगरेर शरीर राम्रापारेको मानिसलाई देख्दा "तलाई धिक्कार छ भनिन्छ । यो अपवित्र शरीरलाई वारंवार मार्जनगरेर शुद्ध वनाउन खोज्ने जो हो त्यो मूर्ख हो । "आफ्नो अन्तरात्मा शुद्ध पार" भन्ने वचनलाई भने सहनगर्न नसक्ने त्यो पुरुष कसरी अपवित्र नहोला ?

बुद्ध्यादर्शे चितोऽहं प्रतिफलित इह स्थूलदेहाभिमानी ।
विश्वो जाग्रद्दशायां विष इव विषये कूर्दते दम्भयुक्तः ॥
लिङ्गोपाधिस्तु सुप्तावसुकरणमनो धीयुतो व्यापृणोति ।
प्राज्ञोऽयं निर्विकारस्वपिति च परमाज्ञानरुपः सुषुप्तौ ॥१५०॥

बुद्धिरूपी ऐनामा (छायामा), स्थूलदेहको अभिमानी चैतन्यरूपी अहङ्कार विश्वनै जाग्रत अवस्थामा विपजस्तो विषयमा घमण्डले युक्त भएर कुर्लन्छ । स्वप्नावस्थामा लिङ्ग तैजस शरीर प्राण इन्द्रिय मन बुद्धिले युक्तभई आफ्नै स्वरुपलाई ढाकेर रहन्छ । सुषुप्ति अवस्थामा प्राज्ञ (शरीर) परम अज्ञान रुपले निर्विकार भएर सुत्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दीपश्चिद्रूपमेतत् विमलहृदजिरे तत्र बुद्धिर्नटीयम् ।
जीवोऽयं सूत्रधारोखिलकरणगणा नर्तका वृत्तयोऽपि ॥
नर्तक्यस्तत्र तेषांमनवगतिरियं नाट्यशाला विशाला- ।
ऽहङ्कारो नर्तयंस्तान्सकलपरिवृढो हास्यकारी तु मोहः ॥१५१॥

यो विश्व प्रपञ्च नाट्यशाला हो । यसमा दीपक (प्रकाश गर्ने) चेतन तत्व हो । अजिर (रङ्गमञ्च) हृदय हो । वुद्धि नटी हो भने जीव सूत्रधार हो । सबै इन्द्रियहरु नर्तक (नाच्ने पुरुष) हुन् तथा इन्द्रियका वृत्तिहरु नर्तकी (नांच्ने स्त्री) हरुहुन् । उनीहरु यो नाच सदैव चलिराखेकोछ । यसमा नचाउनेवाला सर्वत परिवृढ (बढेको) अहङ्कार हो । त्यस्मा हास्यकारी (विदूषक) मोह हो ।

अज्ञानोद्दीपितोऽहं पतिरिति ममता स्त्री तयोः सङ्गमेनोत्-
पन्ना अक्षान्तितृष्णाप्रभृतिदुहितरः काममोहादिपुत्राः ॥
संसारोऽयं ह्यसत्यस्तदपि विदधतः सत्यवत्तत्र लुब्धाः ।
मायाजालेन वृत्तौतव इव खनकान् प्राणिनः खेलयन्ति ॥१५२॥

अज्ञानले बढेको अहङ्कार पति हो भने ममता स्त्री हो । यी दुवैको संसर्गबाट अक्षान्ति तृष्णा आदि छोरीहरु र काम मोह आदि छोराहरु उत्पन्न हुन्छन् । यो संसार असत्य छ तापनि मायाजालले ढाकिएको संसारलाई सत्यझैं मान्ने लोभीहरुलाई बिरालाले मुसाहरुलाई खेलाए झैं प्राणीहरुलाई खेलाउँदछन् ।

तेषां पीयूषयन्तौ विषसदृशभवं द्वाविमावेव मुख्यौ ।
देहेऽहम्भावएकोऽन्यदपि धनसुतस्त्र्यादिवर्गे ममत्वम् ॥
कामाद्या सन्तिसन्तो यदपि यदि हतौ तावुभौ तेऽस्तमीयुः ।
नष्टीभूते निमित्ते सति हि भवति नैमित्तिकस्यापि नाशः ॥१५३॥

तिनीहरुमध्ये विषजस्तो संसारलाई अमृतजस्तो बनाइदिने यी दुई मुख्यतत्व छन्, "एउटादेहमा अहंभावहुनु र अर्को धन छोरा पत्नीआदिवर्गमा ममताहुनु"। कामादि गरिएका तत्वहरु पनि छन् तर पनि यदि ती दुई नाशभएभने तीसबै कामादि नाश हुन्छन्। निमित्तकारणको नाशभएमा नैमित्तिक कार्य पनि नाशहुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राण्यन्तर्बुद्ध्युपाधि प्रतिफलितचिदाभासरुपैक सत्वो ।
जीवोऽयं तत्प्रभावात् जडमपि चलतीदम्वपुर्यत्र तत्र ॥
आदर्शादौ यथार्कप्रतिफलनवशात् ज्योतिरुत्पद्यमानम् ।
तत्संयोगप्रभावात् सरति जडमपि ध्वान्तमभ्यन्तरस्थम् ॥१५४॥

प्राणीको अर्थात् जीवको अन्त:करण रुप जो बुद्धिछ, त्यो उपाधि हो । चैतन्य बुद्धिको उपाधिले युक्तभएपछि त्यस्लाई जीवभनिन्छ । वास्तवमा बुद्धि दर्पण जस्तो हो। यस्मा शुद्धचैतन्यको प्रतिविम्ब परेपछि त्यो प्रतिविम्ब जीव हो । जस्तै सूर्यको प्रतिविम्ब दर्पणमा पर्योभने दर्पणमापनि सूर्य देखिन्छ । त्यो दर्पणको सूर्यको प्रकाश अन्यत्रपनि पर्छ र त्यो चञ्चलपनि हुन्छ । त्यसवेलामा त्यो चैतन्यको प्रतिविम्ब पर्दा यो जड देह पनि जतातते चल्छ । जसरी दर्पण आदिमा सूर्यको विम्बको प्रतिफलन हुंदा निस्केको जो ज्योति छ त्यो चञ्चल हुन्छ । त्यस्का संयोगका प्रभावले जड पदार्थ पनि चल्छ । यसरी अभ्यन्तरस्थ अर्थात् अन्त:करण स्थित ध्वान्त अर्थात् अज्ञान त्यो पनि चञ्चल हुन्छ ।

जीवो देहं प्रविष्टोस्म्यहमतिबलवान् ज्ञानवानीश्वरोहम् ।
को वान्यो मत्समोस्मिन् कतिविधमकरोम् यज्ञदानादिकर्म ॥
नाशं नीता मयैवाद्यनिखिलरिपवो नाशमेष्यन्ति शेषा ।
विस्मृत्यैवं स्वमित्थं विषयमनुभवन् संसरन्स्यादहंयुः ॥१५५॥

यही जीव देहमा प्रवेशगरी भन्दछ "म अति बलियोछु, ज्ञानी छु र समर्थशाली छु, मजस्तो अर्को कोछ र ? मैले कतिप्रकारका यज्ञदान आदि कर्मगरें, अहिले मैले सवै शत्रुहरुलाई नाश गरें, अरु वाकिं पनि नाश हुने छन्" (चैतन्यस्वरुप) यस्तो आफूलाई विर्सेर विषय (रस) को अनुभव गर्ने अहंकारी (अज्ञानी) व्यक्ति संसार (जन्ममरण) मा घुमिरहन्छ ।

विस्मृत्यात्मानमात्मानवगतिजशरीराधिरुढो हृषीकैः ।
दुर्धर्षैश्चाल्यमानो निजनिजविषयेऽनेक जन्मानि लब्ध्वा ॥
तापानाध्यात्मिकादीन् मुहुरपरिमितान् प्राप्य संसारजन्यान्
न क्वाप्यानन्दलेशस्तदपि न विषयान्दुर्भगस्त्यक्तुमिच्छेत् ॥१५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफूले आफ्नो (चैतन्य) स्वरुपलाई विर्सेर अज्ञानबाट खडाभएको शरीरमारहने दुर्घर्ष इन्द्रियहरुले चलाइएको व्यक्तिले आ आफ्नो विषय रसको भोगगर्दै अनेक जन्म प्राप्तगरेर धेरै सासारिक आधिदैविक, आधिभौतिक तथा आध्यात्मिक ३ तापलाई वारंवार पाएर पनि कतै लेश मात्रपनि आनन्द नपाउंदा पनि (त्यो) अभागी (अज्ञानी) ले विषयहरुलाई छाड्न चाहँदैन ।

सोऽयं जीवो चिदंशो दशकरणमन: पञ्चमात्राहमादि ।
स्थूलैर्मायाविकार्यैस्त्रिगुणविगुणितैर्यन्त्रितो जालपाशै: ॥
कामक्रोधादिवीतैर्विषयरसभृतैर्मूढता शून्यमार्गे ।
रुच्छेत्तुंताननीशो विलपति हि यथा पञ्जरस्थ: शुकादि: ॥१५७॥

त्यही चैतन्यको अंश यो जीवले दशइन्द्रिय सहित मन, पञ्चतन्मात्रा अहङ्कार बुद्धि चित्त आदि त्रिगुणयुक्त विकारी मायाले उनिएको, जाल पाशोमा थुनिएको, कामक्रोधादिले युक्तभएको विषय रसले भरिएर मूढताले बाटो शून्यहुंदा (जाल) उच्छेदन गर्न असमर्थ भएको जीवले पिंजरामा परेको शुकादिले जस्तै विलाप गर्दछ ।

सत्वाद्यैर्भ्राम्यमाणे सुखविरहकरै: मानसे यज्जनोऽस्मिन् ।
आसंहाराद्विसर्गप्रलयमनुभवन् विव्हलोऽशान्ततृष्ण: ॥
भुञ्जान: पूर्वकर्मप्रतिजनिविहितं ब्रह्स्वभद्रं कृतान्तम् ।
मायायन्त्राधिरुढोऽभिलपति सततं भोगमापातरम्यम् ॥१५८॥

सत्वादि तीनैगुणले घुमाइएको यस मानसिक दु:खदायी संसार- मा त्यो व्यक्तिले सृष्टिदेखि प्रलयसम्मका संपूर्ण दु:खहरुलाई अनुभवगरी विव्हल र तृष्णा शान्त नभएको हुन्छ । त्यो व्यक्तिले हरेक जन्ममागरिएको पूर्वकर्मलाई भोगगर्दै अकल्याणरुप दु:खान्त मृत्युलाई पाउंछ । मायाको यन्त्रमा चढी घुमेको त्यस व्यक्तिले सधैं आपात रमणीय भोगलाईनै इच्छा गर्छ ।

योगाच्चेतो गुणानां भवति हि परमं प्रेम यत्संसृति: सा ।
तद्विश्लेषाज्जनानां निरतिशय सुखं यद् भवेत् सैवमुक्ति: ॥
योगाभ्यासेन चित्तं हृदयकमलगे हर्निशं स्वेष्टदेवे ।
योगी संमेलयेत् चेत् गुणहृदयवियोग: स्वयं स्यात् बुधस्य ॥१५९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्त र गुणहरुको संयोगबाट जुन परम प्रेम वासना हुन्छ त्यही नै संसारको कारण हो । त्यसैको विश्लेष (छुट्याउन) बाट मानिसहरुमा जुन अति सुख हुन्छ त्यही नै निरतिशय (आत्यन्तिक) सुख मुक्ति हो । योगको अभ्यासद्वारा आफ्नो हृदयकमलमा रहेका इष्टदेवतामा रात दिन योगीले चित्त संमिलन गर्‍यो भने त्यो विद्वानको हृदयमा गुणहरुको वियोग स्वतः हुन्छ ।

संसारे दुःखसारे जनिमरणदशावर्तकेऽस्मिन्नसारे ।
लोका भुञ्जन्ति दुःखं क्वचिदपि च सुखं प्राप्नुवन्तोप्यनित्यम् ॥
नित्यं वा नास्ति चेत्स्यत् क्वमिलति मुनिभिश्चेत्थमन्वेषयद्भिः ।
तत्सुष्वापे ऽनुभूतं करणविरहिते कारणोपाधि शेषे ॥१६०।

जन्म मरणको निरन्तर आवर्तनरुप यस असार (दुःखमात्र सार भएको) संसारमा कहीं अनित्य सुख प्राप्त गरेता पनि मानिसहरुले केवल दुःख मात्र भोग गर्दछन् । त्यसो भए नित्य सुख छँदै छैन त? यदि छ भने कहा मिल्छ त? यस्तो अन्वेषण गर्दै मुनिहरुले सुषुप्ति अवस्थामा जब कि इन्द्रियहरुको सत्ता रहँदैन केवल कारणोपाधि रुप जीवमात्र शेष रहन्छ, त्यस वेलामा त्यो सुखको अनुभूति हुन्छ भन्ने कुरा पत्ता लगाए ।

तत्राज्ञातं सुषुप्तौ परमसुखमिदं ज्ञानशून्ये प्रबोधे ।
कस्माज्ज्ञायेत लोकैरहमतिसुखमस्वाप्समित्यादिरूपम् ॥
निर्वक्तुं कोप्यनीशः सुखममितमदो ऽनाद्यनिर्वाच्यभावात् ।
सूक्ष्माज्ञानैकवृत्युद्भवमननुभवं यत्सुखं तत्स्मृतिः स्यात् ॥१६१॥

सुषुप्ति अवस्थामा "सुखमहमस्वाप्स्वं न किंचिदवेदिषम्" "म सुखसित सुतें केही थाहा पाईन" यस वाक्यले त्यस बेलामा ज्ञान शून्य भएका लोकहरुले यो "सुखमहमस्वाप्स्वम्" म सुखैले सुतें यस्तो सुख कसरी थाहा पाउँदछन् त? त्यस्को निर्वचन गर्न कोही पनि समर्थ छैन । यो सुख अनन्त छ र अनादि अनिर्वचनीय पनि छ । वास्तवमा आत्माको अज्ञानरूपी अन्तःकरण वृत्तिद्वारा त्यो सुखको अनुभव हुन्छ । त्यसैले जाग्रतकालमा "सुखमहमस्वाप्सम्" यस प्रकारको स्मृत्यात्मकज्ञान (स्मृतिरूप ज्ञान) हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सौषुप्तं यत्सुखं तत् परमचिति सुखं बुद्धवद्भिर्मुनीन्द्रैः।
तत्प्राप्त्यै मार्गयद्भिः सरणिमकुटिलां शर्कराकण्टकाभैः ॥
भ्रान्त्याद्योपाधिवर्गैः परित उपहितां वीक्ष्य तन्नाशनार्थम् ।
प्राचीनैर्दर्शितं यत् सदयनमभयं मुक्तिकामैस्तदेतत् ॥१६२॥

वास्तबमा सुषुप्ति अवस्थामा जो सुखको अनुभूति हुन्छ त्यो सुख आनन्दस्वरूप आत्माकै भएकोहुनाले त्यसबेलामा परम चैतन्यस्वरुप सुखलाई जान्नेभएका मुनीन्द्रहरुले त्यस्लाई खोजगर्दै सोझोमार्गको अन्वेषणमा लाग्दा गिट्टी र काँडाजस्ता भएका भ्रान्तिआदि उपाधि समूहद्वारा चारैतिर (उपहित) युक्त भएको देखेर त्यस्को काँडाको नाशगर्नका निंति मुक्तिचाहने प्राचीन मुनिहरुले जो राम्रो अभयमार्ग देखाएका थिए त्योनै यो हो ।

कामक्रोधादिषट्केन्द्रियदशकमनोऽहंममेत्यादिसर्वम् ।
तद्वृत्तिश्चापि सर्वा उपरमित गती रात्मकारागृहेस्मिन् ॥
वन्दीकृत्याग्रपश्चात् कृतधृतिलगुडान् ज्ञानवैराग्यगोपा ।
सत्कर्मण्येव योगी गमयतु हि यथा भूपतिर्वन्दिलोकान् ॥१६३॥

काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य इत्यादि ६ शत्रुहरुलाई र १० इन्द्रियहरुलाई मन, अहङ्कार र ममकार इत्यादि संपूर्णलाई तथा चित्तका संपूर्ण वृत्तिहरुलाई पनि निरुद्ध गति पारिएर शरीरको कारागार जस्तो भएको यस देहमा यी सबैलाई बन्दी बनाएर (सर्वप्रथम) त्यसपछि हातमा लौरो लिएका ज्ञान र वैराग्यरूपीं रक्षकहरुलाई नियुक्त गरेर योगीले सत्कर्ममानै लैजान यो प्रयत्न गरोस् । जस्तै राजाले बन्दीहरुलाई सत्कर्ममा लान प्रयत्न गर्दछन् ।

आचार्येणोपदिष्टे हृदयकमलगे न्यस्यतां चित्तमिष्टे ।
वाचस्तद्वर्णनायां करयुगलमिदं मार्जने तद्गृहस्य ॥
श्रोत्रं तत्कथायां पदयुगलमिदं तच्छ्रिते पुण्यतीर्थे ।
मूर्ध्ना तत्पादपद्मद्वयनमनविधौ भूयतां सर्वकाले ॥१६४॥

गुरुले उपदेश गरिनुभएका आफ्नो हृदयकमलमा रहनुभएका इष्टदेवमा चित्त लागोस् । वोली तिनै (इष्टदेव) का वर्णन गर्नमा,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी दुईहात उनैको मन्दिर सफागर्ने कार्यमा कान उनैको सद्कथा श्रवणगर्नमा, यी दुई पाऊ उनै रहने पुण्यतीर्थ भ्रमण (गर्न)मा, शिर उनैको दुई चरण कमलमा नमस्कार प्रणाम (दण्डवत) गर्ने कार्यमा सधैं मेरा (इन्द्रियहरु) होऊन् ।

बध्वानुच्चावचप्रच्छदमृगवसनोपेन्द्रलोमासनः सन् ।
आकृष्याकृष्य यत्नात् विषयरसगतानिद्रियादीन्सवृत्तीन् ॥
चित्तस्यायम्यवृत्तीरपि गुरुगदितं देवमिष्टं स्वकीये ।
ध्यायन्हृत्पुण्डरीकेऽभ्यसतु यतिवरो जीवमेवं जीतासुः ॥१६५॥

बाघ मृगको छालामाथि ओच्छ्याइएको कंवलले छोपिएको न अग्लो न होचो आसनमा वसेर वृत्तिले सहित भई विषयरसमा लागेका इन्द्रियहरुलाई यत्नपूर्वक वारंवार खिचेर गुरुले वताउनुभए अनुसारका आफ्नो चित्तवृत्तिलाई रोकेर यस्ता प्रकारले प्राणलाई जितेर वांच्न चाहने यतिवरले आफ्नो हृदय कमलमा इष्टदेवलाई ध्यान गर्दै अभ्यास गरोस् ।

धैर्येणोपात्तबुद्धिर्विषयविरहितानिन्द्रियादीन् सवृत्तीन् ।
कृत्वा श्रद्धालुरत्यूर्जितभजनपरो निर्मलोन्तर्बहिश्च ॥
आत्मानात्माद्यभेदैः श्रुतिमनननिदिध्यासनैर्जीवमेवम् ।
छित्त्वा तज्जालपाशं तदुपहितमसुं ब्रह्महृत्स्थं नयेत ॥१६६॥

धैर्यले प्राप्तगरेको बुद्धिद्वारा वृत्तिले सहित भएका इन्द्रियहरुलाई विषयले रहित बनाएर भित्र (मनमा) बाहिर शरीरमा (व्यवहारमा) स्वच्छभएको, (भगवान्मा) प्रेम बढेर भजनगर्ने भएको, श्रद्धालु व्यक्तिले श्रवण मनन र निदिध्यासन द्वारा आत्मा अनात्मा आदिको अभेद (ज्ञान) ले यसरी त्यस जीव तत्त्वको उपाधि स्वरूपभएको जालपाशलाई छिनालेर हृदय स्थित ब्रह्मस्वरूपमा लैजाओस्।

श्रद्धायुक्तो मुमुक्षुः श्रुतिभिरभिहितात्तत्वमस्यादिवाक्यात् ।
आचार्यस्य प्रसादात् विमलतरमना ऊर्जितैकान्तभक्तिः ॥
विज्ञायैकात्मकत्वं परदृशिगतयोरात्मजीवात्मनोर्यत् ।
बाह्यव्यापारशून्यो ऽन्तरधिगतसुखो मेरुवन्निश्चलःस्यात् ॥१६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो श्रद्धाले युक्तभएको मुमुक्षु साधक छ त्यो श्रुति वेदद्वारा कहिएको तत्वमसि (त्यो ब्रह्म तिमीनै व्हौ) इत्यादि वाक्यद्वारा गुरुकोकृपाले अत्यन्त स्वच्छ मनभएको र वढेको एकान्त भक्ति भएको र वाह्यदृष्टिद्वारा अदृश्य "आवृत्तचक्षुरमृतत्वमिच्छन्" इत्यादि वाक्यद्वारा अन्तरदृष्टिद्वारानै दृश्य हुनेभएका आत्मा र जीवात्माको एकात्मकतालाई जानेर बाह्यव्यापारले शून्यभएर अन्तरमानै सुख प्राप्तगर्ने व्यक्ति सुमेरु पर्वतझैं निश्चलरहोस् ।

हेतुर्वाक्यार्थबोधं प्रतिभवति पदार्थस्य बोधो यथार्थो ।
ज्ञेयौ तत्वंपदार्थौ परतदितरयोरात्मजीवावसीति ॥
एकात्मत्वं तयोर्यत् परतदपरयोः स्यादतो यो मुमुक्षुः ।
बाल्यादारभ्यशास्त्राध्ययनमनुभवेत् बोद्धुमादौ पदार्थान् ॥१६८॥

यथार्थ पदार्थको बोध जो छ त्यो वाक्यार्थ बोध प्रति कारण हुन्छ । (वाक्यार्थज्ञानं प्रति पदार्थज्ञानं कारणम्) त्यसो हुंदा तत् र त्वं (पद) यी दुई पदार्थ जो छन् ती जो परमात्मा र जीवात्माको बोधक हुन् । तथा असि यो पदको पनि बोध गर्नुनै पर्छ । त्यसो हुँदा पर र अपरको जो एकात्मत्व छ, त्यो "असि" पदले संपन्न हुन्छ । यस निमित्तमा जो मुमुक्षु छ त्यसले सर्वप्रथम पदार्थको बोधको निमित्तमा बाल्यावस्थादेखिनै शास्त्राध्ययनको अनुभव गरोस् ।

प्रत्यक्ष्यस्त्वं परोक्ष्यस्तदिति यमनयोर्दृश्यमानं विरोधम् ।
हित्वैकात्म्यं गृहीत्वा परिमृजितमिदं लक्षितं लक्षणाभिः ॥
आत्मानं स्वं विदित्वा विषयविरहितं त्यक्तसर्वप्रपञ्चम् ।
सोऽयं धीरोऽद्वयस्यादुपरतकरणो लब्धदुष्प्रापबोधः ॥१६९॥

त्वं यो प्रत्यक्ष हो अर्थात् त्वं पदले प्रत्यगात्मालाई (जीवात्मालाई) भन्दछ । तत् यो पदले परोक्ष अर्थात् आफूले अनुभव गर्न नसकिएको (नदेखिएका) अर्थलाई भन्दछ । अर्थात् तत् पदले सर्वज्ञत्व विशिष्ट चैतन्यलाई बुझाउँछ भने त्वं पदले अल्पज्ञत्व विशिष्ट चैतन्यलाई बुझाउँछ । यसरी यी दुइटाको अल्पज्ञत्व र सर्वज्ञत्व विशिष्ट चैतन्यमा देखिने भएको विरोधलाई छाडेर अवशिष्ट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चैतन्य मात्रको एकात्मता अर्थात् अभेदलाई ग्रहण गरेर लक्षित लक्षणद्वारा यो परिमार्जन गरिएको हो । यसरी विषयले रहित भएको संपूर्ण प्रपञ्चलाई त्यागेको स्वात्मालाई जानेर प्राप्त गरेको दुष्प्राप्य (ज्ञान) बोध भएकोले त्यो (या) धीर पुरुष इन्द्रियहरु उपरतकरण भएको हुनाले शान्त इन्द्रिय व्यापार भई अद्वय नै हुन जान्छ ।

एकात्मत्वात्तयोः संभवति न जहती नाजहल्लक्षणापि ।
प्रत्यक्पारोक्षभेदात्तदिहतु घटते लक्षणाभाग पूर्वाः ॥
यद्वत्सोयं पदार्थौ जहदपरिचितं निर्णये देवदत्तम् ।
तद्वत्तत्व पदार्थौ विजहदसि पदं वेत्त्यदोपात्तदैक्यम् ॥१७०॥

"तत्वमसि" यस वाक्यमा सर्वज्ञत्व विशिष्ठ चैतन्यको र अल्पज्ञत्व विशिष्ठ चैतन्यको एकात्मत्व अर्थात् अभेद भएकोले जहल्लक्षणा हुन सक्दैन । यसैगरी अजहल्लक्षणा पनि हुन सक्दैन । तत्पदले प्रत्यगात्मालाई भन्दछ भने त्वं पदले परोक्ष आत्मालाई भन्दछ । अतः अजहल्लक्षणा पनि हुन सक्दैन । त्यसो हुनाले यहाँ भागत्याग लक्षणा (जहदजहलक्षणा) घट्दछ । जस्तै "सोऽयं देवदत्तः" मा तत्काल तद्देश विशिष्ट देवदत्त र एतत्काल एतद्देश विशिष्ट देवदत्तःमा भेद भएपनि अभिन्न भएको देवदत्तलाई लिएर निर्णय गरिन्छ । त्यसै गरी तत् र त्वं पदार्थमा भएको विरोधलाई त्याग गरेर असि पद दोष रहित हुनाले ती दुवैको एकता वताउंछ ।

अङ्गारो दीर्घकालं विमलमणिगणे स्थापितः काञ्चने वा ।
पूर्वावस्थां नगच्छेत् मृदवरपरमहोपाधिभिः कृष्णभूतः ॥
संयोगैः कैश्चनाग्नौ यदि हि परिपतेत् पूर्व रुपं स गच्छेत् ।
तद्वज्जीवोऽपि कैर्वा विधिभिरमलतां याति तत्रैव नीतः ॥१७१॥

माटो पानी आदि उपाधिले युक्तभई कालाभएको अंगार दीर्घकाल सम्म विमल मणिगणमा अथवा सुनका वीचमा राखिए पनि आफ्नो पूर्व अवस्थामा (पहेंलो गोल) अवस्थामा जांदैन । कुनै संयोगले गर्दा आगामा पऱ्यो भने त्यो आफ्नो पूर्व अवस्थामा जान्छ । त्यसरी नै जीव पनि कुनै विधिद्वारा शुद्धरुपमा प्राप्त भएपछि अमरता अर्थात् मोक्षलाई प्राप्त गर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तर्नाडी प्रवेश्यानिलमननुगमं पिङ्गलेडे तु रुध्वा- ।
कृष्यैवाधारचक्रान्नियमितपवनो ब्रह्मरन्ध्रं प्रणीय ॥
प्रत्यक्षं ज्योतिरेवं निटिल उपधमन् सूचिभेध्यान्धकारे ।
प्यावास्तव्य: पदार्थं सकलमिममसौ पश्यति ज्ञानदीप: ॥१७२॥

यो प्राणवायुलाई अन्तरनाडीमा प्रवेश गराएर इडा र पिंगला यी दुई नाडीहरुलाई रोकेर आधार चक्रबाट तानेर यसरी ब्रह्मरन्ध्रमा पुऱ्याएर त्यहाँ विद्यमान जो ज्योतिस्वरुप प्रत्यक्ष ब्रह्म छ, त्यसलाई प्रत्यक्ष गरेर सूचिभेद्य गाढ अन्धकारमा पनि ज्ञान रूपी दीपद्वारा त्यो ज्ञानीपुरुष संपूर्ण योग पदार्थलाई यथार्थ रुपमा दर्शन गर्दछ । ज्ञानदीपले संपूर्ण पदार्थलाई प्रकाशित गरिदिन्छ ।

ग्रन्थानभ्यस्य धीरोऽतिगहनविषयान् गूढभावं विदन्न
प्यार्योक्तिं नाश्रयेद्य: स तु भवविपिने बध्यते कर्मवल्या ॥
तानभ्यस्यैव हित्वा यदि गुरुशरण: श्रद्धधानोऽपि मूर्ख: ।
तद्वाक्ये विश्वसेद्य: स तु भवविपिनादुत्तरेच्छिन्नपाश: ॥१७३॥

धेरै ग्रन्थहरु पढेर अति गहन (ज्ञान) विषयको गूढभावलाई जानेर पनि जुन धीर पुरुषले गुरुवचनको आश्रय लिंदैन भने त्यो संसाररूपी जंगलमा कर्मरूपी डोरीले बाँधिन्छ । ती ग्रन्थहरुको अभ्यासलाई छाडे पनि गुरु शरणमा श्रद्धा राख्ने (व्यक्ति) मूर्ख नै भएपनि त्यसले गुरुवाक्यमा विश्वास गर्दछ भने कर्मरूपी पाशो छिंदेर संसाररूपी जंगलबाट पार हुन्छ ।

शास्त्राधीत्यौषधेन क्षयति न भवरुक् रागदुष्पथ्यवृद्धा ।
यावज्ज्ञानौषधं नार्य्यभिषगुपदिशेच्चेत्समेधानुपानम् ॥
व्याधिग्रस्तस्य जन्तोर्गदहरभवनस्यौषधज्ञानमात्रात् ।
स व्याधि: क्षीयते किं किमुतकृतिभिषग् दत्तभैषज्यदानात् ॥१७४॥

रागरूपी कुपथले वढेको संसाररूपी रोग शास्त्राध्ययनरूपी औषधिले नाश हुँदैन जवसम्म ज्ञानरूपी औषधि गुरुरूपी वैद्यले विवेकरूपी अनुपानको उपदेश गर्नुहुन्न तवसम्म संसाररूपी रोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाश हुँदैन । व्याधिले ग्रस्तभएको जन्तुको औषधालयको र औषधिको ज्ञानले मात्र रोग नाश हुन्छ र? तर ज्ञानी वैद्यले दिएको औषधि खानाले के रोग नाश हुँदैन र ? अवश्य हुन्छ ।

चिद्रूपं दृग्गृहीतं चरमचरमिदं सर्वमेवं पुराणे ।
श्रुत्वा ज्ञात्वेति तस्मात् किमपि नहि परं सोहमप्यस्म्यनन्य:॥
ज्ञात्वेति त्यक्तकर्मा स तु सुखविकल: संसृतौ बाभ्रमीति ।
द्राक्षेत्युक्तैव तस्या अनुभवति रसं किं विजिज्ञासमान: ॥१७५॥

दृष्टिगोचर हुने यो संपूर्ण चराचर जगतनै चैतन्य रूप हो भनी पुराण सुन्दा जानेर यो चैतन्य बाहेक अरु कुनै छैन, त्यो चैतन्यनै म हूँ, म बाहेक अरु कुनै कुरा छैन भनी सबै कर्मलाई छाडेर पनि अज्ञानले गर्दा संसारमा सुख न पाई वारंवार घुमीरहन्छ । जस्तै दाख (फल)को नाम लिएर मात्र त्यस्को रसको अनुभव गर्न चाहनेहरुलाई के अनुभव हुन्छ र ?

उत्सार्य्यान्यांश्चिदांशाञ्जडमुपलमृदिध्मादिभिर्निर्मितं यत् ।
दैवं संपूजयन् किं फलमुपलभते किं स विद्वान् न वाज्ञ: ॥
शंकेयं नात्र विद्वानयमिति विवुधैर्मन्यतां चित्तशुद्ध्या ।
आदावित्थं स्ववर्णाश्रमविधिरयमेवेति विज्ञाय कुर्वन् ॥१७६॥

चैतन्यअंशलाई छाडेर जडभएको ढुंगो, माटो र काठबाट निर्माण भएको देवतालाई पूजा गरेर के फल पाउँछ र ?भन्ने त्यो व्यक्ति विद्वान् हो कि मूर्ख? यस्मा कुनै शङ्का नै गर्नु हुँदैन । यो विज्ञान हो । ज्ञानीहरुले पहिले चित्त शुद्धिको लागि आफ्नो स्ववर्णाश्रम धर्म विधिपूर्वक यो यही नै हो भन्ने जानेर गर्नुपर्छ भनेका छन् ।

श्रुत्युक्तं कुर्वतोस्यातिविमनलमनस: स्वीयधर्मस्थितस्य ।
जन्तो: कुत्रापिकाले स्वयमिह सुलभा सोऽहमस्मीत्यवस्था ॥
त्यक्त्वा शास्त्रोक्तरीतिं न किमपि लभते सोऽहमस्मीति जल्पन्।
पाखण्ड:स्यात् स आढ्योस्म्यहमितिविवदन्किं दरिद्रो धनी स्यात् ।१७७।

वेदले वताए अनुसार शुद्ध मनले आफ्नो वर्णाश्रम धर्ममा रहेर धर्म कर्म गर्दै गरेको व्यक्तिलाई कुनै पनि वेला "सोऽहं" "त्यो ब्रह्म मै हुँ" भन्ने अवस्था सुलभ रुपमा उसलाई यहीं आइहाल्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर वेद शास्त्रोक्त विधि छाडेर केवल मुखले मात्र म ब्रह्म हुँ भनी जप्नेले केही पाउँदैन । त्यस्तो व्यक्ति त पाखण्डी हुन्छ । "म धनी हुँ" भनेर मुखले भन्दैमा के दरिद्री पनि धनी हुन्छ र ?

अन्तर्वैराग्ययुक्तो ऽन्तरुपरतमना अन्तरभ्यस्तयोग :।
स्त्रीपुत्रार्थाद्यसक्तोन्तरधिगततया अन्तरारामचित्त:॥
बाह्यव्यापारशून्यो व्यवहृतिकुशलो मानसे तीर्थराजे ।
नि:स्नातो लोकदृष्ट्या जडवदिह चरन्नीदृश: को ऽपि धन्य:॥१७८॥

भित्र मनैदेखि वैराग्यभएको, हृदयभित्र रमाउने मनभएको, हृदयमित्र रहने योगको अभ्यासगरेको आफ्नो भित्रीरूप वुझेर पत्नी, पुत्र, धन आदिमा आसक्तनभएको, भित्री चित्त आराम भएको, बाहिरी (चित्तको) व्यापार शून्यभएको व्यवहारमा कुशलभएको मानस तीर्थराजमा स्नान गरेको व्यक्ति लोक व्यवहार)को दृष्टिमा मूर्खले जस्तो गरी हिंड्ने भएको यस्तो कुनै पनि व्यक्ति छभने (त्यो) व्यक्ति धन्य हो ।

कश्चित् योगाधिरुढ: क्वचिदपि विपिने ध्येयदत्तैकचित्त: ।
तत्कुट्यां लुब्धकानुद्रुतहरिणशिशु यत्र कुत्रापि लीन : ॥
तं स व्याधोनुयात: क्व गत इति वदन् मौनिनं हन्तुमुत्को ।
दण्डाघातैरनीश: कृतहरिशरणं रक्षितं तत्कराग्रै: ॥१७९॥

कुनै योगारुढ व्यक्ति कतै वनमा ध्यान गरिने वस्तुमा एक चित्त लगाएर कुटीमा ध्यान गरिरहँदा त्यहाँ व्याधाले लखेटिएको मृगको वच्चा आई कतैतिर लुक्यो । व्याधा पछि लाग्दै आएर त्यहाँ ती मुनिलाई "त्यो मृगको वच्चा कता गयो?" भन्दै हरिको शरण लिएका, हरिको हातले रक्षा गरिएका ती मुनिलाई लठ्ठीले हिर्काएर मार्न तयार हुंदा त्यो व्याधा असमर्थ भयो ।

पश्चान्नश्यत्समाधिर्मृगयुहननतो जातमाकर्ण्य शव्दम् ।
कोऽयं मां हन्तुमुत्को हमपि जडमते त्वां हनिष्यामि पश्य ॥
इत्युक्त्वैवात्तदण्ड: प्रसममभिमुखो ऽताडयज्जातरोष:।
साहंकारोऽशरण्योऽयमिति हरिरगात् दु:खितो भूत्तपस्वी ॥१८०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि व्याधाको हिर्क्याईबाट उत्पन्न भएको शब्द सुनेपछि समाधि नष्टभएको त्यो तपस्वीले को हो त्यो मलाई हान्न तत्पर हुने? हे मूर्ख! म पनि तँलाई हिर्काउँछु हेर्" यति भन्दै हातमा दण्ड लिएर त्यस तपस्वीले सहसा सामुन्ने भएर रिसले जागेर त्यसै व्याधालाई हिर्कायो । यस्तो दृश्य देखेपछि "यो शरण दिन लायक नभएको र अहङ्कारले युक्तभएको व्यक्ति रहेछ " भन्ने ठानेर हरि भगवान् त्यहाँबाट जानुभयो, अनित त्यो तपस्वी दुःखित भयो ।

ज्ञात्वा दैवानुकम्पां शरणमुपगतेष्वीदृशी साधकेषु ।
त्यक्त्वाभीतिं परस्माच्छरणमिममुपव्रज्य देवं सुपर्णम् ॥
ध्यायन्तः श्रद्दधाना गुरुभिरभिहितं सत्पथं न त्यजन्तः ।
सद्वस्त्वन्वेषयध्वं भवगहनवनात् निर्गमोपाय एषः ॥१८१॥

भगवान्को शरणमाजाने साधकहरुमा यस प्रकारसंग दैवको अनुकम्पाहुने कुरा जानेर अरुबाटहुने डरलाई छाडी उनै गरुडध्वज भगवान्को शरणमा गएर श्रद्धापूर्वक ध्यानगर्दै गुरुले वताएको सन्मार्ग न छाड्ने साधकहरुले सद्वस्तु ब्रह्मलाई खोजून् । यही मार्गनै संसाररूपी घनाजङ्गलबाट निस्कने उपाय (मुक्तिको मार्ग) हो।

संसारारण्यमेतत् सुकृतपरशुनोच्छिद्यनिर्माय धैर्य- ।
क्षेत्रं विज्ञान वैराग्य वृषलयुगलं योजयंश्चित्तसीरः ॥
कर्षञ्छ्रद्धाम्बु नीत्वा निजतनुजमलं विक्षिपन्भक्तिबीजा ।
न्युप्त्वा सद्बोधधान्यं स च बहुफलयन् क्रीतवान्सन्मणिं तैः॥१८२॥

यो संसार जङ्गल जस्तै हो । पुण्यरूपी वञ्चरोले जङ्गल छिमल्दै (फाड्दै) धैर्यरूपी खेत निर्माण गरेर ज्ञान र वैराग्य रूपी जोडी (हलगोरु) नारेर चित्तरूपी हलोले जोत्दै श्रद्धारूपी पानी लगाएर आफ्नो शरीरका पापरूपी मल फ्याक्दै भक्तिरूपी वीउ रोपेर सद्ज्ञानरूपी धेरै धान फलाएर त्यही धान वेचेर त्यसैद्वारा त्यो साधकले सन्मणि (मोक्षपदवी) किन्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्याधः कश्चित् द्विजोऽपि प्रतिदिनमटविं संप्रविश्यैणकादीन् ।
वन्याञ्जन्तुन्निपाद्य स्वजनपरिकरानात्मजादीन् बिभर्ति ॥
इत्थं स त्वेकदा तु क्वचिदपि कतमं नाप्नुवन्नन्यजन्तुन् ।
दृष्ट्वैकं नातिदूरे कमपिमुनिजनं तत्समीपं जगाम ॥१८३॥

कुनै बाहुन् पनि व्याधा बनी प्रतिदिन जङ्गलमापसेर मृग आदि वन्यजन्तुहरुलाई मारेरल्याई छोराआदि आफ्ना परिवारहरुलाई पालन पोषण गर्दथ्यो । यस्ता प्रकारले रहँदा एक दिन कतैपनि कुनै पनि वन्यजन्तुलाई त्यसले पाएन तर नजिकै एउटा कुनै मुनि महात्मालाई देखेर त्यो व्याधा उनको नजिक गयो ।

कस्त्वं किं तद्विधेयं यदिह विनिवसन् किं करोषीति पृष्टः ।
सोप्याहाखेटमिच्छन्निह समुषितवानाउषित्वा कथं स्यात् ।
आखेटं कस्यधिक्त्वां नरहरिममरं चिन्तयन् हृत्प्रदेशे ।
नित्यं तत्प्राप्तुकामोऽहमिह वरवने तप्यमानो वसामि ॥१८४॥

तपाईं को हुनुहुन्छ ? गर्नुपर्ने कुरो त्यो के हो ? तपाई यहाँ बसेर के गर्नु हुन्छ ? यस्तो प्रश्न सोधिएका ती- मुनिले भने "म यहाँ बिहानदेखि अहिलेसम्म शिकारको इच्छा गर्दै बसेको छु " त्यो कसरी हुन्छ ? शिकार कस्को गर्छौ ? तिमीलाई धिक्कार छ । म त हेर! नृसिंह देवतालाई आफ्नो हृदयमा चिन्तन गर्दै सधैं उनैलाई प्राप्तिको कामना गर्दै यही राम्रो वनमा तपस्या गर्दै बसेको छु ।

तं लव्ध्वा यासि यामीति मुनिसमुदितं कर्णयित्वा स लुब्धः ।
तं दत्वा यापयामीति मनसि विमृशन्मार्गणे तत्परःसन् ॥
कीदृक्किं लक्षणस्ते नरहरिरिति मे ब्रूहि सर्वं यथार्थम् ।
स व्याधेनेति पृष्टो मुनिरपि सकलं चिन्हमस्मै जगाद ॥१८५॥

ती देवतारूपी शिकारलाई पाएपछि "तिमी पनि जान्छौ (मुक्ति हुन्छौ) म पनि जान्छु (मोक्ष हुन्छु)" । यस्तो ती मुनिले भनेकोसुनेर त्यो व्याधाले "त्यो शिकार परिवारहरुलाई दिनेछु" यस्तो मनमा बिचारगर्दै ती देवतालाई खोज्नकालागि तत्पर भएको त्यसले "ती नरहरि कता छन् ? कस्ता छन् ? उनको कस्तो लक्षण छ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै यथार्थ कुरा मलाई भन्नुहोस्" भनी त्यो व्याधाले यस्तो सोद्धा ती मुनिले पनि सबै चिन्ह त्यसलाई भन्नुभयो ।

ज्ञात्वा चिन्हं सलुब्धो मुनिकथितमिमं किल्विषघ्नं नृसिंहं ।
चित्तीकृत्यैव रात्रिन्दिवसमनशनोऽन्वेषमाणोप्यलब्ध्वा ॥
सप्ताहेऽपि व्यतीते स च गलितमना व्याकुलोऽसून्जिहासुः ।
कष्टं मत्वैकवारं मुनिरपि विपिने मार्गमाणो न लेभे ॥१८६॥

मुनिले वताए बमोजिम ती पापहर्ने श्रीनृसिंहको चिन्हलाई जानेर त्यो व्याधाले श्रीनृसिंहलाई मनलेसम्झेर रातदिन नखाइकन खोजी गर्दापनि नपाउँदा र सातदिन वितिसक्दापनि नदेख्दा मन मरिसकेको उसले व्याकुलभएर प्राण त्यागनलाग्दा कठिन अनुभव हुँदा एकपटक फेरि जङ्गलमा खोज्दापनि फेला पारेन ।

कर्मै तद्दुष्करं धिग्धिगिति पुनरपि प्राणहानौ प्रवृत्तो ।
विभ्यत्प्राणान्विहातुं पुनरपि सविधेऽन्वेषयन्तार्णगुच्छे ॥
प्राप्याङ्गुष्ठप्रमाणं नृहरिमघहरं त्वत्कृतेऽहं मुमूर्षु-
रित्युक्तोद्बध्यकण्ठे विपिनलतिकया दर्शयामास तस्मै ॥१८७॥

धिक्कार हो, यो भगवानलाई प्राप्तगर्ने कर्म अति कठिनरहेछ, यस्तो भन्दै फेरिपनि प्राणत्यागन प्रवृत्तहुँदा पनि प्राणत्यागन डराएको त्यस्ले विधिपूर्वक खोजीगर्दै जांदा आँकको झाँगमा अङ्गुष्ठ प्रमाणको पापनाशक श्रीनृसिंहलाई पाएर "तपाईको निमित्त म मर्नलागेको" भन्दै वनको लहराले घाँटीमा बाँधेर लगी ती मुनिलाई देखायो ।

तेऽन्वेष्यो ऽयं नवान्यः कतम इति मुनिर्दर्शितं लुब्धकेने- ।
क्षित्वा साक्षान्नृसिंहं निजहृदिनिहितं विस्मितः प्राहचैतत् ॥
नत्वं मे सप्तवर्षावधिदृशिपथगस्तस्य सप्ताहमात्रे ।
कोऽयन्ते पक्षपातः स इति च विलपन्तत्पुरताद् रुरोद ॥१८८॥

ब्याधाले मुनिलाई भन्यो "हे मुनि! तपाईले खोजेको यही हो वा अर्कै छ?" भनी व्याधाले मुनिलाई देखाइएको आफ्नै हृदयमा रहने साक्षात् श्रीनृसिंहलाई देखेर आश्चर्य मानी ती मुनिले श्रीनृसिंह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान्संग भने "हे प्रभो! मेरा निमित्त सातवर्ष सम्ममापनि दृष्टिपथमा आउनुभएन त्यस व्याधालाई भने ७ दिन मात्रमा दर्शनदिनुभयो । हजूरको यो कस्तो पक्षपात ! ती मुनिले यस्तो विलापगर्दै तिनै भगवान्को अगाडि रोए ।

साश्रुन्तं प्राहदेवोऽस्यमननसदृशं नैव ते स्यात्तपस्विन्-
नित्युक्त्वान्तर्दधेऽजो मृगयुरपि तदा स्याच्चतुर्बाहुयुक्तः ॥
केयूरी पीतवासा मणिगणखचितेऽगाद् विमाने निविष्टो ।
वैकुण्ठं सोऽपि साधुर्दृढमननपरोऽनन्यचित्तस्तदादि ॥१८९॥

आंसुले आँखाभरिएको तपस्वीलाई भगवान्ले भन्नुभयो "हे तपस्वी! यो व्याधाको मननजस्तो तिम्रो मननभएन " भनि भगवान् अन्तर्ध्यान हुनुभयो । व्याधापनि "चारबाहुले युक्तभयो" र पीताम्बर, केयूर धारणगरी मणिगणहरुले युक्तभएको बिमानमा बसेर वैकुण्ठ गयो । साधु पनि त्यसदिन देखि दृढ मनन गर्ने अनन्य चित्तका भए ।

यस्यां कस्यां च सिद्धौ प्रभवति परमं कारणं चित्तवृत्तिः ।
वाणिज्ये वा कृषौ वा तपसि च भजने निग्रहे चेन्द्रियादेः ॥
योगाभ्यासे व्रतादौ व्यवहृतिकरणे प्रीतिकार्यादिके वा ।
यः कोप्येकाग्रचित्तो भवति यदि जनः सिद्धकार्य स एव ॥१९०॥

जुनसुकै कार्यमा पनि सिद्धि पाउनको निमित्त चित्तवृत्तिनै मुख्यकारण हो । व्यापारमा, कृषिमा, तपस्यामा, भजनमा, इन्द्रिय आदिको निग्रहगर्नमा, योगाभ्यासमा, व्रतआदिमा, व्यवहारमा वा कुनैपनि प्रीतिकार्यगर्दा यदि जो कोही व्यक्तिपनि एकाग्र चित्त हुन्छभने त्यही व्यक्ति सिद्धकार्य (कार्यलाई सिद्ध गर्नसक्ने) हुन्छ।

मनो हि भक्तानपि लोभगर्ते ।
विहाय सर्वान्विषयन्निरीहान् ॥
निपातयत्येव तथापि धीरा ।
भवन्ति राज्ञः स्मरणान्नृगस्य ॥१९१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संपूर्ण विषयहरुको त्यागगरेर इच्छारहित भएका भक्तहरुलाई मनले खाडलमा खसाली दिन्छ, तथापि धीरहरु नृगराजाको स्मरणले धैर्यधारण गर्दछन् ।

मनस्तु राजा सचिवोथ लोभः ।
सेना हृषीकाणि कृपाण्यसूया ॥
संसारराज्यं विजिगीषुमेते ।
सुयोगिनं पातयितुं यतन्ते ॥१९२॥

मन राजाहो । मन्त्री लोभहो । इन्द्रियहरु सेनाहुन् । परदोष दृष्टि तरवार हो । संसाररूपी राज्यलाई जित्न चाहने सुयोगीजनहरुलाई पतन गराउनको निमित्त यिनीहरु प्रयत्न गरिरहन्छन् ।

यदीय युक्त्या दृढमस्ति राज्यम् ।
राजापि नूनं यमनुप्रयाति ॥
यद्बुद्धिमाश्रित्य बलन्ति सेना ।
एवं प्रभावः सचिवोऽस्ति राज्ये ॥१९३॥

जस्को युक्तिले राज्य दृढहुन्छ, राजापनि निश्चयनै त्यसैको पछि लाग्दछन् । जस्को बुद्धिलाई आश्रयलिएर सेना पनि बलिया हुन्छन् । यसरी राज्यमा मन्त्री (लोभ) नै मुख्य प्रभावशाली हुन्छ ।

एवं विधं लोभममात्यरूपम् ।
सेनायुतं संसृतिराज्यमध्ये ॥
सन्तोषशाणैरवलीढधारम् ।
ज्ञानासिमादाय बुधो लुनीयात् ॥१९४॥

यस्तो प्रकारको सेनाले सहितभएको संसाररूपी राज्यका वीचमा स्थित लोभरूपी मन्त्रीलाई विद्वान ज्ञानीले सन्तोषरूपी सानले तिखारिएको ज्ञानरूपी तरवार लिएर छिमलोस् ।

राज्यं हि वृक्षः सचिवोऽस्य मूलम् ।
सेनास्तु शाखा फलभुक्क्षितीशः ॥
मूलं तमुत्खातयितुं यतेत ।
मूलस्य नाशे सति सर्वनाशः ॥१९५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनरूपी राजाको संसाररूपी वृक्ष राज्य हो । मन्त्रीरूपी लोभ फेद मूल हो । सेनारूपी इन्द्रियहरु शाखा हुन् । फल खाने राजा मन हो । त्यसैले त्यो मूल लोभलाई उखेल्नको निमित्त प्रयत्न गर्नुपर्दछ । मूलको (लोभको) नाशभएमा सबै दोषहरु नाशहुन्छन् ।

आरभ्याधानतोन्तावधि हि समुदितं कर्म यद्यद् विधेयम् ।
सर्वं श्रौतादिवाक्यैस्तदिह तु परमब्रह्मलब्ध्यङ्गमेतत् ॥
तस्मात् कुर्वन् स्ववर्णाश्रमविधिमजहद्यः पुमानादितश्चेत्।
तस्यैवं चित्तशुद्धिर्भवति परपदप्राप्तिहेतुर्जनस्य ॥१९६॥

(अग्नी) आधान देखि लिएर अन्त्यसम्मका जुन जुन कर्महरु गर्नुपर्ने भनी श्रौतादि वेदवाक्यहरुले वताएका छन् , ती सबै त्यही परब्रह्म प्राप्तिका अङ्ग हुन् । त्यसैले आफ्नो वर्णधर्माश्रम विधिलाई नछाडिकन व्यक्तिले यदि शुरुदेखि (स्वकर्म) गर्दछ भने परमपद (मोक्ष) प्राप्तिमा मुख्य हुनुपर्ने चित्तशुद्धि त्यही व्यक्तिको नै हुन्छ ।

व्यापृण्वन्तं सुखायाशिवतनुरथमारुह्य कामं चरन्तम् ।
जीवं संसृत्यटव्यामनियतकरणोन्मत्तवाहैरुदूढम् ॥
निः शिक्षः स्वान्तसूतो विपथमुपगतान्नेन्द्रियाश्वान्प्रवीणः ।
संयन्तुं मोहगर्ते विषयविषमये पातयेज्जीवमीशम् ॥१९७॥

अशुद्ध शरीररूपी रथमा चढेर स्वेच्छाले विचरण गर्ने भएको संसाररूपी जङ्गलका मार्गमा नरोकिएका इन्द्रियरूपी उन्मत्त घोडाले वोकिएको रथमा चढेका जीवात्मारूपी ईशलाई (स्वामीलाई) शिक्षा रहित भएको अन्तःकरण (मनरूपी) सारथिले विषयमा गएका इन्द्रियरूपी घोडालाई नियन्त्रणगर्न नसकेर विषयरूपी विषयका मोहरूपी खाडलमा खसाली दिन्छ ।

आत्मस्वैकात्म्यमिच्छन् परिमृजितवपुः स्यन्दनान्तर्निविष्टो ।
दान्तः स्वान्तैकसूतो नियमितकरणार्वद्भिराकृष्यमाणः ॥
सद्गुर्वाख्यातरीतिप्रमिलदपुनरावर्त्यजिह्माध्वसेवी ।
ध्वस्ताज्ञानाद्युपाधिर्गतविषयरसः प्राप्नुयाज्जीव ऐक्यम् ॥१९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मामा एकात्मता चाहनेवाला (शुद्ध) शरीररूपी रथका भित्र बसेको इन्द्रियलाई दमन गरेको, मनरूपी सारथि भएको, नियमित गरिएका इन्द्रियरूपी घोडाहरुले खिचिने भएको, सद्गुरुनामक डुङ्गाले तर्ने भएको (जीवले) पुनरावृत्तिले रहित भएको सोझो मार्गलाई सेवनगर्ने भएको अज्ञानरूपी उपाधी नाशभएको, विगत विषयरस भएको जीवले ऐक्य प्राप्त गर्दछ । मोक्ष पद पाउंछ ।

दृष्ट्वा निर्माणमेतन्ममपरमपदप्राप्तिकामो जनोऽयम् ।
शास्त्राण्यन्यान्यपश्यन्नपि परमपदप्राप्तये स्यात् समर्थः ॥
न्यक्कृत्यान्यत्प्रतिष्ठां सदसिबहुतरां प्राप्य यो वै धनाढ्यान् ।
कुर्वन्स्वाभीष्टदातृन् व्यवहृतिनिपुणोऽन्यानि शास्त्राणि पश्येत् ॥१९९॥

यो मेरो निर्माण (पुस्तक) हेरेर (पढेर) परमपद प्राप्तिगर्न चाहने कुनै पनि ब्यक्तिले अरु शास्त्रहरु नहेरेर (नपढेर) पनि परमपद प्राप्ति गर्न समर्थ हुन्छ । जो (व्यक्ति) धनाढ्यहरुलाई प्राप्त गरी सभामा अरुको ठूलो प्रतिष्ठालाई तिरस्कार (अपमान) गरेर आफूलाई अभीष्ट दिने (कर्महरु) गर्दै व्यवहारमा निपुण छ त्यसले अरु शास्त्रहरु पनि हेरोस् ।

संसाराब्धावपारे परमतरिरियं निर्मिता तर्तुकामा
आरुढा यत्र जाड्यानिलहतिविरहात्पारमुत्तीर्य यान्ति ॥
मन्निर्माणे सुधीभिर्ममकरपुटितं वीक्ष्य यद्वैमनस्यम् ।
त्याज्यं बालस्य कृत्यं सदसदपि जना वीक्ष्य हृष्टा भवन्ति॥२००॥

अपार संसार सागरतर्न चाहनेहरुकालागि यो महान् ज्ञान डुङ्गा बनाइएको छ । जस्मा अज्ञान रूपी हावाले नहान्ने हुनाले यसमा चढ्नेहरु संसार सागर पारतरेर जान्छन् । मेरो यस निर्माण पुस्तकमा वैमनस्य (यदि मननपर्ने) कुरा छभने त्यसलाई मेरो अञ्जलिपुट प्रार्थना हेरी विद्वानहरुद्वारा त्याग गरियोस् । जसरी बालकले गरेको राम्रो वा नराम्रो पनि काम देखेर मानिसहरु बालभाव संझी खुशी नै हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वेच्छाकारी पुरोधा धरणिसुरवरश्चित्तशुद्ध्यै प्रयाग- दत्ताख्यो
सज्जनानामपि विरचितवान् प्राकृतानां हिताय ॥
शिक्षारत्नाख्यमेतत् पठनशरणया प्रज्ञया देवमिष्टम् ।
ध्यात्वा पादेऽर्पयिष्ये कृतमपि यदघं नाशयत्विष्टदेवः॥२०१॥

स्वतन्त्र रूपमा कामगर्ने ब्राह्मण पुरोहित श्री प्रयागदत्त (पण्डित) नाम गरेको व्यक्ति मैले पढेर जो ज्ञान प्राप्त गरेको थिएं त्यस अनुसार सज्जनहरुको चित्त शुद्धीको लागि र साधारण व्यक्तिहरुको हितकोलागि पनि (उपयुक्त) हुने गरी यो शिक्षारत्नम् नामक पुस्तक रचनागरें । अनुपयुक्त नै भएपनि श्रीइष्टदेवले त्यसलाई क्षमा गरुन् । यति भन्दै श्रीइष्टदेवको ध्यान गरेर उनै श्रीइष्टदेवका पाउमा यो पुस्तकरूपी पुष्परत्न अर्पण गर्दछु ।

इति श्रीनानावेदान्तशास्त्राशयोद्धृतम् शिक्षारत्नम्
द्विशतश्लोकोपनामकम् पुरोहित पण्डित
प्रयागदत्तशर्मणा विरचितम् ।
शुभमस्तु । श्रीरस्तु ।

ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ

******

Φ

Jayatu Sanskritam, Kathmandu, Nepal

ह्रि०९ ३५

[illegible]श्रीकेशव: ॥ (श्रिरपधगता [illegible] ॐ ह्रीं याभ्यान्तु धः रौं ॐ संपनं मो हगनें विक मंश्किमदे नायेंजी विश्वाहम्॥

(न्नारमपेनम्ल दन्नाललपा प्रत्तपादे श्रिमिं पात्वापदे पोविघ्ने कनमविपदं नाम्वापन्ति प्रदेकः॥ २० ९॥ ६

निष्ठीनाना देवान धास्त्रा शापो ह्रीं श्रिस्ता (नें ह्रिशतः ॐ पनामकं ह्रीं [illegible] न्नगदमकम्प्रं (लिबिर

[illegible]॥ ॥ [illegible]॥ ॥ [illegible]॥ ॥ ॐ ह्रीं पाभ्यान्त्रधीः ॥ संपनं मोहगनें ४ २ ॥ ॥ ॥ ॥ ॥

नामे ह्रौं मो हगनें

[illegible] पृथ्वनं प्रतापा [illegible] ह्रिं ॐ तत्तु (पमा [illegible] तस्य काम चा नन्तं समार प्राप मार्गे नृपान कलो न्म नवाहे

शं ह्रंपं ॐ: शिक्ष: सर्वानिमूतीदि [illegible] कामानि [illegible] शुभिमपक्षिमप्ये पानये

नीलमेघं॥ [illegible] स्पविद्ध [illegible] भितन पु: स्पन [illegible] नानिदि [illegible] नस्वा ने [illegible] नियमितन

[illegible] ॥ [illegible] नीति [illegible] न सा [illegible] ज्ञान [illegible] ताविषपाद: राम

[illegible] प्रभुपा [illegible] जीव हे स्वम्॥ र

२८

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लेखकको हस्तलिपिको नमूना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(अनुवादक)

नाम	:	शेखरप्रसाद पण्डित
जन्म	:	२०१० ज्येष्ठ (कृष्णद्वादशी) २६ गते सोमबार
पिता	:	विष्णुप्रसाद पण्डित, माता लक्षिमा पण्डित
जन्मस्थान	:	ग.अ. तनहुँ, तनहुँसूर गा.वि.स. वडा नं.-१
धर्म	:	वैदिक- सनातन (हिन्दू)
शिक्षा	:	इतिहासपुराणाचार्य (संस्कृत) धर्मशास्त्राचार्य (संस्कृत), एम. ए. (नेपाली), वि.ए. राजनीतिशास्त्र (अंग्रेजी) विद्यावारिधि- अध्ययनरत
भाषा	:	नेपाली, संस्कृत, हिन्दी, अंग्रेजी (साधारण)
सेवा	:	गुठी संस्थान (२०३१-२०३३) राजप्रासाद- २०३४ देखि
अनुभव	:	भागवत कथा (प्रवचन), कर्मकाण्ड,
कृति	:	पत्रिकाहरुमा लेख प्रकाशन, शिक्षारत्न (अनुवाद) अप्रकाशित- सुदामा, (खण्डकाव्य) प्रार्थना- (कविता संग्रह) शिवमहिम्नस्तोत्रम् (छायानुवाद) दुर्लभपूजापद्धति (संग्रह)
रुची	:	सत्संग, आध्यात्मिक प्रवचन
धारणा	:	इमान्दारी पूर्वक स्वधर्म पालन गर्दै सर्वप्राणिहितार्थ (परोपकार) सेवाधर्म गर्ने व्यक्तिलाई परमेश्वरले सदा कल्याण गर्नुहुन्छ ।
तालिम	:	कर्मकाण्ड, (साधारण र माध्यमिक)- श्री ५ महेन्द्र प्रकृतिसंरक्षण कोष (२०४५)
गोष्ठी	:	अनुसन्धान गोष्ठी, म.सं. विश्वविद्यालय (२०५३)

Jayatu Sanskritam, Kathmandu, Nepal